# देशप्रेम

जनपक्षीय विचारप्रधान साप्ताहिक

DESHPREM National Weekly

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २७ अंक २७ २०८२ कार्तिक १६ गते आइतबार (Nov. 2, 2025 ) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।


## सबै समस्याको एउटै समाधान प्रतिनिधिसभाको पुनर्स्थापना

# प्रधानमन्त्रि कार्कीको राजीनामा आउनसक्ने

काठमाडौं । संसद बाहिबाट प्रधानमन्त्रि नियुक्तगरी त्यसरी नियुक्त प्रधानमन्त्रिको एकल सिफारिसमा प्रतिनिधिसभा विघटनगर्नुको कारणबारे सर्वोच्च अदालतले गत १२ गतेको मितिले सातदिनभित्र सरकारसँग लिखित जवाफ माग गरेको छ । जसलेगर्दा आगामी १९ गतेभित्र सरकारी जवाफ पेश हुनेछभने कार्तिकभरिमा फैसला हुनसक्ने अपेक्षा गरिएको छ । बर्तमान सरकार, गत भदौमा आन्दोलन गरेको भनिएका बिभिन्न समूहहरु र बिघटित संसदका अधिकांश दलहरुले ०७२ को संविधान बचाउने सहमति गरेका कारण फेरी बिघटित संसद पुनर्स्थापना गरेर अगाडि बढ्नुको अर्को बिकल्प नरहेको बताउन थालिएको छ । संसद पुनर्स्थापना गरेर ०७२ को संविधानमा तेश्रो संशोधनगरी नयाँ निर्वाचन गराएर अगाडि बढ्ने कुराहरु पनि आएका छन् । संघीयता सहितको ०७२ को संविधानलाई जोगाउन चाहाने अमेरिकी



लबि बलियो बन्दैगएको र उक्त संविधान परिवर्तन गराउन चाहाने भारतीय लबि कमजोर बन्दैगएका कारण भदौ २७ गतेको परिवर्तन काँचो पल्टिने अवस्था सिर्जना भएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । कतिपयले संसद पुनर्स्थापना हुने संभावना बढेमा कार्तिक भित्रैमा प्रधानमन्त्रि सुशीला कार्कीले पदबाट राजीनामा दिनुहुने र संसद पुनर्थापना नहुने अवस्था सिर्जना भएमा नेकां र एमालेलगायतका दलहरु निर्वाचनमा होमिने ब्याख्या र बिश्लेषण गरेका छन् । सर्बोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत नेतृत्वको संवैधानिक इजलासमा गत १२ गते भएको प्रारम्भिक सुनुवाइपछि अन्तरिम आदेश आवश्यक नदेखिएको ठहरगर्दै रिटको विस्तृत सुनुवाइका लागि प्रक्रिया अघिबढाउने आदेश भएको थियो । रिट निवेदक अधिवक्ता डा. प्रेमराज सिलवालले प्रतिनिधिसभा विघटन असवैधानिक भएको दाबीगर्दै अन्तरिम आदेश माग गर्नुभएको थियो । तर इजलासले प्रतिनिधिसभा विघटनको संवैधानिक वैधतालगायतका विषयमा विस्तृत कारणसहितको छलफल आवश्यक भएकोगर्दै तत्काल अन्तरिम आदेश जारीनगर्ने आदेशगरेको बताइएको थियो । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, न्यायाधीशहरु सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुँयाल र डा मनोजकुमार शर्माको संवैधानिक इजलासमा सुनुवाइ भएको थियो । सर्वोच्च अदालतको एनेक्स भवनको संवैधानिक इजलासमा भएको सुनुवाइमा **बाँकी ८ पेजमा**

## नेपालका बाँकी उद्योग पनि धरासायी हुँदै

काठमाडौं । नेपालको उद्योग/व्यवसाय धरासायी हुँदैगएको सर्बत्र चर्चा भैरहेकैबेला पूर्वअर्थमन्त्री फोरमले आमनागरिक र व्यवसायीलाई विचलित नभई आर्थिकलगायतका नियमित क्रियाकलापहरु सञ्चालनगर्न आह्वान गरेको छ । अर्थमन्त्री रामेश्वर खनाल उपस्थित रहेको सो फोरमको बैठकले गत भदौ २३ र २४ गते भएको बिध्वंश आपराधिक मानसिकता भएका अराजक समूहबाट गरिएको ठहरगर्दै सो घटनामा तोडफोड, लुटपाट एवं आगजनीबाट आमनागरिक र व्यवसायी जगतमा ठूलो आर्थिक क्षतिबाट परेको मनोबैज्ञानिक प्रभावबाट विचलित नभई आर्थिकलगायतका नियमित क्रियाकलाप सञ्चालनगर्न आह्वान गरेको फोरमका सदस्यसचिव विमल केडियाले जानकारी दिनुभएको छ । उहाँले सो घटनाबाट आमनागरिक, व्यावसायिक जगत्को मनोबल तथा आर्थिक क्रियाकलाप कमजोर हुननदिन सरकारले सुरक्षा, राहत तथा सहुलियतजस्ता प्रयासलाई थप अघिबढाउन आह्वान गर्दछौं भन्नुभएको छ । बैठकले कर **बाँकी ८ पेजमा**

## झण्डाको दुरुपयोग गरिएकोमा आपत्ति

काठमाडौं । गत भदौ २३ र २४ को बिध्वंश र त्यसपछिका कतिपय अबाञ्छित र अप्रिय घटनामा संलग्नहरुले नेपालको राष्ट्रिय झण्डाको ब्यापक दुरुपयोग गरेकोभन्दै बिरोध शुरुभएको छ । पूर्वमन्त्रीहरु ज्वालाकुमारी शाह, भगवती न्यौपाने, पूर्वराज्यमन्त्री विमला विक र राष्ट्रियसभाका सांसद भैरवसुन्दर श्रेष्ठ, एमालेका नेताहरु पार्वती रावल, पार्वती विशंखे, अइन्द्रसुन्दर नेम्वाङ, सूर्य ढकाल, हरि राजवंशी, अफिलाल ओखडा, गोविन्द थापा र लेखक तथा विश्लेषक प्राडा योगेन्द्र गुरुङ, डा पदम खतिवडा र सौरमराज तुलाधरलगायतले हालै एक संयुक्त अपिल जारीगरी चन्द्रसूर्य अंकित नेपालको राष्ट्रिय झण्डाको दुरुपयोग नगर्न आग्रह गर्नुभएको छ । **बाँकी ८ पेजमा**

## जसरी पनि बिध्वंश मच्चाउनेहरु पक्राउपर्ने

काठमाडौं । जसरीपनि गत भदौ २३ र २४ गते बिध्वंश मच्चाउनेहरु पक्राउपर्ने अवस्था सिर्जना भएको छ । बर्तमान सरकारले उक्त बिध्वंशमा संलग्नहरुका बारेमा छानविनगर्न हालसम्म अलग्गै कुनैपनि समिति तथा आयोग बनाएपनि कतिपय ब्यक्तिहरु पक्राउपर्नेक्रम जारी छ । उक्त प्रदर्शनकाक्रममा सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानमा भएको क्षतिको मूल्यांकनगर्न तथा पुनःनिर्माण योजना तयारगर्नका लागि अध्ययनगर्न ४४ जिल्लामा ३८ वटा टोली परिचालन गरिएका छन् । राष्ट्रिय योजना आयोगका सहायक प्रवक्ता डा दिवाकर लुइँटेलकाअनुसार आगामी हप्ताभित्र सबै क्षतिको विवरण संकलन गरिसक्नेगरी टोली परिचालन गरिएको हो । तथ्यांक संकलनमा एकरुपता तथा सहजताका **बाँकी ८ पेजमा**

## नेपाल लिबरल पार्टीको गठन

काठमाडौं । डा गोपिलाल न्यौपानेको सभापतित्वमा नेपाल लिबरल पार्टी गठनको घोषणा गरिएको छ । हालै आयोजित एक कार्यक्रममा डा न्यौपानेको नेतृत्वमा नेपाल लिबरल पार्टी गठनको घोषणा गरिएको हो । आम नागरिकको व्यक्तिगत स्वतन्त्रता र आर्थिक सुधारगर्ने पार्टीको मुख्य लक्ष्य रहेको सभापति डा न्यौपानेले बताउनुभएको छ । उहाँले नेपाली जनतालाई सदाका लागि गरिबी, भयत्रास बेरोजगारीबाट मुक्तगर्न, तत्काल न्यायको प्रत्याभूति दिन, कानुनी शासन बहालगर्न, सुशासनमार्फत जनताको दैनिकी सजिलो पार्न र आर्थिक उदारवादमार्फत आर्थिक समृद्धि हाशिलगर्न यो पार्टी गठन गरिएको हो भन्नुभएको छ । पार्टीले उदारवादी अर्थव्यवस्था, कर कटौती, खुलापन, पारस्परिक सम्मान, उत्तरदायी प्रशासन, बजार विनियमन, आधुनिकीकरण, औद्योगिकीकरण, शहरीकरण, नैतिक राजनीति र विश्वव्यापीकरणको व्यावहारिक प्रयोगको नीति रहेको सो पार्टीका महासचिव डा सुशील पौडेलले बताउनुभयो । उहाँले हाम्रो पार्टीको एउटै एजेन्डा आर्थिक उन्नति हो भन्नुभएको छ ।

## एकीकृत समाजवादी पार्टी बिभाजित

काठमाडौं । माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीबाट अकस्मात बिभाजित भएको छ । तत्काल माओवादी केन्द्रमा जाने र नजानेका बीचमा बिभाजन भएको छभने अब एमालेमा जाने कि नजाने भन्नेका बीचमा पनि बिभाजन हुने जानकारहरुले बताएका छन् । बिभाजितमध्ये माधव नेपाल समूहले माओवादी केन्द्रसँग पार्टी एकतागर्ने भएको छ । गत १२ गतेदेखि बसेको सो पार्टीको बैठकले एकतागर्नका लागि नेता व्यवस्थापनलगायत प्राविधिक विषयको टुंगो लगाउने जिम्मेवारी सचिवालय बैठकलाई दिने निर्णय गरेको बताइन्छ । पार्टीमा पछि थपेकासमेत ४१९ जनाको केन्द्रीय कमिटीको बैठकमा थपिएका नेताहरुले एकताको पक्षमा मत राख्नुभएको थियो । नेता झलनाथ खनाल, महासचिव घनश्याम भुसाल, नेता रामकुमारी झाँक्री, घनेन्द्र बस्नेत, विजय पौडेल, जीवनराम श्रेष्ठ, लक्ष्मण लम्साल, दामोदर अर्याल, अशेष घिमिरे, अकिल हुसेन खान, हरि पराजुलीलगायतका नेताले पार्टी पुनर्गठन गर्नुपर्नेमा जोड दिनुभएको थियो । गत शुक्रबार सम्पन्न बैठकले ०७२ को संविधानको रक्षा तथा **बाँकी ८ पेजमा**

## एमालेमा पोखरा महाधिवेशनको चट्टारो

काठमाडौं । एमालेमा पोखरा महाधिवेशनको चट्टारो देखिएको छभने अध्यक्ष केपी ओलीले पार्टी छाडेर बाहिर रहेका पुराना नेता तथा कार्यकर्तालाई एमालेमा फर्किन आग्रह गर्नुभएको छ । अध्यक्ष ओलीले गत शुक्रबारमात्र सामाजिक सञ्जालमार्फत उपरोक्त आग्रह गर्नुभएको हो । उहाँले विगतमा एमाले पार्टी निर्माण गरेका नेता तथा नेता तथा कार्यकर्तालाई एमालेमा फर्कन आह्वान गर्नुभएको हो । एमालेबाट पलायन भएका केही नेता तथा कार्यकर्ता एकीकृत समाजवादीमा बाँकी रहेकाले अध्यक्ष ओलीले सो पार्टी बिभाजित भएकै अवसर पारेर उपरोक्त आह्वान गर्नुभएको बताइएको छ । यसअघिनै एकीकृत समाजवादीबाट धेरै नेता तथा कार्यकर्ताहरु एमालेमा फर्किसकेका छन् । यसैबीच एमालेको आगामी मंसिरमा पोखरामा हुने भनिएको ११ औं राष्ट्रिय महाधिवेशनका लागि छलाख ६० हजार संगठित सदस्यबाट प्रतिनिधि चयन हुने बताइएको छ । एमालेको महाधिवेशन आगामी मंसिर २७ देखि २९ गतेसम्म पोखरामा तोकिएको छ । एमालेका संगठन विभाग **बाँकी ८ पेजमा**

## साम्राज्यवादी बिरुद्ध मोर्चा बनाउने प्रयास

काठमाडौं । बिभिन्न ११ वटा बाम पार्टीले साम्राज्यवादी हस्तक्षेप बिरुद्ध गतिबिधिगर्नका लागि मोर्चा बनाउने प्रयास गरेपनि त्यस्तो औपचारिक मोर्चा बन्न नसकेपछि आआफ्नै ढंगले बिरोध थालेका छन् । गतसाता माइतीघर मण्डलामा विरोध प्रदर्शन भएपछि हालसम्म अन्य कुनै गतिबिधिहरु हुनसकेका छैनन् । साम्राज्यवादी र विस्तारवादीहरुले आफ्ना दलालहरुमार्फत् नेपालको स्वाधिनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथि हमलागर्ने र नेपालको अस्तित्वमाथिनै धावा बोल्ने काम गरेको आरोप लगाउँदै क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालसहितका ११ वटा वाम घटक र संगठनहरु सम्मिलित संयुक्त संघर्ष समितिले गतसाता विरोध प्रदर्शन गरेको थियो । प्रदर्शनमा नेपालको आयोजनामा साम्राज्यवाद, प्रतिगमन र यथास्थितिको प्रतिरोध गरौं ! राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र अग्रगामी राजनीतिक निकासका लागि एक जुट होऔं ! भन्ने नारा लगाइउको थियो । उक्त कार्यक्रममा बोल्दै क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका स्थायी समिति सदस्य सन्तबहादुर नेपालीले कम्युनिष्ट, बामपन्थी र देशभक्त शक्तिहरु एकजुट **बाँकी ८ पेजमा**

## कांग्रेसमा आन्तरिक बिवाद चर्कियो

काठमाडौं । नेपाली कांग्रेसमा आन्तरिक बिवाद चर्किएको छभने कतिपयले सो पार्टी बिभाजन हुनसक्ने संभावना रहेको बताएका छन् । संस्थापन पक्षले आगामी निर्वाचनपछि मात्र महाधिवेशनमा जाने अडान राखेको छ । त्यसैगरी इतर पक्षले आगामी पुससम्ममा महाधिवेशन हुनुपर्ने भनेको छ । उक्त बिवादकै कारण गत शुक्रबार बोलाइएको बैठक बस्नसकेको थिएन । अब अर्को बैठक आज आइतबार बस्ने भनिएको छ । तर जानकारहरुले आज पनि बैठक बस्न नसक्ने अवस्था रहेको बताएका छन् । हाल सिंगापुरमा रहनुभएका सभापति शेरबहादुर देउवालेभने आफू स्वदेश फर्किएपछि सबै बिवादको समाधानगर्ने बताउनु भएको छ । उहाँ आगामी मंसिर यता स्वदेश फर्कने संभावना कम रहेको जानकारहरुको भनाई छ । सो पार्टीका इतर पक्षका नेता डा शेखर कोइरालालेसमेत नियमित महाधिवेशनगर्नेबारे पार्टी पदाधिकारीसँग छलफल गर्नुभएको थियो । उहाँले आफ्नो सम्पर्क कार्यालय विशालनगरमा पार्टीभित्र देखिएको गतिरोध अन्त्यगरी नियमित महाधिवेशनको कार्यतालिका ल्याउने विषयमा आफू निकट पदाधिकारीसँग पनि छलफल गर्नुभएको बताइएको छ । छलफलमा पार्टी उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, सहमहामन्त्रीद्वय जीवन परियार र बद्री पाण्डे सहभागी हुनुभएको थियो । गत भदौ २३ र २४ गते भएको बिध्वंसपछि नेपाली कांग्रेसभित्रसमेत नेता परिवर्तनगर्ने र नियमित महाधिवेशन वा विशेष महाधिवेशनको विषयमा बिवाद शुरुभएको छ । यसअघिको बैठकमा धारणा राख्नुहुने केन्द्रीय सदस्यहरुले निर्वाचनपछिमात्रै महाधिवेशनगर्नु उपयुक्त हुने धारणा राख्नुभएको थियो । पार्टीका प्रवक्ता डा.प्रकाशशरण महतले दिनुभएको जानकारीअनुसार अधिकांश केन्द्रीय सदस्यले राष्ट्रिय निर्वाचनलाई प्राथमिकता दिएर जानुपर्ने धारणा राख्दै सुरक्षाको प्रत्याभूतिगर्न सरकारलाई दबाबदिँदै निर्वाचनको तयारीमा लाग्नुपर्नेमा जोडदिएर धारणा राख्नुभएको बताउनु भएको छ । सो **बाँकी ८ पेजमा**

## नेकपा मसालद्वारा गतिरोधबारे नयाँ निर्णय

काठमाडौं । नेकपा मसालले पछिल्लो राजनीतिक गतिरोधबारे नयाँ निर्णय गरेको थाहाभएको छ । सो पार्टीले प्रतिनिधिसभा पुनःस्थापना भए पनि स्वागतगर्ने र चुनाव भएपनि भागलिने नयाँ नीति अख्तियार गर्दै नेकां र एमालेसँग निकटता देखाएको छ । सो पार्टीका महामन्त्रि मोहनबिक्रम सिंहले गत शुक्रबार रुपन्देहीको बुटवलस्थित सिद्धार्थ कटेजमा आयोजित एक पत्रकार सम्मेलनमा उपरोक्त कुरा बताउनु भएको हो । पत्रकार सम्मेलनमा प्रेसविज्ञप्ति प्रस्तुतगर्दै उहाँले हालै मसालको केन्द्रीय समिति बैठक सम्पन्न भएको र सो बैठकले सोही निर्णय गरेको जानकारी दिनुभएको थियो । प्रगतिशील पत्रकार संघद्वारा आफ्नै केन्द्रीय कार्यालयमा आयोजित सो पत्रकार सम्मेलनमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी

**समाचार विश्लेषण**

र राजमो नेता बासुदेव पोखरेल लगायतको समेत उपस्थिति रहेको थियो । उक्त पत्रकार सम्मेलनमा बितरित बक्तब्यमा देश अहिले गम्भीर संकटको मुखमा उभिएको छ । जेनजीको आन्दोलनपछि देशमा कैयौं राजनीतिक परिवर्तन भएका छन्, जसमध्ये प्रतिनिधिसभा विघटन, अन्तरिम सरकार गठन र देशव्यापी रुपमा भएका ध्वंसात्मक कार्य उल्लेखनीय छन् । जेनजी आन्दोलन मुख्य गरेर दुईओटा विषयसित सम्बन्धित छ : प्रथम- देशमा व्यापक रुपमा देखा परेको भ्रष्टाचार, द्वितीय- सामाजिक सञ्जालमाथि अनधिकृत रुपले लगाइएको प्रतिबन्ध । देशमा जुन भ्रष्टाचार र कुशासन व्याप्त छ, त्यसको लागि ओली सरकार त जिम्मेवार छ नै तर त्यसका लागि ओली सरकारलाई मात्र जिम्मेवार ठहऱ्याउनु सही हुनेछैन । देशमा बहुदलीय व्यवस्था आएपछि वा गणतन्त्रको स्थापना भएपछि बनेका विभिन्न सरकारका कारणले नै देशमा व्यापक भ्रष्टाचार वा कुशासन बढेर गएको छ । कुरा त्यहींसम्म सीमित छैन् । निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाही **बाँकी ८ पेजमा**

## निर्माण व्यवसायीहरु आन्दोलनको तयारीमा

काठमाडौं । निर्माण व्यवसायीहरु बर्तमान सरकार बिरुद्ध आन्दोलनको तयारीमा जुटेको थाहाभएको छ । यसैक्रममा नेपाल निर्माण व्यवसायी महासंघको प्रतिनिधिमण्डलले गतसाता बिहीबार अर्थमन्त्री रामेश्वरप्रसाद खनाललाई भेटेर नि[redacted]
देखिएका पछिल्ला ज[redacted] र त्यसले मुलुकको समग्र अर्थतन्त्रमा पार्नसक्ने प्रतिकूल प्रभावका विषयमा ध्यानाकर्षण गराएको थियो । महासंघको प्रतिनिधिमण्डलले निर्माण उद्योगका अव्यावहारिक ऐन, नियम संशोधनका लागि पनि अर्थमन्त्री खनालको ध्यानाकर्षण गराएको थियो । हचुवाका भरमा ठेक्का तोडिँदा सबै निर्माण कम्पनी कालोसूचीमा दर्जभई समग्र निर्माण उद्योगनै समाप्त हुने अवस्था सिर्जना भएकोभन्दै रुग्ण रहेका ठेक्का सुविस्ताका आधारमा मात्र अन्त्य गरिनुपर्नेमा महासंघले जोड दिएको थियो । विशेषगरी वर्तमान सरकारबाट हाल श्रृंखलाबद्धरुपमा ठेक्का तोड्ने सूचनाहरु जारी भएअनुसार त्यसबाट सिर्जना हुने बैंक ग्यारेन्टीको रकम व्यवसायी र बैंकहरुले भुक्तानीगर्न नसक्ने महासंघको भनाइ थियो । प्रतिनिधिमण्डलले रुग्ण रहेका ठेक्काको हकमा कुनै एक जेभी साझेदार बैंकको कालोसूचीमा पर्दा, जेभी सदस्य सम्पर्कमा नरहँदा जेभीका अन्य साझेदार कम्पनीले जिम्मेवार वहनगरी निर्माण कार्य सम्पन्नगर्न खोज्दासमेत खाता सञ्चालन नहुनेहुँदा त्यसमा आवश्यक सहजीकरण गरिदिन अर्थमन्त्रीलाई आग्रह गरे[redacted] ।
प्रतिनिधिमण्डलले निम[redacted]
शान्ति सुरक्षाको प्रत्य[redacted]
बढीघटी जाने प्रचल[redacted]
उपभोक्ता समितिमार्फत् [redacted]ण कार्य खारेजीलगायतका विषयमा महासंघको धारणा समेटिएको ज्ञापनपत्र मन्त्री खनालसमक्ष पेश गरेको छ । निर्माण व्यवसायसँग प्रत्यक्ष सरोकार राख्ने ऐन कानूनलाई निर्माण उद्योगमैत्री बनाई निर्माण उद्योगमा देखापरेका अन्य व्यावहारिक समस्या समाधानका लागि महासंघसहितको सहभागितामा उच्चस्तरीय आयोग गठन हुनुपर्ने ज्ञापनपत्रमा उल्लेख छ । प्रतिनिधि मण्डलमा **बाँकी ८ पेजमा**

## पुन..

संसदका प्रमुख सचेतक श्यामकुमार घिमिरेले हालैका हिंसात्मक घटनाक्रमले निर्वाचनको विश्वसनीयतानै संकटमा पारेको बताउनुभएको छ। उहाँले अहिलेसम्म पनि प्रहरीबाट लुटिएका सयौं हातहतियार र ठूलो संख्यामा फरार कैदी बाहिर छन्। यस्तो अवस्थामा शान्तिपूर्ण र निष्पक्ष चुनाव कसरी सम्भव हुन्छ ? भन्ने प्रश्न पनि गर्नुभएको छ। उहाँले गत भदौ २४ गतेको आन्दोलनका क्रममा भएको आगजनी, लुटपाट र तोडफोडमा संलग्न व्यक्तिहरु अझै कारवाहीको दायरामा आउन नसकेकाले विशेष कार्यदल गठनगरी हतियार फिर्ता र कैदी पक्राउ अभियान तुरुन्तै थाल्नुपर्ने पनि बताउनु भएको छ। त्यसैगरी एमालेका नेता तथा बिघटित संसदका सचेतक महेश बर्तौलाले हालको अस्थिरता र शंकालु वातावरणले लोकतान्त्रिक अभ्यासमा अवरोध ल्याइरहेको बताउनुभएको छ। नेता बर्तौलाले भयरहित र धाँधलीरहित वातावरणमा निर्वाचनगर्न सरकार प्रमुख जिम्मेवार भएको बताउनुभएको छ। त्यसैगरी माओवादी केन्द्रका नेता माधव सापकोटाले लुटिएका हतियार र फरार कैदी नियन्त्रणमा लिन सरकारको प्राथमिकता हुनुपर्ने बताउनुभएको छ। सापकोटाले सरकार र राजनीतिक दलबीच विश्वासको सम्बन्ध पुनःस्थापना गर्नुपर्नेमा पनि जोड दिनुभएको छ। त्यसैगरी राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले जेनजी आन्दोलनका मागहरु सुशासन र भ्रष्टाचार विरुद्धका दृष्टिले जायज भएपनि त्यसका नाममा हिंसा, आगजनी र तोडफोड स्वीकार्य नभएको बताउनु भएको छ। गत असोज २९ देखि कात्तिक एकगतेसम्म बसेको क्रान्तिकारी कम्युनिष्ट पार्टीको केन्द्रिय बैठकको बैठकले राष्ट्रियता, जनतन्त्र र जनजीविकासहित सम्बन्धित बिविध समस्या जटिल बन्दैगएको ठहर गरेको थियो। जसका लागि सो पार्टीले तत्कालै देशब्यापि संघर्षका कार्यक्रम सञ्चालनगर्ने तयारी गरेको बताइएको छ। यसरी बर्तमान सरकारले निर्वाचन गराउने सही बाटो लिन नसकेका कारण फेरी अशान्ति र आन्दोलन भड्किनसक्ने संभावनाहरु देखिएका छन्। यो आजको प्रमुख बिचारणिय पक्ष भएको छ।

## प्रधानमन्त्रि...

रिट निवेदक डा प्रेमराज सिलवालले बहस प्रारम्भ गर्नुभएको थियो। त्यसैगरी वरिष्ठ अधिवक्ता टीकाराम भट्टराई र शेरबहादुर केसी बहसमा सहभागी हुनुभएको थियो। अन्तरिम सरकारका प्रधानमन्त्रीको नियुक्ति र संसद विघटन बदर एवं संसद पुनःस्थापना समेतमा परमादेश मागगर्दै सर्वोच्च अदालतमा १६ वटा रिट निवेदन दायरभएका छन्। प्रतिनिधिसभा विघटनविरुद्ध रिट निवेदन पेशगर्नेहरुमा अधिवक्ता डा प्रेमराज सिलवाल, युवराज पौडेल, अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल, आयुष बडाल, मकबुल मियाँ, अधिवक्ता खड्कबहादुर शाह, डम्बरप्रसाद शिवाकोटी, अधिवक्ता दलबहादुर धामी, प्रकाश भुजेल र विपिन ढकाल, अधिवक्ता आभाष पोखरेल, ओमप्रकाशजंग शाह, अधिवक्ता विमल पोखरेल, अधिवक्ता डा पुण्यप्रसाद खतिवडा र अधिवक्ता शेरबहादुर रोकाया हुनुहुन्छ। बहसमा संसदको बर्षे अधिवेशन चलिरहेको र संसदबाटै नयाँ सरकार गठनहुने संभावना रहिरहेकै बेला संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्तगरी त्यसरी नियुक्त प्रधानमन्त्रिको एकल सिफारिसमा संसद बिघटनको निर्णय गरिएकाले त्यो निर्णय तत्काल बदर हुनुपर्ने माग गरिएको थियो। जानकारहरुले अब सरकारी पक्षको जबाफ प्राप्त हुनासाथ एक दुई दिनको बहसपछिनै फैसला हुने संभावना रहेको बताएका छन्। सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनविरुद्ध परेका रिट निवेदनको सुनुवाइकाक्रममा वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुले प्रतिनिधिसभा विघटन र सरकार निर्माण प्रक्रिया संविधानसम्मत नभएको जिकिर गर्नुभएको तथा सर्वोच्चको यसअघि ०७८ को नजिरसमेत रहेकाले संसद पुनर्स्थापना हुनुनपर्ने कुनै कारण नरहेको पनि बताउन थालिएको छ। इजलासमा बहसकाक्रममा डा सुरेन्द्र भण्डारीले पूर्वप्रधान न्यायाधीश सुशीला कार्की र सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिलकुमार सिन्हाको नियुक्ति संविधान विपरित भएको धारणा राख्नुभएको थियो। त्यसैगरी नेपाल बार एशोसिएनका पूर्व अध्यक्ष गोपालकृष्ण घिमिरेले असंवैधानिक तरिकाले प्रतिनिधिसभाको विघटन भएको हुनाले निरन्तर सुनुवाइ गरेर प्रतिनिधिसभा पुनःस्थापना गर्नुपर्ने धारणा राख्नुभएको थियो। उहाँले निर्वाचनगर्ने कार्यसूची पाएको सरकारले दीर्घकालीन असरपार्ने राष्ट्रिय महत्वका कामगर्न रोक लगाउनुपर्ने समेत बताउनुभएको थियो। वरिष्ठ अधिवक्ता टिकाराम भट्टराईले पनि सरकार निर्माण प्रक्रिया र प्रतिनिधिसभा विघटन असंवैधानिक भएको धारणा राख्नुभएको थियो। उहाँले सरकारको नियुक्ति प्रक्रियानै अवैध भएकाले त्यसको निरुपण नभइ निर्वाचन हुननसक्ने दाबि गर्नुभएको थियो। अधिवक्ता खम्मबहादुर खातीले सरकारले संवैधानिक अधिकार प्राप्तगर्न सक्ने अवस्था नभएकाले दीर्घकालीन असरपर्ने कुनै पनि कामगर्न नदिन अन्तरिम आदेश गर्नुपर्ने माग गर्नुभएको थियो। उहाँले संविधानअनुसार धारा ७६ अनुसार राष्ट्रपतिलाई अधिकार नभएको र वैकल्पिक सरकारभन्दा पनि संविधान मुलुकमा छकि छैनभन्ने गम्भीर सवाल रहेको बताउनुभएको थियो। हाल आएर बिभिन्न कोणबाट फेरी सर्वपक्षीय अन्तरिम नयाँ सरकार गठनको माग हुनथालेको छ। जेनजीद्वारा आह्वान गरिएको आन्दोलन समन्वय संघर्ष समितिले गतसाता मंगलवार काठमाडौंमा एक पत्रकार सम्मेलनगरी मुलुकलाई निकाश दिन राजनीतिक दलहरुसहितको सर्वपक्षीय अन्तिम सरकार गठन हुनुपर्ने माग गरेको थियो। राष्ट्रिय संकट समाधानका लागि राजनीतिक दल, नागरिक समाज र जेनजी आन्दोलनका प्रतिनिधि सम्मलित सो सरकार गठन हुनुपर्ने माग गर्नुपरेको समितिका प्रतिनिधि लेनिन विष्टले बताउनु भएको थियो। उहाँले सो सरकारले गहन छलफलगरी १८ महिनाभित्र संविधान संशोधन, निर्वाचन प्रणालीमा आमूल सुधार, राष्ट्रिय नीतिमा पुनरावलोकनगरी मुलुकलाई निर्वाचनमा लैजानुपर्ने जिम्मेवारी पूरागर्ने लक्ष्य राख्नुपर्ने आफूहरुको प्रस्ताव रहेकोसमेत बताउनु भएको थियो। बिघटित संसद बाहिर रहेका सिपी गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल र नेत्रबिक्रम चन्द नेतृत्वको नेकपालेसमेत देशभक्त र बामपन्थी सहितको नयाँ सर्बदलीय, सर्बपक्षीय सरकार हुनुपर्नेमा जोड दिएका छन्।

## नेपालका...

विवरण बुझाउने अवधि एवं ऋण तथा ब्याज भुक्तानीको अवधिलाई अतिरिक्त १५ दिन थपगर्न पनि सरकारलाई अनुरोध गरेको छ। त्यसैगरी गत भदौ २४ गतेको घटनामा सार्वजनिक, व्यावसायिक तथा व्यक्तिगत सम्पत्तिमा तोडफोड, लुटपाट एवं आगजनीजस्ता आपराधिक क्रियाकलाप गर्ने व्यक्तिहरुलाई कानूनी दायरामा ल्याई कारवाहीमा तीव्रता ल्याउनसमेत सरकारलाई अनुरोध गरेको छ। बैठकमा अर्थमन्त्री खनालकासाथै पूर्वअर्थमन्त्रीहरु डा.प्रकाशचन्द्र लोहनी, सुरेन्द्र पाण्डे, वर्षमान पुन, डा.प्रकाशशरण महत, गर्भनर डा.विश्व पौडेल, अर्थसचिव घनश्याम उपाध्याय लगायतको उपस्थिति रहेको थियो। नेपाल बिद्युत प्राधिकरणले डेडिकेटेड तथा ट्रंकलाइन बिवादमा दर्जनौं ठूला उद्योगको लाइन काटेपछि एकातिर सरकारी राजश्वसमेत घटेको छभने अर्कातिर करिब ३०० मेगावाट बिद्युत खेर जानथालेको ऊर्जा उत्पादकहरुले बताएका छन्। वर्षायाममा समेत बिजुली खेर गइरहेको र दशैंतिहारमा उद्योग बन्दभएर माग कम भइर्दिदा बिजुली खेरजाने अवस्था सिर्जना भएको उनीहरुको भनाइ छ। नयाँ सरकार गठन भएपछि उर्जामन्त्रि कूलमान घिसिङको अगुवाईमा प्राधिकरणले २५ वटा उद्योगको बिजुली काटेपछि थप बिद्युत खेरगएको हो। धेरै बिद्युत खपतगर्ने दर्जनौं ठूला उद्योगमा एकैपटक बिद्युत लाइन काटिदिए पछि सर्बत्र बिरोध भैरहेको छ।

## झण्डाको..

उहाँहरुले गत भदौ २३ र २४ गते प्रदर्शनकाक्रममा भएको आगजनी, तोडफोड, डकैती, चोरीलगायत घटनामा पक्राउ परेकाहरुले राष्ट्रिय झण्डा ओढेर झण्डाको दुरुपयोग गरेकाभन्दै यसरी दुरुपयोग गर्नेलाई कारवाही गर्नुपर्ने मागसमेत गर्नुभएको छ। राष्ट्रिय झण्डाको दुरुपयोग नगर्न आहवानगर्दै जारी अपिलमा राष्ट्रिय झण्डा हाम्रो एकताको प्रतीक हो, आफ्ना बिचार तथा मुद्धा स्थापित गराउन राष्ट्रिय झण्डा प्रयोगगर्नु किमार्थ झण्डाको सम्मान गरेको र मर्यादा राखेको ठहर्दैन। निहित स्वार्थ राखेर राष्ट्रिय झण्डाको प्रयोगगर्ने कार्यलाई निषेध गरिनुपर्छ, आफ्नो निहित मुद्धा स्थापितगर्न राष्ट्रिय झण्डा देखाएर, झण्डा अगाडिसारेर जनतालाई भावनात्मकरुपमा बहकाउमा पार्नु अनैतिक हो भनिएको छ। पछिल्ला दिनमा राष्ट्रिय झण्डाको जसले पायो त्यसको प्रयोगगर्दै आएका छन्। जसलेगर्दा उक्त झण्डको गरिमा घटेकोभन्दै नेपाली समाजमा चिन्ता र चासो पनि ब्यक्त हुनथालेको छ।

## जसरी पनि...

लागि आयोगले क्षति मूल्यांकन सर्वेक्षण पोर्टलसमेत सञ्चालन गरेको र सम्बन्धित स्थानीय तह तथा प्रदेश र केन्द्रका कार्यालयले अनलाइन मार्फत क्षतिको विवरण पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। प्रदर्शनका क्रममा क्षतिपुगेका ४४ जिल्लाका करिब २६० पालिका, सबै प्रदेश र केन्द्र सरकारका विषयगत मन्त्रालय एवं केन्द्रीय निकायलाई युजर नेम र पासवर्ड उपलब्ध गराइएको छ। संकलित तथ्यांक तथा विवरण सर्वेक्षण पोर्टलमा राख्नुपर्नेछ। तथ्यांक उपलब्ध गराउनका लागि सम्बन्धित पालिका, प्रदेश कार्यालय तथा केन्द्रिय निकायलाई जिम्मेवार बनाइए पनि सहजीकरणका लागि प्राविधिक जनशक्ति सहितको टोली खटाइएको आयोगले जनाएको छ। आज आइतबारसम्म सबै टोली कार्यस्थलमा पुगिसक्ने र एक हप्ताभित्र तथ्यांक संकलन गरिसक्ने लुइँटेलले बताउनुभएको छ। त्यसैगरी उक्त बिध्वंशको सबै जिल्ला सुरक्षा समितिहरुले पनि छानविनगर्ने भएका छन्। गृह मन्त्रालयले जेनजी आन्दोलनकाक्रममा भएको हानि नोक्सानीबारे निजी क्षेत्रसँग छलफलगर्न जिल्ला सुरक्षा समितिलाई अनुरोध गरिसकेको छ। त्यसैगरी प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले गतसाता मंगलबार अपराध अनुसन्धान विभागका प्रमुखसमेत रहेका अतिरिक्त महानिरीक्षक (एआईजी) सुशीलसिंह राठौरको नेतृत्वमा अलग्गै समिति गठन गनुभएको छ। समितिलाई विध्वंसबारे विस्तृत छानबिनगरी प्रतिवेदन बुझाउन कार्यादेश दिइएको छ। राठौरको नेतृत्वमा गठित समितिमा योजना तथा अन्वेषण निर्देशनालयका डीआइजी दीपक रेग्मीसहित कार्य विभाग, मानव श्रोत विभाग, अपराध अनुसन्धान विभाग, प्रशासन विभाग, विधि विज्ञान प्रयोगशालालगायत युनिटबाट प्रतिनिधित्व गराइएको छ। सो समितिलाई एक महिनाभित्र प्रतिवेदन पेशगर्न भनिएको छ। त्यसैगरी जेनजी आन्दोलनको घटनासम्बन्धी जाँचबुझगर्न गठित आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले गत भदौ २४ गते व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा आगजनी तथा लुटपाटमा संलग्नलाई फौजदारी कानूनअनुसार कारवाही गर्नुपर्ने बताउनुभएको छ। आयोगद्वारा पर्साको बीरगञ्जस्थित जिल्ला प्रशासन कार्यालयमा गतसाता आयोजित छलफलमा अध्यक्ष कार्कीले उपरोक्त कुरा बताउनु भएको हो। उहाँले हातहतियार लुटपाटगर्ने र कारागारबाट भागेका कैदीबन्दीलाई कारवाही गर्नभने सरकारले अध्यादेशमार्फत कानून बनाउनुपर्नेमा जोड दिनुभएको थियो। त्यतिबेला लुटिएका ५५६ थान हतियार अझै फेलापरेका छैनन्। नेपाल प्रहरीका विभिन्न ब्यारेक तथा कार्यालयमा तोडफोड र आगजनीपछि एक हजार २७६ थान घातक हतियार लुटिएका थिए। त्यसमध्ये ७२० थानमात्रै नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीले फिर्ता ल्याएका छन्। अझै ५५६ थान हतियार फिर्ता आउन बाँकी रहेको प्रहरी प्रधान कार्यलयले जनाएको छ। प्रहरीकाअनुसार इन्सास र एसएलआर सहित २८५ नाल ठूला पेस्तोललगायत २७१ नाल साना हतियार अझै नियन्त्रणमा आएका छैनन्। गत भदौ २४ गते देशभरका २८ वटा कारागार र बालसुधार गृह तथा अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका सहित कूल १४ हजार ४३ जना कैदीबन्दी र थुनुवा भागेका थिए। तीमध्ये अझै करिब पाँचहजार कैदीबन्दी र थुनुवा पक्राउ परेका छैनन्। जसलेगर्दा आगामी फागुन २१ गते निर्वाचन गराउन बर्तमान सरकारलाई अप्ठेरो परेको बताइएको छ।

## एकीकृत...

राजनीतिक व्यवस्थाको पक्षमा परिवर्तनकामी शक्तिसँग सहकार्यगर्ने निर्णय गरेको थियो। नयाँ मनोनित केन्द्रीय सदस्यलाई शपथ गराइएको बैठकमा आन्तरिक बिवाद समाधान, समसामयिक प्रस्तावहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय घटनाक्रमबारे समीक्षा गरिएको थियो। भनिन्छ माओवादी केन्द्र माओवाद र माओवादी केन्द्र नाम परिवर्तनगर्न सहमत भैसकेको छ। शुरुमै माधव नेपाल समूहले नेकपा( समाजवादी) पार्टी निर्वाचन आयोगमा दार्ता गरेका कारण सोही नामलाई अगाडि बढाउने भनिएको छ।

## एमालेमा..

प्रमुख काशीनाथ अधिकारीले आफूहरु सबै संगठित सदस्यको प्रमाणीकरणगर्ने काममा लागेको बताउँदै उक्त काम अन्तिमचरणमा पुगेको खुलाशा गर्नुभएको छ। पछिल्लो सचिवालय बैठकले संगठित सदस्यबाट प्रतिनिधि छनोटगर्ने मापदण्ड तयगरेको बताइएको छ। हालसम्म एमालेमा नेतृत्वको बिवाद देखिएको छैन। पोखरा महाधिवेशनबाट पनि केपी ओलीनै अध्यक्ष बन्नुहुने अवस्था देखापरेको जानकारहरुको भनाई छ। नेपाली कांग्रेस र माओवादी केन्द्रलगायतका पार्टीमा बिवाद बढेको र कतिपय पार्टी बिभाजित भएकाले एमाले अग्रणी पार्टी बन्ने संभावना देखिएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ।

## साम्राज्यवादी..

हुनपर्ने बताउनुभएको थियो। उहाँले साम्राज्यवादीहरु नेपालीको घर घरै आइपुगेको बताउँदै सुशीला कार्की नेतृत्वको सरकार साम्राज्यवाद र विस्तारवादको मिलेमतोमा बनेको दाबि गर्नुभएको थियो। त्यसैगरी नेकपाका संयोजक लोकनारायण सुवेदीले अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार दलाल पूँजीवादले नेपालका दलाल नेताहरुलाई सञ्चालन गरिरहेकोले देश बचाउने आन्दोलन आवश्यक रहेको बताउनुभएको थियो। नेकपा (बहुमत) का बद्री चौलागाईले संसदीय व्यवस्थालाई फालेर राष्ट्रिय स्वाधीन सरकार बनाउनुपर्ने आवश्यकता औल्याउनुभएको थियो। कार्यक्रममा वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपालकी रुपा सुनार, कम्युनिष्ट समाजवादीकी इन्दिरा अधिकारी, अर्को नेकपाका रामबहादुर भण्डारी, समाजवादी कम्युनिष्ट पार्टीका हरिकृष्ण गजुरेल, रेड फोर्सका सि.वि.सिंह, अशोक सुवेदी लगायतले मन्तव्य राख्नुभएको थियो। पछिल्ला दिनमा कतिपय समूहहरुमा आनतरिक खिचलो बढेकाले संयुक्त गतिबिधि हुन नसकेको जानकारहरुको भनाई छ।

## कांग्रेसमा..

पार्टीका महममन्त्रिद्वय गगन थापा र बिश्वप्रकाश शर्मा पार्टीमा अस्वाभाविक रुपमा प्रस्तुत हुनुभएको र उहाँहरुको जोड पार्टी बिभाजन गरेर भएपनि नेतृत्व हत्याउनेमा केन्द्रित रहेको जानकारहरुको भनाइ छ।

## निर्माण..

सल्लाहकार सुकुन्तलाल हिराचन, वरिष्ठ उपाध्यक्ष आङदोर्जी लामा, उपाध्यक्ष रामजी पन्त, महासचिव रोशन दाहाल, नीतिगत उपमहासचिव शिवहरि घिमिरेलगायत रहनु भएको थियो। नयाँ सरकारले बर्षौंदेखि काम नगरी अलपत्र पारिएका सिँचाइतर्फका १२ रुग्ण आयोजनाको ठेक्का तोडेको थियो। साबिकको जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नम्बर २, जलेश्वर ( महोत्तरी) अन्तर्गतका ती १२ ठेक्का तोडिएका हुन्। बबई सिँचाइ आयोजनाका छवटा रुग्ण ठेक्का तोड्न गत असोज ३० गते१५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको थियो। ठेक्का सम्झौता गरेर पनि वर्षौंदेखि काम नगर्ने प्रवृत्ति अन्त्य गर्न ऊर्जा, जलश्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री कुलमान घिसिङले मातहतका निकायलाई रुग्ण ठेक्का तोड्न निर्देशन दिनुभएको थियो। त्यस्तै, सडकका थप ४० रुग्ण ठेक्का तोड्ने प्रक्रिया शुरुभएको भनिएको छ। सडक विभागअन्तर्गतका तुम्लिङ्टार, इलाम, हेटौंडा र नेपालगञ्ज सडक डिभिजन कार्यालयहरुले सार्वजनिक सूचना जारीगरिसकेका छन्। त्यसैगरी सिँचाइतर्फका १२ रुग्ण ठेक्का अन्त्यगरिएको छ। साविकको जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालयनं-२ जलेश्वर महोत्तरीअन्तर्गतका १२ रुग्ण ठेक्का अन्त्य गरिएको जलश्रोत तथा सिँचाइ विभागले जनाएको छ। विभागकाअनुसार बबई सिँचाइ आयोजनाका छवटा रुग्ण ठेक्का अन्त्यगर्न गत असोज ३० मा १५ दिने सार्वजनिक सूचना प्रकाशित भइसकेको छ।

## नेकपाका..

कालदेखि नै देशमा व्यापक रुपले भ्रष्टाचार, कुशासन वा राष्ट्रिय सम्पत्तिको दुरुपयोग हुँदै आएको छ र त्यस प्रकारको पृष्ठभूमिका कारणलेनै जनतामा व्यापकरुपले असन्तोष, आक्रोश र निराशा पनि देखापरेको छ। जेनजी आन्दोलन पनि त्यसैको एउटा बिष्फोटकरुप हो। हाम्रो पनि यो सोचाइ छकि सामाजिक सञ्जाललाई पनि नियमनगर्न जरुरी छ। सर्वोच्च अदालतले त्यसका लागि कानून बनाएर नियमनगर्न निर्देशन दिएको थियो तर ओली सरकारले त्यससम्बन्धी कानून नबनाईकन सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने काम गऱ्यो। त्यसैले हामीले त्यसलाई अनधिकृत र गलत तरिका बताएका हौं। ती दुबै कारणले नै अर्थात् देशमा व्यापकरुपमा बढेको भ्रष्टाचार, कुशासन र सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धका कारणले नै जेनजी आन्दोलन विष्फोटकोरुपमा देखापरेको थियो। २. ओली सरकारले भदौ २३ गते शान्तिपूर्ण तरिकाले देखापरेको जेनजी आन्दोलनमाथि शक्तिको अनावश्यक प्रयोग र नरसंहारगर्ने जुन कार्य गऱ्यो, त्यसको हामीले कडा शब्दमा विरोध र भर्त्सना गर्दछौं। ओलीको यो दाबी छकि त्यो दिनको गोली प्रहार उनीहरुले गरेका थिएनन् र त्यहाँ प्रयोग गरेका गोली पनि प्रहरीसित थिएनन्। यदि त्यो कुरामा सत्यता छ भने ओलीले त्यसका लागि प्रमाण प्रस्तुत गर्नुपर्दछ तर अहिलेसम्म ओलीले त्यस प्रकारको कुनै प्रमाण वा ठोस आधार तयार पारेको देखिँदैन भनिएको छ।

मधुमेह (डायबिटिज) रोगबाट बचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# दलीय व्यवस्थामा उपेक्षामा परेको लोकतान्त्रिक पद्धति र दलहरुको अवस्था

**बिगत ३२ बर्षदेखि दलीय ब्यवस्थाको अभ्यासमा रहेको नेपालमा लोकतान्त्रिक पद्धति र संसदवादी दलहरु उपेक्षाको शिकार भएको देखिएको छ। खासगरी गत भदौ २३ र २४ को घटनापछि राष्ट्रपति रामचन्द्र पौडेलले संसद चालुरहेकै अवस्थामा त्यसबाहिरबाट प्रधानमन्त्रि नियुक्तगर्ने र त्यसरी नियुक्त प्रधानमन्त्रिको एकल सिफारिसका आधारमा संसदनै भंग गरेर नयाँ निर्वाचनको मिति घोषणागर्ने जुन कार्य गर्नुभएको थियो, त्यहीबाट नेपालको राष्ट्रिय राजनीतिले गलत बाटो लिएको देखिएको थियो। नभन्दै त्यसका परिणामहरु धमाधम गलतनै देखिनथालेका छन्। पूर्वप्रधान न्यायाधीशसमेत रहनुभएकी सुशीला कार्कीको नेतृत्वमा गठन गरिएको अन्तरिम सरकारको मुख्य कार्यभार भनेकै आगामी फागुन २१ गते प्रतिनिधिसभाको नयाँ निर्वाचन गराउनु हो। तर बर्तमान सरकारले आगामी निर्वाचनलाईभन्दा अन्य कुराहरुलाई बढि महत्व दिएको देखिएको छ। जनप्रतिनिधिमूलक संस्था प्रतिनिधिसभा विघटन भएपछि लोकतान्त्रिक पद्धतिलाई सही बाटोमा ल्याउने बिकल्प निर्वाचननै हो। तर त्यो निर्वाचनले पनि वैधानिकता प्राप्त गरेको हुनु पर्दछ। देशमा दलीय ब्यवस्था भएका कारण प्रतिनिधिसभाको निर्वाचन हुनलागेको अवस्थामा जसरी पनि दलहरुले नै प्रमुखता पाएको हुनुपर्नेमा त्यो हुन सकिरहेको छैन। हाल आएर बिघटित संसदका प्रमुख दलहरुले बर्तमान सरकारबाट आफूहरुलाई उपेक्षा गरिएको र आगामी निर्वाचनका लागि शान्ति सुरक्षाको सुनिश्चितता हुननसकेको कुरालाई प्रमुखताकासाथ उठाएका छन्। गत भदौको अकल्पनीय बिध्वंशको घटनासँगै सत्ताबाट बाहिरिएका दल र बर्तमान सरकारबीच रहेको संवादहीनताको अवस्थाको पछिल्ला केही छलफलहरुबाट अन्त्य भएको भनिएपनि त्यसले निरन्तरता पाउन सकेको देखिएको छैन। राष्ट्रपतिको अगुवाइमा प्रधानमन्त्री कार्कीसहितको उपस्थितिमा गतसाता भएको निर्वाचनकेन्द्रित छलफलमा दलका नेताहरुको चिन्ता र चासोको प्रमुख विषय सुरक्षाको सुनिश्चिततानै रहेको थियो। उनीहरुले स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचनको माग पनि गरेका थिए। देशका प्रमुख दलहरुले गरेको त्यस्तो चिन्ता र चासोलाई अन्यथा मान्नु हुँदैन। निर्वाचनको पहिलो शर्त भनेकै शान्तिसुरक्षा हो। शान्तिसुरक्षाबिना हुने निर्वाचन न स्वतन्त्र हुनसक्छ, न त निष्पक्ष र भयरहित नै।**

**गत भदौमा भएका हिंसात्मक घटनाकाक्रममा राजनीतिक दलका कार्यालय र नेताका घरमा छानी, छानी आगजनी गराइएका थिए। जसलेगर्दा बिभिन्न राजनीतिक दलका नेताहरुमात्र नभएर आमसर्वसाधारणमा समेत सुरक्षाको चिन्ता स्वाभाविकरुपमा बढेको देखिएको छ। आन्दोलनकाक्रममा सार्वजनिक र निजी सम्पत्तिमा तोडफोड र आगजनीगर्नेहरुको खोजीनै नहुनु सबैका लागि थप चिन्ता र चासोको बिषय भएको छ। गत भदौ २७ गते गरिएको संवैधानिक त्रुटीका बारेमा गत साता १२ गतेबाट सर्बोच्च अदालतमा बहस चलिरहेको छ। सर्बोच्च अदालतले देशको प्रचलित संविधान र ऐन कानून अनुसार फैसला गर्ला। तर शान्ति सुरक्षाको जुन प्रश्न छ, त्यसको निरुपण सरकारी तहबाट हुनु जरुरी छ। आन्दोलनको बहानामा देशको खर्बौंको सम्पत्ति ध्वस्त भएको छ। सोही मौका छोपेर देशका बिभिन्न कारागारबाट १३ हजारभन्दा बढी कैदीबन्दी भागेका छन्। कारागारबाट भागेकामध्ये केही फर्किए पनि अझै ठूलो संख्यामा बाहिर रहेका छन्। कारागारबाट भागेका कैदीबन्दीले समाजमा बिभिन्न आपराधिक घटना गराएका समाचार सार्वजनिक हुनेक्रम पनि जारी छ। यो सुरक्षाका लागि सबैभन्दा डरलाग्दो पक्ष रहेको छ। आम मतदाता र दलहरुले उठाएको प्रशंग पनि यहीनै हो। निर्वाचनको समयमा यस्ता व्यक्तिलाई कुनै समूहले चुनावी वातावरण बिथोल्ने प्रयास हुनसक्छ। निर्वाचनको पूर्वसन्ध्यामा त्यस्ता समूहका गतिविधिबाट मतदाताले असुरक्षाको महशुसगर्नु स्वाभाबिक पनि हो। जसलेगर्दा आगामी निर्वाचन अगाबै गत भदौको तोडफोड र आगजनीका घटनामा संलग्नहरुमाथि अनुसन्धानगरी कारवाहीको प्रक्रिया तत्काल अगाडि बढाउनु सक्नुपर्ने देखिएको छ। दोषीलाई उन्मुक्तिदिँदा दण्डहीनताले प्रश्रय पाउने कुरा पनि छ। यतिबेला नेपालमा आन्तरिक वा बाह्य दुबै किसिमका सुरक्षा चुनौतीहरु देखिएका छन्। सर्वसाधारणकोमात्र नभएर सुरक्षा निकायको मनोबलसमेत गिरेका चर्चा परिचर्चाहरु भैरहेका छन्। उपरोक्त सबै कुराहरुलाई बिचार गरेर बर्तमान सरकारले बिघटित संसदका प्रमुख दललाई बिश्वासमा लिने, उनीहरुका प्रतिनिधिलाईसमेत राखेर सरकार पुनरगठन र बिस्तारगर्ने तथा शान्ति सुरक्षाको मामिलामा सम्बेदनशील हुने कामगर्नु आजको प्रमुख आवश्यकता हो।**

# एकातिर बाम एकताको नारा, अर्कातिर बिथोल्ने गतिबिधि

**देश/परिवेश** डा. केशव देवकोटा

नेपालमा बढो बिचित्रका गतिबिधिहरु भैरहेका छन्। त्यसमध्ये सबैभन्दा बढि बिथोलिएको क्षेत्रभनेको बाम राजनीति हो। जसमा एकातिर बाम एकताको चर्को नारा दिने र भित्रभित्र बाम एकता बिथोल्ने काम भैरहेको छ। गतसाता मंगलबार माओवादी केन्द्रका महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमल दाहाललाई बामपन्थीहरुलाई कम्युनिष्ट पार्टीको एउटै झण्डामुनि एकताबद्ध गराउने इच्छा जागेछ। उहाँले तुरुन्त सामाजिक सञ्जालमार्फत उहाँले एक अपिल जारीगर्दै उक्त इच्छा देखाउनु भएको थियो। उहाँले देशमा देखिएका जटिलता तथा जनअपेक्षा, राष्ट्रिय स्वाधीनता र लोकतन्त्रमाथि देखापरेका चुनौती हलगर्न माओवादी धारासहितका बामपन्थीहरुलाई एकताबद्ध हुन अपिल गर्नुभएको देखियो। उहाँले यस सत्यलाई आत्मसात्गर्दै, म देशका सबै माओवादी धारासहितका बामपन्थीहरुलाई कम्युनिष्ट पार्टीको एउटै झण्डामुनि एकताबद्ध हुन हार्दिक अपिल गर्दछुभन्ने उल्लेख पनि गर्नुभएको थियो। देशभक्त, प्रगतिशील, वामपन्थी शक्तिहरुबीच राष्ट्रिय सहकार्य अपरिहार्य रहेकोभन्दै उहाँले राष्ट्रले भोगिरहेका थप समस्या र संकटहरुको समाधान अग्रगामी क्रान्तिकारी बिचार, प्रतिबद्ध संगठन र इमान्दार राजनीतिक पहल कदमीबाट मात्रै सम्भव छ।

यस सन्दर्भमा देशभक्त, प्रगतिशील, वामपन्थी शक्तिहरुबीच संगठनात्मक ध्रुवीकरण तथा लोकतान्त्रिक शक्तिहरुबीच राष्ट्रिय सहकार्य अपरिहार्य बनेको छभन्ने उहाँले उल्लेख गर्नुभयो। त्यो अपिल जारीगरेको आज आइतबार पाँचदिन बितेको छ। तर उहाँले बाम एकता कायम गराउनका लागि कसैसँग पनि छलफल गर्नुभएको छैन। कुनैबेला उहाँलेनै एमालेभन्दा नेपाली कांग्रेस बढी बामपन्थी भएको बताउनु भएको थियो। उहाँले त्यतिबेलाको आफ्नो भनाई हाल आएर आफैले बिर्सनु भएको देखिएको छ। हालैमात्र पनि दाहालले तत्कालीन प्रधानमन्त्री तथा एमालेका अध्यक्ष केपी ओलीका कारण जेनजी आन्दोलन भएको, सरकार ढलेको, संसद विघटन भएको र सुशीला कार्की प्रधानमन्त्री भएको आरोप लगाउनुभएका समाचारहरु बाहिर आएका छन्। उहाँ आफूलाई गत भदौ २३ र २४ गतेका घटना गराउनेहरुका प्रेरणाको श्रोत भएको दाबि पनि गर्दैआउनु भएको छ। जसलेगर्दा जेनजी आन्दोलन गराउने प्रमुख कारक उहाँ आफै भएको देखिएको छ। हुन त उहाँले ०६२ मंसिर सातगते भारतको नयाँदिल्लीमा नेपालमा १० बर्ष चलेको जनयुद्ध बिसर्जन गरेर स्वदेश फर्किएपछि जातीय र क्षेत्रीय नारा दिएर आफू सत्तामा पुग्ने र अन्य पार्टीहरुलाई अलग थलग बनाउने काम गर्नुभएको थियो। उहाँहरुले दिएको जातीय र क्षेत्रीय नाराका कारण करिव २० बर्षको अवधीमा देश हालको अवस्थामा पुगेको छ। जातीयता र क्षेत्रीयताका कारण नेपालका हरेक पार्टीहरु आन्तरिकरुपमा नराम्ररी बिभाजित भएका छन्। बिचारको राजनीति गर्नुपर्ने कम्युनिष्ट पार्टीहरु यतिबेला जातीय, क्षेत्रीय र लिङ्गिय जोड घटाउमा अल्झिएका छन्। हालै उमेर समूहका आधारमा जुन समूह आन्दोलनमा उदायो, सो समूहले पनि नेपालको पार्टी राजनीतिलाई अलग, थलग बनाउने प्रयास गरेको देखिएको छ। जेनजी आन्दोलनपछि एकातिर बयस्कहरुनै देशको शासन सत्तामा पुगेका छन्भने अर्कातिर दलीय ब्यवस्था भएको मुलुकमा दललाईनै किनारा लगाउन अनेक प्रयासहरु भैरहेका छन्। हरेक पार्टी र राज्यका अंगहरुमा निश्चित उमेर समूहका ब्यक्तिहरुलाई ४० प्रतिशत स्थान सुक्षित हुनुपर्ने माग बढेर गएको छ अरुलाई राजनीतिबाट बिस्थापित गराउने प्रयास गरिएको देखिन्छ।

यसअघि ०६३ पछि सत्ता र शक्तिमा आएकाहरुले देशको संविधानमै संघीय शासन, जातीय र लिङ्गिय समाबेशी, धर्मनिरपेक्षता, समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली लगायतको ब्यवस्थागर्दा नेपालको राजनीति नराम्ररी भाँडिन पुगेको थियो। नेपालको मुख्य समस्याकोरुपमा रहेका संघीयता र एमसीसीमा अमेरिकी लगानी रहेको रहस्य पनि खुलिसकेको छ। त्यसलाई नेपालमा भित्र्याउनेहरु को को हुन्भन्ने पनि धेरैलाई स्पष्ट भैसकेको छ। पछिल्लो समयमा नेपालमा भएको जेनजी बिद्रोहको अन्तराष्ट्रिय सञ्जालकाबारेमा पनि धेरै कुराहरु बाहिर आएका छन्। त्यसैगरी गतसाता ११ गते बिभिन्न ११ वटा बाम पार्टीहरुले नेपालमा साम्राज्यवादी हस्तक्षेप बिरुद्ध माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेको भनियो। साम्राज्यवादी र विस्तारवादीहरुले आफ्ना दलालहरु मार्फत् नेपालको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथि हमलागर्ने र नेपालको अस्तित्वमाथिनै धावा बोल्ने काम गरेपछि ११ वटा वाम घटकहरु सम्मिलित संयुक्त संघर्ष समितिले उक्त विरोध प्रदर्शन गरेको भनिएको थियो। त्यसदिन साम्राज्यवाद, प्रतिगमन र यथास्थितिको प्रतिरोध गरौं ! राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र अग्रगामी राजनीतिक निकाशका लागि एकजुट होऔं ! भन्नेलगायतका नाराहरु पनि लगाइयो। सो कार्यक्रममा बोल्नेहरुले कम्युनिष्ट, बामपन्थी र देशभक्त शक्तिहरु एकजुट हुनपर्ने बताउनुभएको थियो। साम्राज्यवादीहरु नेपालीहरुको घरघरमै आइपुगेको बताउँदै सुशीला कार्की नेतृत्वको सरकार साम्राज्यवाद र विस्तारवादको मिलेमतोमा बनेको दाबि पनि गरिएको थियो। बक्ताहरुले नेपाललाई विदेशीहरुले रणमैदान बनाउन खोजेकोहुँदा देशलाई त्यो स्थितिमा पुग्न नदिन संघर्षको मैदानमा आउनु परेको खुलाशा पनि गर्नुभएको थियो। कतिपयले संसदीय व्यवस्थालाई फालेर राष्ट्रिय स्वाधीन सरकार बनाउनुपर्ने आवश्यकता पनि औल्याउनुभएको थियो। उक्त पार्टीहरुले साम्राज्यवाद बिरोधी आन्दोलनलाई निरन्तरता दिन मोर्चा गठनगर्ने प्रयास गरिरहेको भनेपनि सो कार्यक्रम भएको आज पाँचदिन बित्दा पनि त्यस्तो मोर्चा गठन भएको समाचार बाहिर आएन। त्यसअघि नेत्रबिक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको गत असोज २५ गतेबाट भएको भनिएको केन्द्रिय समितिको बैठकले सुशीला कार्की नेतृत्वको बर्तमान चुनावी सरकारलाई विदेशीले बनाइदिएको कठपुतली सरकार भएको निष्कर्ष निकालेको थियो। त्यसैगरी गत भदौ २३ र २४ गते विध्वंश हुनुमा आन्तरिक र बाहिरी दुई मुख्य कारण भएको सो पार्टीको विश्लेषण बाहिर आएको थियो। बैठकले राजनीतिक दलको नेतृत्वमा देशभक्त, वामपन्थी र प्रगतिशीलहरु सहभागी हुनेगरी सर्वपक्षीय सरकार गर्नुपर्ने निर्णय गरेको भनिएको थियो। बैठकले देशको राजनीतिक निकाशका लागि राजनीतिक पार्टीकै नेतृत्वमा भ्रष्टाचारमा नमुछिएका व्यक्तिको नेतृत्वमा सर्वपक्षीय गठन गर्नुपर्छ। देशभक्त, वामपन्थी र प्रगतिशील पार्टी सहभागी हुनुपर्छ। त्यसले संविधान संशोधन गरेर जनपक्षीय जनप्रतिनिधि छनोटगरी त्यसको आधारमा नयाँ संविधान बनाउनुपर्छभन्ने ठहर पनि गरेको बताइएको थियो।

काठमाडौंमा पत्रकार सम्मेलन गरेर उपरोक्त निर्णय सार्बजनिक गरिएको हाल दुईहप्ता बितेपनि सो समूहले आफ्नो पार्टीका निर्णयहरु कार्यान्वयन गराउन कुनैपनि पहल गरिरहेको छैन। बरु त्यही विदेशीले बनाइदिएको भनिएको सरकारले गराउन लागेको निर्वाचनमा भाग लिनका लागि निर्वाचन आयोगमा कम्युनिष्ट पार्टी, नेपाल नामक पार्टी दर्ता गरेको छ। यसअघि सो पार्टीले 'नेकपा' शब्दको प्रयोगगर्दै आएकोमा अब 'कपाने' भएको छ। गतसाता एकीकृत समाजवादीको केन्द्रिय समितिको बैठक भएको थियो। एमालेबाट फुटेर बनेको सो पार्टीले माओवादी केन्द्रसँग पार्टी एकतागर्नका लागि उक्त बैठक गरेको भनियो। तर सो बैठकले बाँकी रहेका अन्य दलहरुसँगको एकतालाईसमेत बिथोलने काम गऱ्यो। पार्टी स्थापना भएको तीन बर्षपछिनै अध्यक्ष माधवकुमार नेपालले पार्टीलाई माओवादी केन्द्रमा बिलय गराउने प्रयास गरेपछि चर्को बिरोध भएको थियो। माधव नेपाल एमालेको **बाँकी ७ पेजमा**

# पुन: थालिएको आन्दोलन र सर्बदलीय, सर्बपक्षीय सरकारको माग

काठमाडौं, ११ कातिक। बिभिन्न पार्टीहरुले काठमाडौं उपत्यका लगायत देशका बिभिन्न भागमा आन्दोलन थालेकाले आगामी फागुन २१ को निर्वाचन अनिश्चित बन्दैगएको छ। प्रधानमन्त्रि सुशीला कार्कीले गत भदौ २४ गतेको बिध्वंशगर्नेहरु माथि कारवाहीगर्न नसक्ने र नेकां र एमाले लगायतका प्रमुख दलहरुलाई सहमतिमा लिननसक्ने होभने पदबाट राजीनामागर्न बाध्य हुनुपर्ने अवस्था पनि आउन सक्छ।

गत केही दिन अघि नेकां र एमालेले सिन्धुली लगायतका जिल्लाका सदर मुकामहरुमा संयुक्त प्रदर्शन गरेका थिए। एमालेले गतसाता अर्घाखाँची लगायतका जिल्लामा बर्तमान सरकार बिरुद्ध एकल प्रदर्शन पनि गरेको थियो। गतसाता मंगलबार क्रान्तिकारी कम्युनिष्ट पार्टीलगायतका ११ वटा बामपन्थी दलहरुले विदेशी हस्तक्षेप बिरुद्ध काठमाडौंको माइतिघर मण्डलामा प्रदर्शन गरेका थिए। प्रदर्शनमा बिभिन्न वामपन्थी, देशभक्त तथा जनवादी पार्टी तथा संगठनहरुको संलग्नता रहेको बताइएको थियो। जसमा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी, नेकपा (बहुमत) वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल, नेकपा ( मार्क्सवादी) पुष्पलाल, प्रतिरोध आन्दोलन,समृद्धि पार्टी लगायतका दल र संगठनहरु रहेका थिए। उक्त प्रदर्शनमा साम्राज्यवाद, प्रतिगमन,र यथास्थितिवादको प्रतिरोध गरौं। राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र अग्रगामी राजनीतिक निकाशका लागि एकजुट होऔं लगायतका नाराहरु लगाइएका थिए। सो कार्यक्रममा बोल्दै क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका स्थायी समिति सदस्य सन्तबहादुर नेपालीले कम्युनिष्ट, बामपन्थी र देशभक्त शक्तिहरु एकजुट हुनपर्ने बताउनुभएको थियो। साम्राज्यवादीहरु घर घरै आइपुगेको बताउँदै नेपालीले सुशीला कार्की नेतृत्वको सरकार साम्राज्यवाद र विस्तारवादको मिलेमतोमा बनेको दाबि गर्नुभएको थियो। उहाँले नेपाललाई विदेशीहरुले रणमैदान बनाउन खोजेकोहुँदा देशलाई त्यो स्थितिमा पुग्न नदिन संघर्षको मैदानमा आउनु परेको खुलाशा पनि गर्नुभएको थियो। त्यसैगरी नेकपाका संयोजक लोकनारायण सुवेदीले अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार दलाल पूँजीवादले नेपालका दलाल नेताहरुलाई सञ्चालन गरिरहेकोले देश बचाउने आन्दोलन आवश्यक रहेको बताउनुभएको थियो। नेकपा (बहुमत) का बद्री चौलागाईले संसदीय व्यवस्थालाई फालेर राष्ट्रिय स्वाधीन सरकार बनाउनुपर्ने आवश्यकता औल्याउनुभएको थियो।

कार्यक्रममा वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपालकी रुपा सुनार, कम्युनिष्ट समाजवादीकी इन्दिरा अधिकारी, अर्को नेकपाका रामबहादुर भण्डारी, समाजवादी कम्युनिष्ट पार्टीका हरिकृष्ण गजुरेल, रेड फोर्सका सि.वि.सिंह, अशोक सुवेदी लगायतले मन्तव्य राख्नुभएको थियो। उक्त पार्टीहरुले साम्राज्यवाद बिरोधी आनदोलनलाई निरन्तरता दिन मोर्चा गठनगर्ने प्रयास गरिरहेको बताइएको छ। त्यसैगरी नेत्रबिक्रम चन्द नेतृत्वको कम्युनिष्ट पार्टी, नेपालले पनि अलग्गै जनसंघर्षको घोषणा गरेको देखिएको छ। सो पार्टीको गत असोज २६ देखि ३० गतेसम्म कपिबस्तुको शिवगढीमा बसेको नवौं केन्द्रीय समितिको तेश्रो विशेष बैठकले जनसंघर्षगर्ने निर्णय गरेको भनिएको थियो। सोहि बैठकको निर्णयअनुसार गत १३ गतेसम्म भित्ते लेखन गरिएको थियो। भित्ते लेखनमा लागि सर्वपक्षीय अन्तरिम सरकार गठन गर, भ्रष्टाचारको निष्पक्ष छानबिन गर,उच्चस्तरीय छानबिन आयोग गठन गर, भ्रष्टाचारीहरुलाई कारवाहीगर्न विशेष न्यायालय गठन गर, अग्राधिकार सहितको समाजवाद निर्माण गर, दलाल प्रकृतिका गैह्रसरकारी संस्थाहरु खारेज गर, आन्दोलनकारी माथि भएको दमन निष्पक्ष छानबिन गर, युवाहरुको लागि रोजगारीको ग्यारेन्टी गरजस्ता नारा प्रयोग गरिएका छन्।

त्यसैगरी सो पार्टीले हिजो १५ गते देशव्यापी मसाल जुलुस प्रदर्शन गरेको थियोचने भोली १७ गते देशव्यापी विरोध प्रदर्शनसहित कोणसभागर्ने भएको बताइन्छ। सो पार्टीले देशलाई शान्ति, स्थिरता, स्वाधीनता र अग्रगामी निकाश दिनका लागि देशभक्त समाजवादी, वामपन्थी, कम्युनिष्ट शक्ति सम्मिलित राजनीतिक गोलमेच सम्मेलन आयोजनागर्न पहलगर्ने, देशभरी बिभिन्न क्षेत्रका नागरिक, व्यवसायी, बुद्धिजीवीसँग अन्तरक्रिया सञ्चालनगर्ने र उल्लेखित विषयसहित राष्ट्रपतिको ध्यान आकर्षितगर्न ज्ञापनपत्र पेशगर्ने र आगामी २० गते काठमाडौंमा बृहत् जनसभाको आयोजनागर्ने कार्यक्रम समेत राखेको थाहाभएको छ। त्यसैगरी जेनजी समूहका बिभिन्न घटकहरुले आज १६ गतेबाट बर्तमान सरकार बिघटनको मागगर्दै काठमाडौं केन्द्रित आन्दोलनगर्ने घोषणा गरेका छन्। हाल जेनजीका नाममा बिभिन्न समूहहरु देखापर्न थालेका छन्। जसले बर्तमान सरकारमाथि दबाव बढाउँदै लगेको देखिएको छ। जेनजीद्वारा आह्वान गरिएको आन्दोलन समन्वय संघर्ष समितिले गतसाता मंगलवार काठमाडौंमा एक पत्रकार सम्मेलनगरी मुलुकलाई निकाश दिन राजनीतिक दलहरुसहितको सर्वपक्षीय अन्तिम सरकार गठन हुनुपर्ने माग गरेको थियो। राष्ट्रिय संकट समाधानका लागि राजनीतिक दल, नागरिक समाज र जेनजी आन्दोलनका प्रतिनिधि सम्मलित सो सरकार गठन हुनुपर्ने माग गर्नुपरेको समितिका प्रतिनिधि लेनिन विष्टले बताउनु भएको थियो। उहाँले बर्तमान सरकारले गहन छलफलगरी १८ महिनाभित्र संविधान संशोधन, निर्वाचन प्रणालीमा आमूल सुधार, राष्ट्रिय नीतिमा पुनरावलोकनगरी मुलुकलाई निर्वाचनमा लैजानुपर्ने जिम्मेवारी पूरागर्ने लक्ष्य राख्नुपर्ने आफूहरुको प्रस्ताव रहेकोसमेत बताउनु भएको थियो। विष्टले संक्रमणकालीन व्यवस्थापन राष्ट्रिय संकट समाधानका लागि छोटो अवधिका लागि सबै राजनीतिक दल, नागरिक समाज र जेनजी आन्दोलनका प्रतिनिधिहरु सम्मिलित उच्चस्तरीय समन्वय समिति गठन हुनुपर्ने, उक्त समितिले सर्वसम्मतिको आधारमा अन्तरिम सरकार गठनको प्रस्ताव राष्ट्रपति समक्ष पेशगर्ने बताउनु भएको थियो। यसैक्रममा नेपाली कांग्रेसका बिघटित **बाँकी ८ पेजमा**

# प्रतिनिधिसभा बिघटन बिरुद्ध उठेका प्रश्न र सरकारलाई सोधिएको प्रश्न

**यो साताको बिशेष**

काठमाडौं । सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनविरुद्ध परेका रिट निवेदनमाथि गत १२ गतेबाट बहस जारी छ । गत १२ गतेनै सर्वोच्चले सरकारका नाममा संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्त गनुका साथै त्यसरी नियुक्त प्रधानमन्त्रिको एकल सिफारिसका आधारमा संसद बिघटन गरिएको लगायतका बिषयमा सरकारसँग सातदिन भित्र लिखित जवाफ मागेको छ । जसको म्याद आगामी १९ गते पूरा हुँदैछ । २० गते सर्बोच्चबाट फैसला आउनसक्ने अपेक्षा गरिएको छ । सुनुवाइकाक्रममा वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुले प्रतिनिधिसभा विघटन र सरकार निर्माण प्रक्रिया संविधान सम्बत नभएको जिकिर गर्नुभएको छ । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरु सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुँयाल र डा मनोजकुमार शर्माको संवैधानिक इजलासमा शुरुकै बहसकाक्रममा डा सुरेन्द्र भण्डारीले पूर्वप्रधान न्यायाधीश सुशीला कार्की र सर्वोच्च अदालतका पूर्व न्यायाधीश अनिलकुमार सिन्हाको नियुक्ति संविधान विपरित भएको धारणा राख्नुभएको थियो । उहाँले गत भदौ २३ गतेको घटना र २४ गते सिंहदबार, सर्वोच्च अदालतलगायत संरचना जलाउने काम मानवताविरुद्धको अपराध सरह भएकोहुँदा सत्यमा कसैलाई पनि छुट दिन नमिल्ने जिकिर पनि गर्नुभएको थियो । नेपाल बार एशोसिएनका पूर्व अध्यक्ष गोपालकृष्ण घिमिरेले असंवैधानिक तरिकाले प्रतिनिधिसभाको विघटन भएको हुनाले निरन्तर सुनुवाइ गरेर प्रतिनिधिसभा पुनःस्थापना गर्नुपर्ने धारणा राख्नुभएको थियो । उहाँले निर्वाचनगर्ने कार्यसूची पाएको सरकारले दीर्घकालीन असरपार्ने राष्ट्रिय महत्वका कामगर्न रोक लगाउनुपर्ने बताउनुभएको थियो । वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले सरकार निर्माण प्रक्रिया र प्रतिनिधिसभा विघटन असंवैधानिक भएको धारणा राख्नुभयो । उहाँले सरकारको नियुक्ति प्रक्रियानै अवैध भएकाले त्यसको निरुपण नभइ निर्वाचन हुननसक्ने धारणा राख्नुभएको थियो ।

**संवैधानिक अधिकारबारे :** अधिवक्ता खम्मबहादुर खातीले सरकारले संवैधानिक अधिकार प्राप्तगर्न सक्ने अवस्था नभएकाले दीर्घकालीन असरपर्ने कुनैपनि कामगर्न नदिन अन्तरिम आदेश गर्नुपर्ने माग गर्नुभएको थियो । उहाँले संविधानअनुसार धारा ७६ अनुसार राष्ट्रपतिलाई अधिकार नभएको र वैकल्पिक सरकारभन्दा पनि संविधान मुलुकमा छकि छैनभन्ने गम्भीर सवाल रहेको बताउनुभएको थियो । रिट निवेदक डा प्रेमराज सिलवालले सरकार निर्माण प्रक्रिया र प्रतिनिधिसभा विघटन दुवै असंवैधानिक रहेको जिकिरगर्दै प्रतिनिधिसभा पुनःस्थापना गर्नुपर्ने माग गर्नुभएको थियो । गत भदौ २३ र २४ को आन्दोलनपछि सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन र प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्च अदालतमा परेका १६ वटा रिटमाथि भएको प्रारम्भिक सुनुवाइमा अधिकांश कानून व्यवसायीले अन्तरिम आदेश हुनुपर्ने माग राखेपनि सर्बोच्चले त्यस्तो आदेश नदिएका कारण गहन छलफल हुने र महत्वपूर्ण फैसला हुने ठानिएको छ । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले वरिष्ठताको रोलक्रममा रहेका न्यायाधीशहरु रहेको इजलास गठन गर्नुभएकाले पनि अदालतले संसद पुनर्स्थापना सम्बन्धी रिटलाई महत्व दिएको पाइएको छ । गतसाता बुधबार बिहान साढे ११ बजेबाट सुनुवाइ शुरुभएको थियो । रिट निवेदक अधिवक्ता प्रेम सिलवालले बहस शुरुगर्दै सुशीला कार्की नेतृत्वको सरकार असंवैधानिक भएको जिकिर गर्नुभएको थियो । जेनजी आन्दोलनपछि बनेको कार्की नेतृत्वको सरकारले शान्ति सुरक्षा कायमगर्न नसकिरहेका बेला सरकारले घोषणा गरेको निर्वाचनको औचित्य नभएको बताउनु भएको




थियो । अधिवक्ता सिलवालले जनताले निर्माण गरेको संविधानमाथि जालसाजीगर्न नहुने जिकिरगर्दै प्रतिनिधिसभा विघटन बदरको माग गर्नुभएको थियो । उहाँले बहस गरिरहँदा न्यायाधीश सपना प्रधान मल्लले इजलासबाट अन्तरिम आदेश जारी हुनु पर्ने कि नपर्ने ? पर्ने भए के के विषयमा अन्तरिम आदेश दिने ? भन्ने प्रश्न गर्नुभएको थियो । त्यसपछि अधिक्ता सिलवालले संसद विघटन बदरगर्न अन्तरिम आदेश जारी हुनुपर्ने जिकिर गनुभएको थियो । सिलवालपछि वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले प्रतिनिधिसभा विघटन विरुद्धको मुद्धामा दुई विषयमा अन्तरिम आदेश माग्नुभएको थियो । उहाँले संविधानमा थप क्षति हुन नदिन दुईवटा विषयमा स्पेसिफिक अन्तरिम आदेश जारी हुनुपर्ने माग गर्नुभएको थियो । जसमा पहिलो संवैधानिक प्रावधान विपरीतका कामकारवाही नगर्नू/नगराउनू । दोश्रो दूरगामी असर पर्ने कुनैपनि काम कारवाही नगर्नू/नगराउनू । यो आदेश सरकारलाई दिइनुपर्ने उहाँको माग थियो । वर्तमान सरकार अन्तरिम सरकार भएकाले यसको एकमात्र कार्य प्रतिनिधिसभाको निर्वाचन गराउनु तोकिएकाले दूरगामी असरपर्ने काम गर्नबाट रोक्नुपर्ने उहाँको आग्रह थियो । सरकार गठननै संवैधानिक होकि असंवैधानिक भन्ने प्रश्न रहेको हुनाले असंवैधानिक सरकारले चुनाव पनि गराउन सक्दैनभन्ने निवेदकको माग रहेको उल्लेखगर्दै उहाँले यसको निरुपण जतिसक्दो चाँडो हुनुपर्छ ।

**मुलुकमा देखिएको द्विबिधा :** मुलुकलाई द्विविधामा राख्ने अवस्था हुनुहुँदैन भन्नुभएको थियो । संवैधानिक इजलासले गम्भीरतापूर्वक समय तोकेर नियमित इजलासबस्ने व्यवस्था गर्नेगरी आदेश हुनुपर्ने उहाँको भनाइ थियो । गत भदौ २७ गते सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीको मन्त्रिपरिषद् बनेको छ । त्यो मन्त्रिपरिषद् गठन भएको कुरानै असंवैधानिक छभन्ने रिट निवेदकको माग छ । 'संविधानको धारा ७७ को उपधारा ७ को अवस्थामामात्रै प्रतिनिधिसभा विघटन हुन्छ' मैले सरकार गठन असंवैधानिक छ । अब प्रतिनिधिसभा विघटन पनि असंवैधानिक छभन्ने निवेदकहरुको माग रहेको छ र त्यो प्रतिनिधिसभा विघटन असंवैधानिक छभन्ने सन्दर्भमा तीन कुरा यसमा उल्लेख छ । हाम्रो संविधानले केवल संविधानको धारा ७७ को उपधारा ७ को अवस्थामामात्रै प्रतिनिधिसभा विघटनको परिकल्पना गरेको छ । त्योभन्दा बाहेक अरु अवस्थामा विघटनको परिकल्पना गरेको छैन । अहिले ७७ (७) को अथोरिटी प्रयोग गरेर विघटन भएको होइन । यो आफैं विघटन हुने अवस्थामा बाहेक विघटन हुनसक्दैन भनेर यस अगाडि यस इजलासले टुंग्याइसकेको विषय हुनाले विघटनसँग सम्बन्धित संविधानको धारा ७७ को उपधारा ७ मा पनि संवैधानिक प्रश्न निवेदकले उठाएको छ । प्रतिनिधिसभा विघटनको सम्बन्धमा प्रत्यक्ष सम्माननीय राष्ट्रपति कार्यालयबाट जारीभएको जुन विज्ञप्ति छ, त्यहाँ २०८२ भदौ २७ गते शुक्रबार रातको ११ बजेदेखि लागूहुनेगरी वर्तमान प्रतिनिधिसभाको विघटन गर्नुभएको छ र मिति २०८२ फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन गर्नेगरी मिति तोक्नुभएको छ उल्लेख छ । यहाँ कुनै संविधानका धाराहरु उल्लेख छैनन् । प्रतिनिधिसभा विघटन सम्बन्धी राष्ट्रपति कार्यालयबाट जारी भएको विज्ञप्तिमा कुन धाराको अधिकार प्रयोग गरेर यो विघटन गरियोभन्ने कुरा कहीँ पनि उल्लेख नभएको उहाँको तर्क थियो । त्यसैले प्रथम दृष्टिमै यो विघटनको प्रक्रिया असंवैधानिक देखिएकाले सबै मुद्धामा यो प्रश्न पनि उठाइएको छ ।

**लिखत जवाफका कुरा :** अधिवक्ता भट्टराईले अदालतले यस प्रकृतिका मुद्धापर्दा हाम्रो संवैधानिक इजलास कार्य सञ्चालन नियमावलीको नियमअनुसार ७ दिनभित्र लिखित जवाफ माग्ने जुन प्रचलन छ, त्यो नै अवलम्बन गरेको हुनाले अहिले पनि ७ दिनभित्रनै लिखित जवाफ माग्नुपर्ने तर्क गर्नुभएको थियो । ७ दिनभित्र लिखित जवाफ आइसकेपछि त्यसको भोलिपल्टदेखिनै यो मुद्धालाई नियमित सुनुवाइमा राखिनुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभएको थियो । प्रतिनिधिसभाको निर्वाचन आगामी फागुन २१ गते तोकिएकाले मुद्धा बिचाराधीन भएर बसिरहँदा सरकारलाई पनि एकखालको द्विविधा, राजनीतिक दलहरुलाई पनि द्विविधा र मतदातालाई पनि अर्को खालको द्विविधा हुने उनले उल्लेख गर्नुभयो । त्यसैले निर्वाचन हुने वा नहुने द्विविधाका कारण समग्र राजनीतिक र संवैधानिक प्रक्रियानै अवरुद्ध हुनजान्छ । उहाँले त्यो अवरुद्धताको कारणले जुन विषम परिस्थितिमा हामी अहिले उभिएका छौं, जति सक्दो चाँडो हामीलाई जनताको प्रतिनिधिमूलक संस्थाको उपस्थिति, प्रतिनिधिसभाको उपस्थिति अनिवार्य छ भन्नुभयो । जेनजी पुस्ताले सुशासन र भ्रष्टाचारको विरुद्धमा र संविधान संशोधनको पक्षमा माग राखेको थियो, यो सबै पूरागर्न जनप्रतिनिधिमूलक संस्थाको जति सक्दो चाँडो उपस्थिति अनिवार्य भएको हुनाले यो विषय विचाराधीन भएर बसिरहने कुराले त्यसलाई झन् अन्योल सिर्जना भएको हुनाले लिखित जवाफ आएको भोलिपल्ट नै यसको नियमित सुनुवाइ गर्नुपर्ने उहाँको जिकिर रहेको छ । उहाँले जति पनि सिफारिस र नियुक्ति छन्, सिफारिस र नियुक्तिसँग सम्बन्धित जुन फाइलहरु छन्, प्रत्यर्थी राष्ट्रपतिको कार्यालयबाट र प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट ती नियुक्तिका सिफारिसहरु, फायलहरु सबै मगाउनुपर्ने आवश्यकता रहेको तर्क गर्नुभएको छ ।

**संविधानको उल्लंघन किन ?** भट्टराईपछि वरिष्ठ अधिवक्ता सुरेन्द्र केसीले बहस गर्नुभएको थियो । रिट निवेदक युवराज पौडेलका तर्फबाट बहसगर्दै वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारीले संविधानभन्दा बाहिर गएर राष्ट्रपतिलाई अन्तरिम सरकार गठनगर्ने अधिकार नभएको जिकिर गर्नुभएको थियो । भण्डारीले जेनजीको माग संविधान संशोधन नभई पूरा हुननसक्ने दाबी गर्नुभएको थियो । उहाँले प्रधान न्यायाधीश र न्यायाधीश भएको व्यक्ति प्रधानमन्त्री र मन्त्री हुन नसक्ने पनि बताउनु भएको थियो । उहाँले जेनजी आन्दोलनमा भएको दमनको तत्काल अनुसन्धानगरी संलग्नहरुमाथि तत्काल फौजदारी मुद्धाको अनुसन्धान अघिबढाउन आदेशको माग गर्नुभएको थियो । सर्वोच्च अदालतमा बहसकाक्रममा उहाँले गत भदौ २३ को घटनालाई मानवता विरुद्धको अपराधभन्दै उनीहरुलाई नियमित फौजदारी कानून नुसार कारवाही हुनुपर्ने आदेशको माग गर्नुभएको थियो । बल प्रयोगगर्न आदेश दिने प्रधानमन्त्री, गृहमन्त्रीदेखि गोली चलाउन आदेश दिने प्रहरी महानिरीक्षक, प्रमुख जिल्ला अधिकारी एवं काठमाडौंका प्रहरी प्रमुख लगायतमाथि कारवाही हुनुपर्नेभन्दै उहाँले त्यसका लागि संवैधानिक इजलासले नै अन्तरिम आदेश जारी गर्नुपर्ने माग गर्नुभएको थियो । कतिपयले जाँचबुझ आयोगको प्रतिवेदनपछिमात्रै यस्ता अनुसन्धान अघिबढ्ने तर्क गरेको र त्यो उचित नभएकोभन्दै अनुसन्धान प्रक्रिया अघि बढाउन पनि अदालतले अन्तरिम आदेश दिनुपर्ने माग गर्नुभएको थियो । पूर्व महान्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता खम्मबहादुर खातीले राष्ट्रपतिले विकल्प हुँदाहुदै संविधानभन्दा बाहिर गएर सरकार गठन भएकाले संसद पुनर्स्थापना हुनुपर्ने जिकिर गर्नुभएको थियो । उहाँले जेनजीको माग प्रतिनिधिसभा पुनर्स्थापना गरेर दुईतिहाइ बहुमतको आधारमामात्रै संविधान संशोधन गरेर पूरागर्न सकिने दाबी गर्नुभएको थियो । वरिष्ठ अधिवक्ता खातीले गत भदौ २७ को राजपत्र देखाउँदै राष्ट्रपति रामचन्द्र पौडेलले आफूसँग नभएको अन्तरनिहित अधिकार प्रयोग गरेको जिकिर गर्नुभएको थियो । उहाँले राष्ट्रपतिका काम कारवाही र विज्ञप्तिका विषयवस्तु विरोधाभाषयुक्त रहेकोभन्दै प्रश्न समेत गर्नुभएको थियो । उहाँले वैकल्पिक सरकार गठनको प्रयास नै नगरी राष्ट्रपतिले कसरी पूर्वप्रधान न्यायाधीशको नेतृत्वमा अन्तरिम सरकार बनाउनुभयो ? भन्नुभएको थियो । त्यसपछि न्यायाधीश कुमार रेग्मीले त्यतिबेलाको अवस्था के थियो ? हामी सबैलाई थाहा छ । वैकल्पिक सरकार गठनको अवस्था थियो र ? भन्नुभयो । वरिष्ठ अधिवक्ता खातीले त्यतिबेला अर्को सरकार गठनका लागि सूचनानै आएन नि भन्ने प्रश्न गर्नुभएको थियो ।

**नजिरको प्रश्न उठ्दा :** प्रतिनिधिसभाबाटै अर्को सरकार गठनको अर्को विकल्प छँदासम्म विघटनगर्न नमिल्ने सर्वोच्चको विगतको फैसलाको नजिरनै रहेको उनले उल्लेख गर्नुभएको थियो । राष्ट्रपतिले संविधानको धारा ७६ मा नगई गैरसंवैधानिकरुपमा सरकार गठन गरेको उहाँले जिकिर गर्नुभएको थियो । उहाँले संकटकाल लागूभएको अवस्था वा सार्वजनिक सम्झौता गरेर बनेको सरकार होइन । यसअघि पनि फैसलाहुँदा बैकल्पिक सरकार गठनको अवस्था रहँदासम्म विघटन गर्न पाइँदैन भन्ने रहेको तर्क गर्नुभएको थियो । संवैधानिक इजलासमा बहसगर्दै वरिष्ठ अधिवक्ता खातीले वर्तमान प्रधानमन्त्री सुशीला कार्कीलाई नियुक्तगर्ने राष्ट्रपतिको निर्णय नै गैरसंवैधानिक रहेको दाबी गर्नुभएको थियो । खातीले यो सरकारलाई संसद् विघटनगर्ने अधिकार छैन । लिगल स्टाटस नभएको सरकारले संसद् विघटनगर्न पाउँदैन । वैकल्पिक सरकार बनाउने सम्भावना रहँदा रहँदै यो राष्ट्रपतिले गैरसंवैधानिक तरिकाले सरकार गठन गर्नुभयो भन्नुभएको थियो । उहाँले राष्ट्रपतिमा अन्तरनिहित संवैधानिक अधिकार प्रयोग गरेर नियुक्त गरिएको भनिएको छ, तर त्यो अधिकार उहाँलाई छैन । राष्ट्रपतिले केगर्न मिल्ने, के नमिल्ने भन्ने संविधानको धारा ६६(२) मा उल्लेख रहेको बताउनु भएको थियो । अधिवक्ता अनन्त लुइँटेलले राष्ट्रपति रामचन्द्र पौडेलले संविधानभन्दा बाहिरबाट सुशीला कार्की नेतृत्वको सरकार गठन गरेको जिकिर गनुभएको थियो । शुरुमा राष्ट्रपतिले सरकार गठन गर्नुभयो, त्यसपछि संसद् विघटन भयो । धारा ६१ ले राष्ट्रपतिलाई सरकार गठनको बाटो दिएको होइन । संविधानलाई गलत नियतले प्रयोग गर्नुभयो । संवैधानिक व्यवस्था अनुसार कतैबाट पनि प्रधानन्यायाधीश भइसकेको व्यक्तिलाई प्रधानमन्त्री बनाउन मिल्दैन भन्नुभएको थियो । अधिवक्ता रेग्मीलाई रोक्दै न्यायाधीश कुमार रेग्मीले इजलासबाट देशको कठीन अवस्था पनि बुझ्नुपर्ने होला नि ? राष्ट्रपतिले वक्तव्यमा विषम परिस्थिति भनेर भन्नुभएको थियो निभन्ने प्रश्न गर्नुभएको थियो । त्यसपछि अधिवक्ता लुइँटेलले संविधानको धारा ३०५ ले बाधा अड्काउ फुकाउको कुरा गर्नुभएको थियो । उहाँले त्यो भनेको नियमित अवस्थामा राष्ट्रपतिले गर्न सक्ने भन्ने हो । अहिलेको अवस्था भनेको अघिल्लो नजिरभन्दा पृथक अवस्था हो । जस्तो, सर्वोच्च अदालतको भवन जले पनि यहाँ विधि शासन प्रणाली छ तर सरकार गठन गर्दा संविधानकै पालना भएन श्रीमान् भन्नुभएको थियो । संसद विघटन विरुद्धको बहसमा अधिवक्ता भद्रप्रसाद नेपाल (स्वागत नेपाल)ले भोलि वकिलहरुले आन्दोलनको बलमा प्रधानन्यायाधीशलाई हटाएर अर्को नियुक्ति गर्छौंभने के हुन्छभनेर प्रशंग निकालेपछि प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत झोस्किनुभएको थियो । शुरुमा अधिवक्ता नेपालले प्रधानमन्त्री सुशीला कार्कीले कुनैपनि कामगर्न नपाउनेगरी अन्तरिम आदेश जारी गर्नुपर्ने बताउनु भएको थियो । न्यायाधीश कुमार रेग्मीले सरकारले कुनै पनि कामगर्न नपाउने गरी अन्तरिम आदेश जारी गरे सरकारविहीनताको अवस्था हुँदैन ? भन्ने प्रश्न सोध्नुहुँदा त्यसको जवाफमा अधिवक्ता नेपालले अहिलेको स्थितिमा संविधान रक्षा गर्नुपर्ने दायित्व राष्ट्रपतिको हो कि होइन ? भन्ने अर्को प्रश्न गर्नुभएको थियो । त्यसको जवाफ इजलासले दिनुपर्ने उहाँले तर्क राख्नुभएको थियो । अन्तरिम आदेशबाटै इजलासले जवाफ दिनुपर्ने अधिवक्ता नेपालको भनाई थियो । उहाँले इजलासमा थपप्रश्नगर्दै आन्दोलनकारीले संविधान मान्छौं भनिरहेका थिए, तर संविधानको खतरा देखाएर संविधानभन्दा बाहिरबाट प्रधानमन्त्री किन नियुक्ति गरियो ? यस्तै अवस्थामा राष्ट्रपति र प्रधानमन्त्रीको परीक्षा हुने हो श्रीमान् भन्नुभएको थियो । बहसकैक्रममा अधिवक्ता नेपालले इजलासतिर इंगितगर्दै भोलि वकिलहरुले आन्दोलन गरेभने प्रधानन्यायाधीशलाई सिधै हटाएर भोलि अर्को प्रधानन्यायाधीश ल्याउन सक्नुहुन्छ ? भन्नुभएको थियो । त्यसपछि प्रधानन्यायाधीशले अधिवक्ता नेपाललाई रोकेर विद्वानजी सुन्नुस् । तपाईंभन्दा धेरै पहिल्यैदेखि यो बेन्च त सुनुवाइ गरेर बसेको होनि, त्यसका कारण तपाईं हेक्का राखेर आफ्नो कुरा राख्नुस् भन्नुभएको थियो । अब सरकारी प्रत्युतर आएपछि थप बहस हुने र देशले निकाश पाउने सबैले अपेक्षा गरेका छन् । नेकां र एमाले लगायतका दलहरुले भने एकातिर संसद पुनर्स्थापना भएमा नयाँ सरकार गठनको तयारी गरिरहेका छन्भने अर्कातिर आगामी फागुन २१ को निर्वाचनको तयारी पनि गरिरहेका छन् । अर्कातिर बर्तमान सरकारले नयाँ मतदाता संकलन, कर्मचारीहरुको हेरफेर लगायतका तयारी पनि तीब्र बनाएको देखिएको छ ।

# सर्वपक्षीय अन्तरिम सरकार गठनको प्रस्ताव र संभावनाहरु

**विवेक शर्मा**

सर्बोच्चले गत १२ गतेको मितिले सातदिन भित्र सरकारका नाममा कारण देखाउ आदेश पनि जारी गरेको छ। त्यसरी ०७२ को संविधान बिपरित भएको कार्यलाई माओवादी केन्द्रलगायतका केही संसदवादी दलहरुले खुलेरै समर्थन गरेभने नेकां र एमाले पर्ख र हेरको अवस्थामा रहेका छन्। उनीहरुले संसद पुनर्स्थापना भए त्यसै आधारमा नयाँ सरकार बनाउने र नभए आगामी निर्वाचनमा भाग लिएर भएपनि सत्ता कब्जा गरेर छाड्ने जुन नीति लिएका छन्, त्यसले बर्तमान सरकार र राष्ट्रपति दुबैलाई चुनौती दिएको छ। गत मंगलबार क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल लगायतका ११ बामपन्थी दलहरुले काठमाडौंको माइतिघर मण्डलामा नेपालमा भैरहेको साम्राज्यवादी हस्तक्षेपका बिरुद्ध प्रदर्शन गरे।

नेपालको बर्तमान तरल राजनीतिमा बिभिन्न पक्षहरु खेलिरहेको देखिएको छ। जसमा गत भदौ २७ गते संसदको बर्षे अधिवेशन कायमै रहेको अवस्थामा राष्ट्रपति रामचन्द्र पौडेलले संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्त गर्नुकासाथै त्यसरी नियुक्त प्रधानमन्त्रिको एकल सिफारिसमा मौजुदा संसदनै बिघटन गरिदिनु भएको थियो। जुन कार्य ०७२ को संविधान बिपरित भएको कुरा गत १२ गतेबाट सर्बोच्च अदालतमा शुरुभएको संसद पुनर्स्थापना सम्बन्धी बहसमा गंभिरताकासाथ उठेको छ। सर्बोच्चले गत १२ गतेको मितिले सातदिन भित्र सरकारका नाममा कारण देखाउ आदेश पनि जारी गरेको छ। त्यसरी ०७२ को संविधान बिपरित भएको कार्यलाई माओवादी केन्द्रलगायतका केही संसदवादी दलहरुले खुलेरै समर्थन गरेभने नेकां र एमाले पर्ख र हेरको अवस्थामा रहेका छन्। उनीहरुले संसद पुनर्स्थापना भए त्यसै आधारमा नयाँ सरकार बनाउने र नभए आगामी निर्वाचनमा भाग लिएर भएपनि सत्ता कब्जा गरेर छाड्ने जुन नीति लिएका छन्, त्यसले बर्तमान सरकार र राष्ट्रपति दुबैलाई चुनौती दिएको छ। गत मंगलबार क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल लगायतका ११ बामपन्थी दलहरुले काठमाडौंको माइतिघर मण्डलामा नेपालमा भैरहेको साम्राज्यवादी हस्तक्षेपका बिरुद्ध प्रदर्शन गरे। सो प्रदर्शनमा एकातिर साम्राज्यवाद, प्रतिगमन र यथास्थितिको प्रतिरोध गरौं ! राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र अग्रगामी राजनीतिक निकाशका लागि एकजुट होऔं ! लगायतका नारा लाग्योभने अर्कातिर स्वतन्त्र जनपक्षीय सरकार गठनको माग पनि भयो।

सोहीदिन जेनजी आन्दोलन अगुवाई गर्नेहरुमध्येका एक राजनीतिक अभियन्ता लेनिन विष्टले सर्वपक्षीय अन्तरिम सरकार गठनमार्फत देशको निकाश खोज्नुपर्ने प्रस्ताव अगाडि सार्नुभएको थियो। जेनजी आन्दोलन समन्वय संघर्ष समितिको व्यानरमा पत्रकार सम्मेलनको आयोजनागरी विष्टको समूहले सबै राजनीतिक दल, नागरिक समाज र जेनजीका प्रतिनिधिको सिफारिशमा अन्तरिम सरकार गठन गर्नुपर्ने अवधारणा अगाडि सारेको थियो। संविधान संशोधन र निर्वाचन कानूनमा आमूल सुधारमार्फत नयाँ निर्वाचनगर्नका लागि अन्तरिम सरकारलाई १८ महिनाको समय दिन उपयुक्त हुने सो समूहको प्रस्ताव थियो। त्यसबारे कतिपय राजनीतिक दलहरुसँग संवाद भएकोसमेत दाबीगर्दै विष्टले राष्ट्रिय संकट समाधानका लागि छोटो अवधिका लागि अन्तरिम सरकार बनाउनुपर्छ। यसका लागि सबै राजनीतिक दल, नागरिक र जेनजी प्रतिनिधिहरु सम्मिलित उच्चस्तरीय समितिले सर्वसम्मतिको आधारमा अन्तरिम सरकार गठनका लागि राष्ट्रपतिलाई आह्वानगर्ने कुरा अगाडि सार्नुभएको थियो। उहाँले वर्तमान संकटलाई चिर्दै व्यावहारिक निकाश यही हुने जिकिर गर्नुभएको थियो। उहाँले राष्ट्रिय सहमतिको जुन कुरा गरेका छौं, दुई ठूला दल र अन्य दलका शीर्ष नेतासँग पनि भइरहेको प्रक्रियालाई सघाउन नेतृत्वलाई राजनीतिबाट बिदा हुन र राष्ट्रिय सहमतिमा सहकार्यगर्न छलफल अगाडि बढाएका छौं। बृहत् छलफल गरेर केही दिनमा राष्ट्रिय सहमतिको खाका अगाडि सार्छौं पनि भन्नुभएको थियो। त्यसैगरी नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रबिक्रम चन्दले पनि देशलाई निकाश दिनका लागि सर्वपक्षीय अन्तरिम सरकार अनिबार्य भएको बताउनु भएको छ। नेपालको राष्ट्रिय स्वाधीनता विश्व भूराजनीतिको सर्वाधिक चपेटामा परेको छ। जनताका अधिकारहरु जोखिममा परेका छन्। सुशीला कार्कीको अन्तरिम सरकार जनता माझ असफल बन्दैगएको छ। यो वेला देशभक्त, बामपन्थी, समाजवादी, कम्युनिष्ट शक्तिहरुका बीचमा नयाँ मोर्चाबन्दि, सहकार्य र अग्रगामी परिवर्तन जरुरी रहेको उहाँको भनाई रहेको छ। उहाँले आफ्नो पार्टीको धारणा देशलाई निकाश दिनका लागि सर्वपक्षीय अन्तरिम सरकार, संविधानको संशोधन र पुनरलेखनकै रहेको पनि बताउने गर्नुभएको छ। सो पार्टीको गत असोजमा भएको केन्द्रिय समितिको बैठकलेनै देशभक्त र बामपन्थीहरुको सरकारको नारा पारित गरेको थियो। हालआएर एमालेका अध्यक्ष केपी ओलीलेसमेत वर्तमान संकट टार्न आफू प्रधानमन्त्री नबन्नेगरी जेनजीसहितको सहभागितामा सर्वपक्षीय सरकार गठनको प्रस्ताव अघिसार्न थाल्नुभएको छ। गतसाता राष्ट्रिय मानवाधिकार तथा सामाजिक न्याय मञ्च (मानवाधिकार एलाइन्स) को टोलीसँग भएको भेटवार्ताकाक्रममा ओलीले सर्वपक्षीय सरकार बनाउने प्रस्ताव गर्नुभएको थियो।

ओलीले असंवैधानिकरुपमा विघटित प्रतिनिधिसभाको पुन:स्थापना, प्रतिनिधिसभाबाट तुरुन्तै संविधान संशोधनगरी संसद सदस्य नरहेको व्यक्ति पनि चुनावी सरकारको प्रयोजनका लागि दलहरुको सहमतिमा राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्त हुनसक्ने व्यवस्था, जेनजी आन्दोलनका नाममा आफूलाई प्रधानमन्त्रीबाट हटाइए पनि थप तिक्तता बढ्न नदिन आफूद्वारा पुन: प्रधानमन्त्रीको दावी नगर्ने, जेनजीसहितको सहभागितामा सर्वदलीय/सर्वपक्षीय सरकार गठन, उक्त सरकारद्वारा तीन महिनाभित्र निर्वाचन, त्यसोगर्दा फागुन २१ कै घोषित मितिमा नयाँ प्रतिनिधिसभाको निर्वाचनगर्न सम्भव र संविधान र लोकतन्त्रलाई लिकमा ल्याउन यी सबै कामको सुनिश्चितताका लागि राजनीतिक दलहरुबीच अग्रिम सहमति निर्माण लगायतका प्रस्ताव राखेको पाइएको छ। बिचारणिय कुरा के पनि छभने गत भदौ २३ र २४ गते भएको आन्दोलनको बलमा गठन भएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकार अप्ठ्यारोमा पर्दैगएको छ। प्रमुख संसदवादी दल र जेनजी समूहका भनिएका कतिपय नेताहरुनै बर्तमान सरकारको काम कारवाहीप्रति नाराज बन्दै गएको देखिएको छ। जुन कुरा गत १२ गते प्रधानमन्त्रिको सरकारी निवास बालुवाटारमा भएको त्रिपक्षीय छलफलमासमेत व्यक्त भएको थियो। गत भदौ २३ र २४ गते ठूलो संख्यामा हताहती र विध्वंशमा परिणत भएको जेनजी आन्दोलन र नयाँ सरकार गठनमा निर्णायक भूमिका खेलेको चर्चा भएका काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहको निरन्तर बढ्दो दबाबले प्रधानमन्त्री सुशीला कार्कीनै अप्ठ्यारोमा पर्न थाल्नुभएको पाइएको छ। सरकार गठनमा निर्णायक भूमिका खेलेका भनिएका मेयर साहले यसबीचमा प्रधानमन्त्री कार्कीलाई दुईपटक भेटिसक्नुभएको छ। अघिल्लोपल्ट आफ्ना एक विश्वासपात्र कुमार बेनसहित सौहार्द गफगरी बालुवाटारबाट फर्किनुभएको भनिएका साह पछिल्लो पटकभने एक्लै प्रधानमन्त्री निवास पुग्नुभएको थियो। दोश्रो पटकको बालुवाटार भेटमा साह सरकारमाथि दबाब बढाउनेगरी प्रस्तुत हुनुभएको समाचार बाहिर आएको थियो। केही वर्षअघि 'इनफ इज इनफ'अभियान चलाएर चर्चामा आउनुभएका अभियन्ता 'ई' ले पनि बर्तमान सरकारलाई दबाव बढाएको चर्चा चल्नथालेको छ। जेनजी नामका बिभिन्न समूह र मेयर बालेनको अस्वाभाविक दबाब तथा प्रभावका कारण कामगर्न अप्ठ्यारो भएको राजनीतिक दलहरुसँगको छलफलमा स्वयं प्रधानमन्त्री कार्कीले बताउनु भएका कुराहरु पनि बाहिर आएका छन्। प्रम कार्कीले दलले पनि जेनजीसँग छलफल गर्नुपर्‍यो। जेन-जीका कहिले के, कहिले के कुरा आउँछन्। हामीलाई उहाँहरुलाई कन्भिन्सगर्न गाह्रो भयोभन्दै आउनु भएकोमा गत बुधबार त्यस्तो छलफलको पनि आयोजना गरिएको थियो। तर त्यसले पनि राम्रो निष्कर्ष निकाल्न नसकेको देखिएको छ। पछिल्लो समय सामाजिक सञ्जालमा रक्षात्मक बनेका बालेन पूर्व प्रधानमन्त्री केपी ओली, पूर्वगृहमन्त्री रमेश लेखकलगायत नेतालाई जसरी पनि पक्राउ गर्नुपर्ने अडान लिइरहनु भएको पाइन्छ। तर गौरीबहादुर कार्कीको नेतृत्वमा बनेको आयोगले जेनजी आन्दोलनमाथिको दमन र त्यसपछिको विध्वंशबारे छानबिन गरिरहेका बेला यत्तिकै ओली र लेखकलाई पक्राउगर्न कानूनी तथा व्यावहारिक कठीनाइ हुने देखिएको छ। जुनकुरा पूर्वप्रधान न्यायाधीश समेत रहनुभएकी प्रधानमन्त्री कार्कीले समेत स्वीकार गरिसक्नु भएको छ। त्यसो त २३ गतेको आन्दोलनमा मृत्यु भएकाहरुका परिवारले समेत ओली र लेखकविरुद्ध किटानी जाहेरी दिन नसकेको अवस्था छ। कुनै बेला सिंहदरबार जलाउँछु भन्दै फेसबुकमा स्टाटस लेख्नुभएका बालेन साह सिंहदरबार जलेपछि नैतिक रुपमा अप्ठ्यारोमा परेपनि बर्तमान सरकार र छानविन आयोगले त्यसलाई प्रमाणका रुपमा लिन सकिरहेको छैन। अब कथंकदाचित संसद पुनस्थापना भयो अथवा आगामी निर्वाचनबाट नेकां र एमाले लगायतका पुराना दल सत्तामा फर्किएभने आफू अप्ठ्यारोमा पर्ने डर बालेनमा रहेको देखिएको छ। अर्कोतर्फ मेयर बालेन र मेडिकल व्यवसायी दुर्गा प्रसाईंबीचको बिवाद पनि सुन्नेहरुका लागिसमेत आश्चर्यको बिषय भएको छ। उहाँहरु दुबैजना जसरी पनि स्थितिलाई साम्य बनाउनेभन्दा चर्काउनेमा लागेको देखिएको छ। राष्ट्र, राष्ट्रियता, धर्म-संस्कृति बचाउ महाअभियानका संयोजकसमेत रहनुभएका व्यवसायी दुर्गा प्रसाईंले निरन्तर आफूलगायत केही व्यक्ति लक्षित भड्काउ अभिव्यक्ति दिएको भन्दै बालेनले तुरुन्तै निगरानी तथा नियन्त्रणमा लिनुपर्ने माग गर्नुभएको बताइन्छ। प्रशाइँले आगामी मंसिर सातगतेबाट फेरी देशब्यापि चरणबद्ध आन्दोलनको घोषणा गरिसक्नु भएको छ। कतिपयले बर्तमान सरकारले विद्रोहीहरुको म्याण्डेट कार्यान्वयन नगरे फेरी **बाँकी ७ पेजमा**

# नेपाल चीनबीचको ब्यापारमा निरनतर असहज अवस्था

काठमाडौं। नेपालमा एकपछि अर्को राजनीतिक समस्या सिर्जनाहुँदा जनजीवनका अन्य क्षेत्रमासमेत असर गरेको देखिएको छ। यसैक्रममा छिमेकी चीनको स्वशासित तिब्बतको न्यालम प्रशासनले आवश्यकताअनुसार कन्टेनर आउजाउमा कड्याइ गरेपछि नेपाली व्यवसायीले किनेका करोडौं रुपैयाँ बराबरका मालवस्तु बाटैमा अलपत्र परेका छन्। तर नेपालको सरकार भने त्यसबारे बेखबर रहेको छ।

रसुवा नाका बन्द भएपछि गत असारदेखिनै चिनियाँ क्षेत्रमा रोकिएका सामान नेपाल भित्रिन नसकेको ब्यवसायीहरुको भनाई छ। तातोपानीबाट पनि ढुवानीका साधन न्यून संख्यामा मात्र आउजाउ गर्न दिइएको छ। त्यहाँबाट कन्टेनरहरु नछाडेका कारण गत दशैं र तिहारका लागि किनिएका सामानसमेत अझसम्म पनि नेपाल भित्रिन पाएका छैनन्। दशैंअघि नै उत्तरी नाकामध्ये एकमात्र विकल्प तातोपानी रहेको थियो। तर त्यतिबेला लगातार दुई महिनाभन्दा बढी समय अरनिको राजमार्गको कोदारी खण्डसडक अवरुद्ध भयो। ब्यापरीले फलफूल बोकाएर भन्सार यार्डसम्म ल्याए। तर अन्य सामान चीतर्फकै गोदाममा राखिएको थियो। हाल सडक सञ्चालन भए पनि तिब्बतको नेलाम प्रशासनले मालवाहक कन्टेनर सीमित संख्यामा छोडेका कारण नेपाली व्यापारी फेरी पनि मारमा परेका छन्। नेपाल हिमाल सीमापार वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गंगाबहादुर घिमिरेले चीनको ल्हासा, नेलाम, केरुङलगायत शहरमा आफूहरुका सामान अलपत्र भएको बताउनु भएको छ। उहाँका अनुसार कतिपय सामान कन्टेनरमा लोड गरेर राखिएको छभने कतिपय गोदाममै रहेका छन्। रसुवा नाका बन्द भएपछि केरुङमा गोदाम गरेका कतिपय सामान उतै अलपत्र छन्। तातोपानीतर्फ ल्याइएका सामान पनि नेपाल भित्रिन सकेका छैनन्। तातोपानी नाकामा निर्भर हुन कठीन भएपछि व्यवसायीहरुले मुस्ताङको कोरला भन्सार नाका पनि प्रयोगगर्न थालेको जानकारहरुको भनाई छ।

तातोपानी र रसुवा नाका बन्द भएका कारण दशैंअगावै कोरला नाकाबाट इलेक्ट्रिक भेहिकलसहित व्यापारिक मालवस्तु आयात गरिएको थियो। कोरला नाका नियमित सञ्चालनमा रहेको छ। तर अब गतसाताबाट हिउँपर्नथालेका त्यहाँ पनि अवरोधको अवस्था सिर्जना भएको छ। नेपालको सीमापार वाणिज्य संघले नेपालस्थित चिनियाँ दूतावासलाई पनि कन्टनेरको संख्या बढाएर व्यापार सहजीकरणका लागि पहल गरिदिन लिखित अनुरोध गरेको छ। प्रतिदिन ४० देखि ५० कन्टेनर सामानमात्र आयात भए पनि व्यापारीहरुका सामान काठमाडौं भित्रिनसक्ने बताइन्छ। हालको अवस्थामा दिनको १५ देखि २० वटा कन्टेनरमात्र सामान छाड्ने गरिएको छ। बेला बेलामा सडक अवरुद्ध हुने र पर्याप्त कन्टेनर आउजाउगर्न नदिइने भएकाले पनि यसले भन्सार राजस्वमा समेत प्रत्यक्ष असर गरेको जानकारहरुको भनाई छ।

खासा र तिब्बत क्षेत्रमा भौतिक संरचना मर्मत भइरहेको र स्थानीय सरकारी कार्यालयबीच समन्वय नभएका कारण पनि कन्टेनर छाड्ने विषयले प्राथमिकता नपाएको सीमा प्रशासनका अधिकारीहरुको ठम्याइ छ। भूकम्पपछि तातोपानीको मितेरी पुलबाट सर्वसाधारणलाई खासा जान मान्छेको आउजाउ पूर्णरुपमा बन्द गरिएको छ। रसुवाको मितेरी पुल बगाएका कारण गत असारदेखि मानसरोवर जाने तीर्थयात्रुका लागि तातोपानीनको बाटो प्रयोगगर्न दिइएको थियो। **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## दक्षिण कोरियामा भएको ट्रम्प र सीबीचको भेटले दिन खोजेको सन्देश

**कर्तव्य**

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र चीनका राष्ट्रपति सी जिनपिङबीच गतसाता बिहीबार दक्षिण कोरियामा भेटघाट भएपछि बिश्वमै बिभिन्न किसिमका आंकलन र टिकाटिप्पणीहरु शुरुभएका छन्। सो भेट एशिया-प्यासिफिक इकोनोमिक कोअपरेसन (एपेक) शिखर सम्मेलनको साइडलाइनमा भएको थियो। जहाँ दुईजना नेताले मुख्यतया व्यापार सम्झौताको मुद्धामा छलफल गर्नुभएको थियो। बिभिन्न अन्तराष्ट्रिय समाचार संस्थाका समाचार बिवरणहरुअनुसार भेट शुरु हुनुअघि ट्रम्पले आफ्नो छोटो टिप्पणीमा बैठक निकै सफल हुने विश्वास व्यक्त गर्नुभएको थियो। ट्रम्पले दुई देशबीच सधैं



राम्रो सम्बन्ध रहेको बताउनु भएको थियो। यसैगरी सीले आफ्नो प्रारम्भिक टिप्पणीमा डोनाल्ड ट्रम्प दोश्रोपटक राष्ट्रपति बनेपछि उहाँसँग तीनपटक कुरा भएको बताउनुभएको थियो। सीले अमेरिकाको साथमा मिलेर दुवै देश र पुरै विश्वको भलाइका लागि अझ धेरै महान् र ठोस कामगर्न चाहेको खुलाशा पनि गर्नुभएको थियो। सीले मैले सार्वजनिकरुपमा धेरैपटक भनेको छुकि चीन र संयुक्त राज्य अमेरिका साझेदार र मित्र हुनुपर्छ। इतिहासले हामीलाई यही सिकाएको छ र वास्तविकताको माग पनि यही हो भन्नुभएको थियो। सीले दुवै देशको विकासको लागि राम्रो वातावरण बनाउन ट्रम्पसँग काम जारीराख्न तयार रहेको बताउनुभएको थियो। आफ्नो भनाइको अन्त्यमा सीले विश्वले कठीन समस्याहरुको सामना गरिरहेका बेला चीन र अमेरिकाले प्रमुख देशहरुकारुपमा आफ्नो जिम्मेवारी संयुक्तरुपमा वहनगर्न सक्ने बताउनुभएको थियो। ट्रम्पले बैठकमा जानुअघि चीनसँग सम्झौता हुनसक्ने खुलाशा पनि गर्नुभएको थियो। पछिल्ला केही महिनाहरुमा अमेरिका र चीनबीचको सम्बन्ध उतारचढावपूर्ण रहेको छ, यद्यपि गत मे महिनामा जवाफी ट्यारिफ रोक्नका लागि अस्थायी व्यापार युद्धविराम भएको थियो। अमेरिकाले चीनलाई एनभिडियाको उन्नत कम्प्युटिङ चिप्समा पहुँच सीमित राखेर उसको प्रविधि विकासलाई नियन्त्रण गरिरहेको



छ। यसको जवाफमा बेइजिङले दुर्लभ पृथ्वी खनिजको निर्यातमा नियन्त्रण कडा बनाउन कदम चालेको थियो, जुन इलेक्ट्रोनिक्स, हरित ऊर्जा प्रविधि र सैन्य उपकरणहरुमा प्रयोग हुने खनिजहरुको प्रशोधनमा चीनको लगभग एकाधिकार रहेकोले व्यापार युद्धमा एक महत्वपूर्ण मोड हो। उपरोक्त कुराहरुका अतिरिक्त चिनियाँ स्वामित्वको टिकटकको अमेरिकामा सञ्चालनको भविष्यबारे पनि छलफलको भएको बताइएको छ। बैठकमा दुवै पक्षबाट सात,सात जना सहभागी हुनुभएको थियो। अमेरिकाकातर्फबाट ट्रम्पसँगै विदेशमन्त्रि मार्को रुबियो, अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रीर, ट्रेजरी सचिव स्कट बेस्सेन्ट, वाणिज्य सचिव होवार्ड लट्नक, चीफ अफ स्टाफ सुसी वाइल्स र चीनका लागि अमेरिकी राजदूत डेविड पर्ड्यू रहनुभएको थियो। त्यसैगरी चीनकातर्फबाट सी जिनपिङसँगै चीफ अफ स्टाफ काई क्यूई, विदेश मन्त्रि वाङ यी, उप-विदेश मन्त्रि मा झाओक्सु, उप-प्रधानमन्त्रि हे लिफेङ, वाणिज्य मन्त्रि वाङ वेनताओ र राष्ट्रिय विकास तथा सुधार आयोगका अध्यक्ष झेङ शानजी रहनुभएको थियो। वार्ताको पूर्बसन्ध्यामा अमेरिकी राष्ट्रपति ट्रम्पले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग हुने आसन्न भेटले अमेरिका-चीनबीचको लामो समयदेखि जारी व्यापार युद्धका धेरै समस्याहरु समाधानगर्ने अपेक्षा व्यक्त गर्नुभएको थियो। उहाँले म चीनका राष्ट्रपति सीसँग उत्कृष्ट बैठकगर्ने अपेक्षा राख्छु र धेरै समस्याहरु समाधान हुन गइरहेका छन् भन्नुभएको थियो। उहाँले यस वार्ताबाट अमेरिकाले फेन्टानिल सम्बन्धी कारणले चीनमाथि लगाएको केही शुल्क घटाउन सक्ने संकेतसमेत दिनुभएको थियो। एयरफोर्स वनमा सञ्चारकर्मीहरुसँग कुरागर्दै ट्रम्पले हामी चिसो बैठकका लागि होइन, हाम्रो देश र विश्वका लागि ठोस परिणाम निकाल्नका लागि गइरहेका छौं भन्नुभएको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच उच्चस्तरीय वार्तापूर्व चीनका विदेशमन्त्रि **बाँकी ७ पेजमा**

# बिभिन्न रोगका सन्दर्भमा ध्वनि चिकित्सा पद्धतिको प्रयोग

**राजाराम पाण्डे**



वनि भनेको ब्रम्हाण्डको मौलिक ऊर्जा हो, जसको प्रभाव हाम्रो शारीरिक, मानसिक, भावनात्मक, र आध्यात्मिक पक्षमा प्रत्यक्ष रुपमा देखिन्छ। धार्मिक मन्त्र, भजन, बाजा, ओंकार र प्राकृतिक स्वरहरुमार्फत शरीर र आत्मालाई सन्तुलित राख्ने साधनको रुपमा मानव सभ्यताको आदि कालदेखि नै ध्वनि विविध रुपमा प्रयोग हुँदै आएको छ। यो एक शुद्ध ब्रह्माण्डीय ऊर्जाको वैज्ञानिक, सूक्ष्म र सजीव प्रक्रिया हो। जसले शरीरका ऊर्जा केन्द्र (चक्रहरु) लाई सन्तुलनमा ल्याएर समग्र स्वास्थ्यमा सुधार ल्याउँछ। ध्वनि चिकित्सा केवल प्राचिन विषय मात्र होइन, यो विज्ञानसँग प्रत्यक्ष जोडिएको विषय हो। न्यूरो-साइन्सका अध्ययनहरुले देखाएका छन् कि ध्वनिका निश्चित आवृत्तिहरुले मस्तिष्कका अल्फा, थिटा र डेल्टा तरंगहरु सक्रिय गर्छन्, जसले गहिरो ध्यान, विश्राम र आत्म-उपचारको अवस्था ल्याउँछ। वैद्धिक ध्वनि चिकित्साको सबैभन्दा सुन्दर पक्ष के हो भने यो कुनै बाह्य वस्तुमा निर्भर छैन। जब हामी वैद्धिक ध्वनिको माध्यमबाट आफ्नै भित्री तरंगमा फर्किन्छौं, शरीर आफैँ उपचार हुन थाल्छ। ध्वनिले बाहिर होइन, भित्र फर्कन सिकाउँछ।

यसैले ध्वनि चिकित्सा केवल रोगको उपचार होइन, आत्म-बोध र परम आनन्दको यात्रा हो। जब मन शान्त हुन्छ, शरीर आफैं निको हुन्छ। ध्वनि त्यो कुन्जी हो, जसले शरीर स्वस्थ र मनको परम आनन्दको ढोका खोल्छ। आजको मानव ध्वनि प्रदूषण, तनाव, सामाजिक दबाब र मानसिक दवाव बीच बाँचिरहेको छ। औषधिले शरीरलाई ठिक बनाउन सक्छ, तर मनको पीडालाई निको पार्न सक्दैन। ध्वनि चिकित्सा मनको तहमा पुग्ने उपचार हो। यसले भावनात्मक घाउहरु, डर, चिन्ता, निराशा, क्रोध र अशान्तिलाई गहिरोसँग पगाल्छ र मनलाई शान्त बनाउँछ। ध्वनि तरंगहरुले मस्तिष्कलाई ध्यान-अवस्थामा पुऱ्याउँछ। शरीर रिल्याक्स हुन्छ र हार्मोन सन्तुलित रहन्छ। लगातार ध्वनि सत्रहरुमा सहभागी हुने व्यक्तिले गहिरो, शान्त र प्राकृतिक निद्रा अनुभव गर्छन्। ध्वनिले मनका नकारात्मक विचारहरु सफा गरी चेतनामा उज्यालो ल्याउँछ। सात चक्रहरुको सन्तुलनले सम्पूर्ण शरीरमा ताजगी र शक्ति ल्याउँछ। आजको युग विज्ञान र प्रविधिको चमत्कारिक प्रगतिले भरिएको युग हो। यद्यपि, बाहिरी रुपमा विकासको उचाइमा पुगेको मानव भित्री रुपमा असन्तुलित, तनावग्रस्त र असन्तुष्ट बन्दै गएको छ। अस्पतालहरुमा रोगीहरुको भीड बढ्दैछ, औषधि उद्योग बढ्दैछन् तर मानिसभित्रको शान्ति हराउँदै गएको छ। यही असन्तुलनलाई सन्तुलनमा ल्याउने प्राकृतिक, औषधिविहीन र वैज्ञानिक उपचार पद्धति हो–ध्वनि चिकित्सा। ध्वनि वस्तुको कम्पनबाट कम्पनको परिणामस्वरुप उत्पन्न हुने ऊर्जा हो, जसलाई कानले ग्रहण गर्छ र मस्तिष्कले अनुभवका साथ शरीरका ऊर्जाको केन्द्रहरुमा प्रसारण गरेर आफ्नो केन्द्र ऊर्जावान र सन्तुलित बनाउँछ। ध्वनिको उत्पत्ति एवं विकास क्रममा ब्रह्माण्डको सबै कुरा ध्वनि कम्पनले गुन्जिरहेको छ। ध्वनि शक्ति चेतना र ब्रह्माण्डसँगको सम्बन्धको रुपमा रहेको छ। ध्वनि चिकित्सा साधारण भाषामा औषधि बिना प्रकृतिबाट गरिने प्रभावकारी उपचार पद्धति हो। यसरी ब्रह्माण्डको मौलिक र विशुद्ध कम्पन प्रकृतिले दिएको उपहार ऊर्जालाई ग्रहण गरेर मानव शरीरमा प्रसारण गरेर गरिने उपचार पद्धति ध्वनि चिकित्साअन्तर्गत पर्दछ। यसरी उपचार गर्दा शरीरका बिभिन्न केन्द्रहरु पूर्णरुपमा स्वच्छ हुन्छ र मान्छेहरु परम आनन्द र स्वच्छमय जीवन जिउन पाउन सक्षम हुन्छन्। मानव सभ्यताको आदि कालदेखि नै विविध रुपमा प्रयोग हुँदै आएको ध्वनि चिकित्सा पद्धति र यसको महत्व बृहत्तर छ। प्राचीनकालदेखि नै बिभिन्न देश, जात जाति, धर्म संस्कृती समुदायले शरीर आत्मालाई निको पार्न संगीत र गायन प्रयोग गर्दै आएका छन्। विश्वका बिभिन्न भूभागमा उदाएका सभ्यता र संस्कृतिले ध्वनि चिकित्सालाई आआफ्नै तरिकाले बुझ्दै र अभ्यास गर्दै आएका छन्। ध्वनि उपचारको प्रमुख उद्देश्य शरीर र मनमा रहेका विकारलाई निकालेर फाल्नु नै हो। वेदका ऋचामा औषधीय गुण भए जस्तै अन्य भाषाका शब्द वा साहित्यको उचारण वा पाठ गर्नाले सकारकात्मक भाव पैदा हुन्छ। शरीरमा सन्तुलन र मनमा सद्भावको विकास हुन्छ। आयुर्वेदले सङ्गीतको चिकित्सकीय गुणहरुलाई पनि मान्यता दिएको छ।

आयुर्वेदमा विशेष राग-तालहरुको मद्दतले बिभिन्न रोगहरुबाट छुटकारा पाउन सकिने कुरा उल्लेख छ। भारतबर्षमा पनि योगीहरुले दिमागलाई शान्त पार्न ध्वनिका तरंगलाई सुन्ने गरेको बिभिन्न ग्रन्थहरुमा उल्लेख पाइन्छ। ध्वनिको माध्यमबाट गरिने उपचारलाई नादयोग भनियो। नादयोगको विकाससँगै ध्वनि चिकित्साको विकास भयो। नादयोग एक प्रकारको गहिरो आध्यात्मिक अभ्यास हो। यसले पुर्वीय दर्शनमा लामो इतिहास बोकेको छ। नादयोगमा ध्वनि कम्पनहरुलाई ध्यान र चेतना विकास गर्न प्रयोग गरिन्छ। यसले आध्यात्मिक जागरण र आत्म-अनुभूति प्रदान गर्छ। नादयोगले मानव शरीरभित्रका नाडी र चक्रहरुलाई सक्रिय र सन्तुलनमा राख्न मद्दत गर्छ। यसले प्राण अर्थात् जीवन शक्तिको प्रवाहलाई पनि सहज बनाउँछ। शिख धर्मका संस्थापक गुरु नानकले आफ्नो शिक्षामा नादयोगको महत्वलाई जोड दिएका थिए। ईश्वरीय नामको जपका साथसाथै भजन र कीर्तनको अभ्यासले शिखहरुलाई ध्वनिको माध्यमबाट ईश्वरसँग जोडिन सघायो। सङ्गीतको मन्त्र रोगको उपचारको लागि प्रभावकारी तरिका हुनसक्ने कुरामा पुरातन इजिप्टियनहरुले विश्वास गर्थे। अमेरिकी जनजातिहरुले पनि निश्चित आवाजहरुमा निको पार्ने शक्तिहरु रहेको कुरालाई मान्थे। सबै भूगोलमा ध्वनि उपचारको काम र उद्देश्य एकै भए पनि उपचारका क्रममा प्रयोग गरिने उपकरण र प्रविधिमा भने भिन्नता रहेको पाइन्छ। एक्युपंक्चर उपचार विधिसँगै चीनमा परम्परागत ध्वनि चिकित्साको पनि विकास भयो।

कतिपय चिकित्सकहरुले एक्युपंक्चरको प्रभावकारिता बढाउनका साथै ऊर्जामा सन्तुलन ल्याउन सांगीतिक धुन र वाद्ययन्त्रहरुको पनि प्रयोग गर्ने गर्दछन्। तिब्बतमा पनि ध्वनि उपचार प्रख्यात छ। त्यहाँ बौद्ध धर्मावलम्बीमा ध्वनिलाई ध्यान र उपचारको उपकरणको रुपमा प्रयोग गरिएको छ। प्राचीन गाउने कचौराहरुमा तिब्बती अक्षर खोपिएको भेटिनुले पनि तिब्बतमा ध्वनि चिकित्सा अभ्यासमा रहेको पुष्टि गर्छ। ती कचौराबाट उत्पन्न हुने कम्पनले शरीर र दिमागमा उपचारात्मक प्रभाव पार्छ। यद्यपि तिब्बती कचौराको खास उत्पत्ति नेपालको भूमिमा भएको हो। फिजी, भानुआटु, सामोआ, टोंगालगायतका प्यासिफिक टापुहरुमा परम्परागत संगीत सुन्ने, पोलिनेसियन ड्रम बजाउने र जप गर्ने अभ्यास रहेको पाइन्छ। त्यहाँका आदिवासी ध्वनिमार्फत् आफूलाई वरिपरिको वातावरण र पुर्खाहरुसँग जोड्ने अभ्यास गर्छन्।

अष्ट्रेलियाका आदिवासीले ४० हजार बर्ष अघिदेखि नै ध्वनि उपचार अभ्यास गर्दै आएको छन् भनिन्छ। डिजेरिडू नामक वाद्यवादनलाई उनीहरुले बिभिन्न सांस्कृतिक अनुष्ठानमा बजाउने गर्दथे। त्यो बाजाको आकार नेपालमा बजाइने कर्नाल बाजा जस्तै एकातिर सुरिलो र अर्को तिर फुकेको हुन्छ। डिजेरिडू बाजाबाट निस्कने ध्वनिमा रोग निको पार्ने शक्तिशाली क्षमता हुन्छ। त्यस बाजाको ध्वनिले शरीरको मात्र नभई भित्री आत्मालाई समेत सफाइ गर्छ भन्ने आदिवासी मान्यता छ। इन्डोनेसियाको बालीमा पनि गेमलान अर्केस्ट्राको आवाजलाई ध्वनि उपचारमा प्रयोग गरिन्छ। ती ध्वनिहरुमा औषधीय गुण हुने र तिनले आध्यात्मिक आरोग्यता प्रदान गर्ने आदिवासी मत आज पनि विद्यमान छ। मेक्सिकोमा ध्वनि चिकित्सकले ध्वनिलाई उपचारका रुपमा प्रयोग गर्ने **बाँकी ७ पेजमा**

# चुनावका नाममा भैरहेको खर्च र उपलब्धीको प्रश्न

**अनुसा थापा**

नेपालमा चुनावका नाममा भैरहेको खर्च र राजनीतिक उपलब्धीको प्रश्न जटिल बनेको छ। जनताको बलमा मुलुकमा पटक,पटक राजनीतिक परिवर्तन भयो। जबजब राजनीतिक परिवर्तन भयो, तबतब चुनाव पनि गरियो। ०४६ सालमा पञ्चायती व्यवस्था ढालेर बहुदलीय व्यवस्था ल्याउन जनताले ठूलो योगदान गरे। ०४७ सालमा संविधान बन्योभने ०४८ सालमा पहिलो चुनाव भयो। त्यसपश्चात् ०५१ सालमा निर्वाचन गरियो। ०५६ र ०६४ मा दुईपटक निर्वाचन भयो। ०६५ जेठ १५ गते मुलुकबाट राजतन्त्र हटेर लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था आयो। लोकतन्त्र गणतन्त्र आएपछि २०७० सालमा चुनाव गरियो।

त्यसपछि ०७४ र ०७९ मंसिर चारगते चुनाव भयो। अबको चार महिनापछि मुलुकमा पुनः निर्वाचन हुँदैछ। सरकारले आउँदो फागुन २१ गते निर्वाचनको घोषणा गरेको छ। चुनाव जनताले आफ्ना जनप्रतिनिधि चुन्ने एउटा मौका हो। आफ्नो क्षेत्र र देशको विकास गरुन्, देशमा समृद्धि ल्याऊन् भनेर जनताले नेतालाई मतदान गरेर पठाउँछन्। काँग्रेसका सभापति शेरबहादुर देउवाले डडेल्धुरा निर्वाचन क्षेत्र नम्बर एकबाट ०४८ देखि पछिल्लोपटक भएको निर्वाचनसम्म विजयी हाशिल गरे। उनी एकपटक गृहमन्त्री र पाँच पटक देशको प्रधानमन्त्री भए। दुई कार्यकाल उनले पार्टीको सभापतिको जिम्मेवारी निर्वाह गरे। डडेल्धुरा दुर्गम जिल्लामा पर्छ। तर, त्यस जिल्लाले पाँचपटक देशको प्रधानमन्त्री पायो। भक्तपुर काठमाडौं उपत्यकाभित्र पर्छ। भक्तपुर निर्वाचन क्षेत्र नम्बर १ मा २०४८ सालदेखि निरन्तर नेमकिपाले जित्दै आएको छ। ०४८ देखि ०७० सालसम्म अध्यक्ष नारायणमान बिजुक्छेंले चुनाव जिते। ०७४ र ०७९ मा भने उनकै पार्टीका प्रेम सुवाल निर्वाचित भए।

यो पार्टी एकपटक पनि सरकारमा गएको छैन। भक्तपुर काठमाडौंको छिमेकी जिल्ला भएतापनि ठ्याक्कै गाउँजस्तै देखिन्छ। राजधानीसँग जोडिएको जिल्ला भएतापनि विकासमा पीछडिएकै छ। नेमकिपा सरकारमा नजाँदा आजसम्म भक्तपुर निर्वाचन क्षेत्र नम्बर एकबाट न कोही प्रधानमन्त्री भए न मन्त्री। जनताको मतदान खेर गएको छ। उनीहरुले लगातार एउटै पार्टीलाई मतदान गरेर पठाइरहेका छन् तर त्यो पार्टीले न सरकारमा जान्छ न कुनै पदमा। राजा महेन्द्रले २०२१ सालमा भूमि ऐन ल्याए। जसमा कमाउने व्यक्तिले आधा जग्गा पाउने उल्लेख छ। भक्तपुरमा धेरैले अर्काको जग्गा कमाउँथे। उनीहरुलाई जग्गा दिनुपर्ने नारा लगाएर बारम्बार नेमकिपाले चुनावमा जित हाशिल गरिरहेको छ। भक्तपुरमा भएको तालपोखरी, सरकारी, सार्वजनिक, ऐलानी, गुठी, मठमन्दिरलगायतको जग्गा व्यक्तिको नाममा गएको छ। भक्तपुर देशकै सबैभन्दा सानो जिल्ला हो। सानो भएतापनि यहाँको जमिन खेतीयोग्य थियो। उब्जनीयुक्त जमिनलाई प्लानिङ्ग गरेर घरैघरै बनाइएको छ। अहिले भक्तपुरमा घरबाहेक अरु केही देखिँदैन। भक्तपुरमा विश्व सम्पदा सूचीमा परेका धेरै मठमन्दिरहरु छन्। तर, त्यो सबै ०४६ सालअघिको सरकारले बनाएको हो। नगरकोट भक्तपुरको पर्यटकीय स्थल पर्छ। त्यहाँ ठूलो संख्यामा आन्तरिक तथा बाह्य पर्यटक घुमघामका लागि जान्छन्। रोचक प्रसंग के भने, नगरकोटलाई पर्यटकीय क्षेत्र घोषणा गर्ने तत्कालीन परराष्ट्रमन्त्री शैलेन्द्रकुमार उपाध्यायका हुन्। उनको कारणले भक्तपुर पर्यटकीय क्षेत्रको रुपमा पनि चिनिन पाएको छ। भक्तपुर मुलुककै सबैभन्दा बढी शिक्षित जनताको बसोबास रहेको जिल्लामा पर्छ। विडम्बना, तिनैले पटकपटक कामै नगर्ने पार्टीलाई भोट दिइरहेका छन्। जुन जिल्लाबाट प्रधानमन्त्री बन्छन्, त्यो जिल्लाको नाम सँधै रहिरहन्छ। तर, भक्तपुरले त्यो मौका गुमाएको छ। एउटै व्यक्तिलाई भक्तपुर निर्वाचन क्षेत्र नम्बर एकबाट निर्वाचित गरिन्छ। तर, नेमकिपाले के काम गरेको छ ? केही न केही। चुनाव गराउँदा जनताले तिरेको अर्बौं रुपैयाँ कर खर्च हुन्छ। सरकारले काम नगर्ने नेता फालुन्, कामगर्नेलाई आफ्नो प्रतिनिधि छान्नुन् भनेर चुनाव गराउँछ। तर, भक्तपुरबासीले एउटैलाई भोट दिएर पठाउँछन्। जोसँग कामगर्ने क्षमता छैन, उसलाई पटक,पटक मतदान गर्नुको औचित्य के ? जनताले आफ्नो मत आफैंले खेर फालिरहेका छन्। अर्कोतर्फ, चुनाव गराउँदा लागेको खर्च पनि पानीमा बगाइरहेका छन्। नेमकिपाले पटक,पटक चुनाव जित्नुको कारण केही छन्। पहिलो हो-घरबहाल घरमा छुट। भक्तपुर नगरपालिकामा नेमकिपाबाटै सुनिल प्रजापति निर्वाचित भएका छन्। उनले घरबहाल कर लिँदैनन्। घरबहालको १० प्रतिशत घरधनीले राज्यलाई बुझाउनुपर्ने **बाँकी ७ पेजमा**

# साहित्य र सिर्जना

## चलचित्र परानको प्रदर्शन थालिएपछि

काठमाडौं। गतसाताबाट चलचित्र परान प्रदर्शनमा आएको छ। सक्किगोनी फेम दीपकप्रसाद आचार्य (काकु) निर्देशित यो पहिलो चलचित्र हो, जसमा बुबा र छोराबीचको भावनात्मक कथा प्रस्तुत गरिएको छ। परान को बुकिङ खुला गरिएको छ। चलचित्रले देशभर उत्साहजनक शो पाएको छ। चलचित्रमा नीर शाह, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, बुद्धि तामाङ, यासेली योङ्हाङ, बबिन राई, पुष्पराज ओझा, सीमा काफ्ले, दमन रुपाखेती, यमन श्रेष्ठ, सुब्रतराज आचार्य, सुरेश थापा, विनोद राईकासाथै बाल कलाकार आर्यदीप आचार्य र आरभजंग अधिकारी अभिनय गर्नुभएको छ। गोल्छा समूह तथा प्रिज्मा समूहको साझेदारी रहेको चलचित्र कम्पनी बाइस्कोप सिनेमा प्रालिले निर्माण गरेको हो। चलचित्रका गीतमा निर्देशक दीपक आचार्यकै शब्द, रिदम कँडेलको संगीत रहेको छभने प्रमोद खरेल, पुष्पन प्रधान र रचना रिमालले स्वर छ। छायांकन शिवराम श्रेष्ठले गर्नुभएको हो। त्यसैगरी सम्पादन मित्र डी.गुरुङ र कोरियोग्राफी सुनिल क्षेत्रीले गर्नुभएको छ। यो चलचित्रको गतसाता बिहीबार भव्य प्रिमियर गरिएको थियो। जहाँ दर्शकको सकारात्मक प्रतिक्रिया मिलेको थियो। पारिवारिक कथामा आधारित चलचित्र परानले दर्शक आकर्षितगर्न मेरो परान नामक प्रतियोगिताको घोषणा पनि गरिएको छ। प्रतियोगिताका विजेतालाई एकलाख नगद पुरस्कार प्रदान गरिने निर्माण पक्षले जनाएको छ। निर्माण पक्षकाअनुसार इच्छुक सहभागीले आफ्नो जीवनको परानकारुपमा रहेका व्यक्ति (जस्तै आमा-बुबा, श्रीमान-श्रीमती, साथी, प्रेमी-प्रेमिका, दाजु-भाइ, दिदी-बहिनी आदि) सँगको तस्वीरमा मेरो परान लेख्दै भावना व्यक्त गर्नुपर्नेछ र सो पोष्टलाई चलचित्रको आधिकारिक फेसबुक पेजमा ट्यांग गर्नुपर्नेछ। सहभागीहरुमध्ये एकजना भाग्यशाली विजेताले गोलाप्रथामार्फत एकलाख रुपैयाँ जित्नेछन्, जबकि १०० जनाले चलचित्रको विशेष शोको टिकट पाउनेछन्। चलचित्रको प्रचारका लागि स्वयंसवकहरुले चलचित्रको क्यूआर कोडसहित शहरभर भ्रमण गरिरहेका छन्। क्यूआर स्क्यानगरी परान को ट्रेलर वा गीत शेयरगर्ने ५० जनाले कलाकारसँगै चलचित्र हेर्ने अवसर पाउनेछन्। यी दुवै प्रतियोगितामा आगामी २० गतेसम्म सहभागी हुन सकिने भनिएको छ। चलचित्र परान पारिवारिक विषयवस्तु र कथामा आधारित भएकाले पनि धेरैले रुचाएको देखिएको छ। कोरोना भाइरसबाट ग्रसित भएपछि उहाँलाई चलचित्र बनाउने कथाको आइडिया आएको भनिन्छ। निर्देशक आचार्यले कोरोना भाइरसको पहिलो लहरमा बिरामी भएपछि चलचित्र बनाउने कथा लेखेको थिएँ। आफू बाँच्छु कि बाँच्दिनभन्ने अवस्थामा आफ्नो भावना कोरेको थिएँ। यो कथा केही हदसम्म मेरो परिवारसँग जोडिएको छ, तर यसलाई चलचित्रकै शैलीमा पटकथा तयार गरिएको छ भन्नुभएको छ। भनिन्छ कोभिडमुक्त भएपछि निर्देशक आचार्यले यम थापालाई पटकथा लेखनका लागि दिनुभएको थियो। त्यसपछि सो चलचित्र बन्ने प्रक्रियाले तीव्रता पाउको थियो। एउटा परिवारको कथामार्फत अहिलेको समाजलाईसमेत आफूले चित्रण गरेको निर्देशक आचार्यले बताउनुभउको छ। निर्देशक आचार्यले चलचित्रमा बा र छोराबीचको सम्बन्धलाई देखाउने प्रयत्न गरेको छु। अहिले भविष्य बनाउने गाउँबाट शहर वा विदेश जाने प्रचलन बढिरहेको छ। हामी बा-आमालाई सुखी बनाउन उहाँको खुसी खोसिरहेका छौं, यस्तै कथा जोडेर चलचित्र तयार गरेको छु भन्नुभएको छ। चलचित्रमा अभिनेता नीर शाह र मदनकृष्ण श्रेष्ठको अभिनय रहेको छ। एउटा कलाकार र निर्देशकका हिसाबले आफूले सोचेको कलाकारलाई पात्रमा चित्रणगर्न पाउँदा उहाँ खुसीनै हुनुहुन्छ। निर्देशक आचार्यले मैले मदनकृष्ण श्रेष्ठ र नीर शाहलाई चलचित्र प्रस्तावगर्दा नै उहाँहरुले अभिनयगर्ने सहमति दिनुभएको थियो। सायद यो कथाले उहाँहरुको परिवार र समाजको प्रतिनिधित्व गर्छ होला। यो कथाले अभिभावक होइन, छोराछोरीलाई सोच्न बाध्यबनाउँछ भन्नुभयो। एउटा परिवारमार्फत वर्तमान समाज र देशलाई चित्रण गरेको चलचित्र परानको कथासार पहिलोपटक सुन्दानै आफू अभिनयगर्न सहमत भएको अभिनेता नीर शाहले बताउनुभएको छ। उहाँले मैले चलचित्रमा धर्मनाथको भूमिका निर्वाह गरेको छु। यो पात्रसँग कहींकतै मेरो मनोविज्ञान जोडिएको छ, सोही कारण यसको कथा सुन्नेबित्तिकै मैले अभिनयगर्न सहमति दिएको हुँ। मेरो चलचित्रकर्मीमा यस्ता प्रस्ताव निकै कम आएका छन्, त्यसैले मैले यो भूमिका निर्वाह गरेँ। यसले अहिलेको नेपाली समाजको चित्रण गरेको छ भन्नुभएको छ। अभिनेता शाहले चलचित्रमा आफूले पात्रलाई निर्वाहगर्न शतप्रतिशत मेहेनत गरेकोभन्दै यसको मूल्यांकन दर्शकले गर्ने बताउनुभएको छ। अभिनेता मदनकृष्ण श्रेष्ठसँगै अन्य सहकर्मी कलाकारसँग चलचित्रमा कामगर्दा केही नयाँ विषयबारे सिक्ने अवसर पाएको उहाँले धारणा राख्नुभएको छ। परिवार, सम्बन्ध र संघर्षको कथालाई प्रस्तुत गरिएको उक्त चलचित्रमा अभिनेता शाह र अभिनेत्री अधिकारीसँगै मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, महेश त्रिपाठी, प्रविन खतिवडा, यमन श्रेष्ठ, बुद्धि तामाङ, बबिन राईलगायत कलाकारले अभिनय गर्नुभएको छ। शेखर गोल्छा र रञ्जित आचार्यले संयुक्तरुपमा निर्माण गर्नुभएको उक्त चलचित्रमा शिवराम श्रेष्ठले छायांकन, मित्र डि गुरुङले सम्पादन र गगन थापामगरले संगीत सिर्जना गर्नुभएको छ।

## मन बिनाको धन चलचित्र निर्माण

काठमाडौं। मन बिनाको धन चलचित्र निर्माण गरिएको छ। गायक अशोक दर्जीको जीवनी र संघर्षलाई समेटेर सो चलचित्र निर्माण गरिउको हो। गायक दर्जीलाई सडकबाट उद्धार गरेर गायनसम्म साथ दिनुभएका संगीतकार तथा गायक टंक बुढाथोकीले निर्देशन गर्नुभएको उक्त चलचित्रमा वर्तमान समाजमा मन र धनबीचको टकरावलाई चित्रणगर्दै दर्जीको जिरोबाट हिरो बन्ने यात्रालाई देखाइएको छ। निर्देशक बुढाथोकीले गायक दर्जीको बाल्यकालका घटनाक्रम, आफूमाथि लागेका केही आरोपको यथार्थतालाई समेटेर चलचित्रको कथा तयार गरिएको बताउनुभयो। उहाँले सडकमा गीत गाउँदै हिँड्ने गायक दर्जीको जीवन परिवर्तन गरेको कथालाई चलचित्रमा समेटेको छु। यो पूर्णतया उहाँकै जीवनी होइन, यसलाई हामीले चलचित्रकै रुपमा तयार गरेका छौं, तर मूलभूत घटनाक्रम दर्जीकै जीवनको लिइएको बताउनु भएको छ। चलचित्र मन बिनाको धनमा गायक दर्जीसँगै सरोज खनाल, सन्तोष पन्त, रमा थपलिया, नीता ढुंगाना, भोला सापकोटा, बुद्धि तामाङ, रमेश विश्वकर्मा, रवीन्द्र झा, पार्वती अधिकारी, उत्सव सापकोटा, एआर बुढाथोकी, शंकर श्रेष्ठ, साम्राज्ञी थापा, बिना राउत, बाबु पराजुली, रक्षा श्रेष्ठ, प्रियंका झालगायतका कलाकारले अभिनय गर्नुभएको छ। गायक दर्जीले निर्देशक बुढाथोकीकै कारण आफूले शिक्षा र सांगीतिक वातावरण पाएको बताउनुभयो। उहाँले मलाई सडकबाट **बाँकी ७ पेजमा**

# बढ्दै गएको आर्थिक अराजकता र बर्तमान सरकारको दायित्व

रुषा थापा

## आर्थिक मञ्च

नेपालमा पछिल्ला दिनमा बढेको राजनीतिक अन्योलताले आर्थिक अराजकता बढाएको देखिएको छ। साथै सामाजिक अराजकताका संभावनाहरु पनि बढेका छन्। हालैका दिनहरुमा समय गाउँदेखि शहरसम्म मिटरब्याज मौलाएको छ। अहिले सार्वजनिक स्थलहरुमा सुनिन्छ-एक लाखको मासिक पाँच हजारदेखि ३० हजारसम्म ब्याज दिने भेटिन्छन्। त्यो पनि पहिल्यै ब्याज काटेर दिने। र, ऋण चुक्तागर्न केही समयपछिको चेक पहिल्यै काटेर दिइन्छ। यसरी ऋण लेनदेनगर्ने बजारमा छ्यापछ्याप्ती भेटिन्छन्। उता, त्यो चेक बाउन्स भएमा ऋणीउपर बैंकिङ कसुरको मुद्धा हालिन्छ। अहिले बैंक, वित्तिय संस्थाभन्दा पनि व्यक्तिबाट मानिसहरुले ऋण लिइरहेका छन्।

उनीहरुले ५० लाखको धितो राखेर २० लाख कर्जा दिन्छन्। २४ देखि ३६ प्रतिशत ब्याज असुल्छन्। र, धितो पहिल्यै ऋण दिनेको नाममा लगिन्छ। यसबापत लाग्ने राजस्व फेरि ऋणीले नै बुझाउनुपर्छ। सँगै ऋण मिलाइदिने दलाललाई पनि कमिशन दिनुपर्छ। ऋण चुक्तागर्न तीन महिनादेखि बढीमा एक बर्ष समय दिइन्छ। त्यसभित्र साँवाब्याज बुझाएमा धितो फिर्ता गरिन्छभने नबुझाए ५० लाखको घरजग्गा १५ लाखमै पचाइदिइन्छ। कतिपयले चाँहि ऋण चुक्ता गरेपनि धितो फिर्ता गर्दैनन्। बैंकहरुले तीन करोडको धितो राखेर एक करोड ऋण दिन्छ। त्यसमा दश लाख त घुसै खाइदिन्छ। एक प्रतिशत सेवाशुल्कको ठाउँमा तीन प्रतिशत, आठ प्रतिशत ब्याज भनेर ८० प्रतिशत असुलिन्छ र तीन किस्ता नतिर्नेबित्तिकै तीन करोडको धितो ९० लाखमै पचाइदिन्छ। लघुवित्तहरुले एउटै व्यक्तिलाई ४१ लाखसम्म ऋण दिएको छ। त्यो पनि बिनाधितो। यिनीहरुले पनि ऋणीसँग तीन प्रतिशत सेवाशुल्क र ८० प्रतिशत ब्याज असुल्छन्। सहकारी र फाइनान्सले पनि मिटरब्याजमै कर्जा लगानी गर्थ्यो। तर, सहकारी डुबेको छ। सहकारीमात्र डुबेन, करोडौं बचतकर्ता डुबेका छन्। उनीहरको खर्बौं निक्षेप सहकारीले डुबाइदिएको छ। सहकारी, लघुवित्त, मिटरब्याज, बैंक पीडितहरुले पटक, पटक आन्दोलन गरे। हालका माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल ०७९ पुस १० गते प्रधानमन्त्री भए। त्यतिखेर मिटरब्याज पीडितहरु आन्दोलन गरिरहेका थिए।

तराई-मधेशका बिभिन्न क्षेत्रबाट महिनौं दिन खाली खुट्टा हिँडेर राजधानी आइपुगेका उनीहरु सरकारसँग न्याय मागिरहेका थिए। तत्कालीन दाहाल नेतृत्वको सरकारमा रास्वपा सभापति रवि लामिछाने गृहमन्त्री भए। भृकुण्डीमण्डलमा बसिरहेका उनीहरुलाई भेट्न उनी मध्यरातमा पुगे। र, कमिटी गठन गरेर न्याय दिलाउने आश्वासन दिलाए। उनले पीडितहरुलाई आश्वासन दिएका थिए- तपाईंहरुको धितो फिर्ता हुन्छ र साहुलाई कारवाही हुन्छ। लामिछानेको विश्वासमा परेर घर फर्किएका उनीहरुको अहिले न धितो फिर्ता भएको छ न साहुलाई कारवाही। दाहालको सरकारमै बर्षमान पुन अर्थमन्त्रीहुँदा लघुवित्त पीडितहरुले आन्दोलन गरे। उनले पनि कमिटी गठन गरे र न्याय दिलाउने आश्वानि लघुवित्त पीडितहरुलाई दिएका तिए। कमिटीले प्रतिवेदन बुझाए। यद्यपि, त्यो दराजमै थन्किएको छ। उक्त सरकारमा रञ्जिता श्रेष्ठ पनि भूमिमन्त्री भइन्। उनी मन्त्रीहुँदा सहकारी पीडितहरुले पटक, पटक माइतीघर मण्डलामा आन्दोलन गरे। श्रेष्ठले पीडितहरुसँग सम्झौता पनि गरिन्। तर, न उनीहरुको निक्षेप फिर्ता भयो न सहकारी ठगलाई कारवाही। सहकारीमा एउटै व्यक्तिको लाखदेखि १२ करोडसम्म फसेको छ। बैंकले धितो खाइदिएपछि धेरैले आत्महत्या, हत्या गरेका छन्। आफूसँगै आफ्नो वंश नाश गरेका छन्भने कतिपय जेलमा पनि छन्। कोहीभने लुकीलुकी हिँडिरहेका छन्। बैंकको ऋण तिर्न नसकेर एकलाख २५ हजार बढी सर्वसाधारण कालोसूचीमा परेका छन्। ऋण तिर्न नसक्दा करोडपति पनि सडकपति हुनपुगेका छन्। शोषक, सामन्तीहरु अझै पनि एसीमुनि बसिरहेका छन्। चिल्लो गाडीमा चढ्छन्। मिठोमिठो खान्छन्। तर, ऋण लिएका र बचतकर्ताहरु चाँहि सुकुम्बासी भएका छन्। उनीहरुलाई बिहान बेलुकाको छाक टार्न पनि धौंधौं भएको छ। गत भदौ २३ र २४ गते जेनजी पुस्ताले देशभर आन्दोलन गरे। त्यसक्रममा झण्डै ८० जनाले ज्यान गुमाउँदा हजारौं घाइते भए।

आन्दोलनकै क्रममा सार्वजनिक तथा निजी सम्पत्तिमा आगजनी गरियो। त्यसबाट खर्बौंको क्षति पुगेको छ। अहिले फेरि आन्दोलनको चर्चा भइरहेको छ। बजारमा भन्नथालिएको छ-आगामी आन्दोलनमा सरकारी कर्मचारी, बैंक, वित्तिय संस्था र तिनका कर्मचारी, मिटरब्याजी, राजस्व छल्नेलगायत टार्गेटमा पर्ने छन्। मेडिकल व्यवसायी दुर्गा प्रसाईंको पक्षमा बैंक, वित्तिय संस्था र मिटरब्याज पीडितहरु छन्। उनले आन्दोलन गरे उनीहरु अवश्य सहभागी हुने छन्। यसले पनि आगामी आन्दोलन बैंक, वित्तिय संस्था र मिटरब्याजीप्रति लक्षित हुने पक्का छ। कानूनले भनेको छ-व्यक्ति होस् या संस्थाले कर्जा दिँदा दश प्रतिशत बढी ब्याज लिन पाइँदैन। सेवाशुल्क, पेनाल्टीको नाममा अनावश्यक शुल्क असुल्न पाइँदैन। त्यस्तै, व्यापारीले कुनै पनि सामान बेच्दा २० प्रतिशत बढी नाफा खान नपाउने कानूनी व्यवस्था छ। सामान बेच्दा भ्याटबिल अनिवार्य दिनुपर्ने र २० प्रतिशत बढी नाफा खाएर सामान बेचेमा ठगी र कालोबजारीअन्तर्गत कारवाही हुने व्यवस्था छ। सरकारी कर्मचारीहरुले कुनै पनि बहानामा घुस खान पाउँदैनन्। कर्मचारीहरुको पदअनुसार हाल २५ हजारदेखि लाखौं तलब छ। तर, उनीहरुले उपत्यकामा जग्गा किनेर महलजस्तो घर बनाएका छन्। आनाकै २५ लाखदेखि करोडौं पर्ने चार आनादेखि रोपनी जग्गा किनेर त्यसमा करोडौं खर्चिएर घर बनाइएको छ। अनि २५ हजार तलबले बालबच्चा पढाउनेकि पारिवारिक खर्च धान्ने कि घरजग्गा जोड्ने ? यहाँ आम्दानीको श्रोत नै नभएकाहरुले करोडौंको घर ठड्याएका छन्। आफ्ना छोराछोरीलाई करोडौं खर्चिएर अमेरिका, अस्ट्रेलिया पठाएका छन्। अनि उनीहरुले यत्रो सम्पत्ति कसरी जोडे त ? जवाफ सहज छ- जनता ठगेर, राज्यलाई राजस्व छलेर। सरकारी सम्पत्ति दोहन गरेर। सरकारी, सार्वजनिक, गुठी, ऐलानी, हदबन्दी बढी, वनजंगल, ताल पोखरी, खोला नदी किनारलगायतका जग्गा हड्पेर पनि धेरैले कमाएका छन्। सरकारले कहिल्यै जनताको पीडा देखेन। राज्यको सम्पत्ति दोहनगर्ने, राजस्व छल्ने र जनता ठग्नेलाई कारवाहीगर्न सरकारले चासो नै देखाएन। अनि पीडितहरु न्याय माग्दै दुर्गा प्रसाईंकहाँ पुगे। फेरि उनी न नेता हुन् न जनप्रतिनिधि। आफू कहाँ देशभरिका पीडित आएपछि प्रसाईंको आत्मबल बढ्यो। र, उनले त्यसैलाई हतियार बनाएर राज्यलाई तर्साउने काम गरिरहेका छन्। उनको दाउ भनेकै राजा फर्काउने हो। तर, पीडित जनताले यो कुरा बुझ्न सकेका छैनन्भने सरकार पनि पीडितलाई आफ्नो पक्षमा ल्याउन उनीहरुलाई छिटोभन्दा छिटो न्याय दिलाउन पहल गर्दैन। यदि सुशीला कार्की सरकारले बैंक, वित्तिय संस्था ठग र मिटरब्याजीहरुलाई कारवाही गर्ने होभने आन्दोलन यत्तिकै तुहिन्छ। दुर्भाग्य, सरकार यसतर्फ चासो नै दिँदैन। आखिर सत्तामा जोसुकै आएपनि गरिबको सरकार केही भएन भन्ने आवाज उठेको छ। बर्तमान सरकारले यसतर्फ ध्यान देला कि ?

# समाचार विविध

## आन्दोलनमा भएको क्षतिको दाबी १६ अर्ब

काठमाडौं। जेनजी आन्दोलनमा भएको क्षतिको माग दाबी १६ अर्ब रहेको थाहाभएको छ। हुलदंगा तथा आतंकवाद सम्बन्धी जोखिमको एक्लैले एकमुष्ट पुनर्बिमा लिएको सरकारी स्वामित्वको नेपाल पुनर्बिमा कम्पनी (नेपाल रि)मा जेनजी आन्दोलनका कारण १६ अर्ब पाँच करोड १३ लाख बराबरको पुनर्बिमा दाबी परेको छ। गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनका कारण निर्जीवन बिमा कम्पनीहरुमा २३ अर्ब २३ करोड ३७ लाख २५ हजार रुपैयाँ बराबरका तीन हजार १८७ वटा दाबी परेका हुन्। त्यसमा निर्जीवन बिमा कम्पनीहरुले नेपाल रिमा १६ अर्ब बराबरको दुई हजार ८६८ वटा पुनर्बिमा दाबी पेशगरेको नेपाल बिमा प्राधिकरणको तथ्यांक रहेको छ। त्यसमा नेपाल रिले बिमा कम्पनीहरुलाई एकअर्ब ९९ करोड २२ लाख अग्रिम भुक्तानी दिइसकेको बताइन्छ। बिमा कम्पनीहरुले पनि बिमितलाई दुईअर्ब ७९ करोड ७४ लाख ४७ हजार रुपैयाँ अग्रिम भुक्तानी दिएका छन्। हुलदंगासम्बन्धी जोखिमको पुनर्बिमा व्यावसाय बाँडफाँट नगर्दा जेनजी आन्दोलनबाट आएको बिमा दाबीमा अधिकांश दायित्व नेपाल रिलाई परेको छ। निजी क्षेत्रबाट स्थापना भएको हिमालयन रि-इन्स्योरेन्सलाई भने यसको कुनै दायित्व परेको छैन। बिमाको पनि बिमागर्नुलाई पुनर्बिमा भनिन्छ। बिमामार्फत लिएको सबै जोखिम कम्पनी एक्लैलाई धारण गर्न वित्तीयरुपमा चुनौती हुन्छ। तसर्थ कम्पनीहरुले केही अनुपातमा जोखिम आफूसँग राखेर बाँकीको पुनर्बिमा गर्छन्, जुन एउटै कम्पनीलाईमात्र नभएर दुई वा सोभन्दा बढी कम्पनीलाई पनि दिन सकिन्छ। पुनर्बिमा कम्पनीले पनि त्यसरी आएको जोखिम आफूलाई मात्रै राख्दैनन्। उनीहरुले पनि पुनर्बिमाको पनि बिमा अर्थात रेट्रोसेसनमार्फत अन्य पुनर्बिमा कम्पनीलाई हस्तान्तरण गर्छन।

## सार्वजनिक ऋण दायित्व २७ खर्ब २४ अर्ब

काठमाडौं। नेपालको सार्बजनिक ऋण दायित्व २७ खर्ब २४ अर्ब पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापनको कार्यालयले सार्वजनिक गरेको एक तथ्यांकअनुसार चालु आर्थिक बर्षको शुरुमा कूल सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब ०४ करोड रहेकोमा गत आश्विन मसान्तसम्ममा ५० अर्ब ६० करोड थप वृद्धि भएको हो। अहिले कूल सार्वजनिक ऋण दायित्व २७ खर्ब २४ अर्ब ६५ करोड पुगेको छ। जुन कूल गार्हस्थ्य उत्पादनको ४४.६१ प्रतिशत हुनआउँछ। कूल सार्वजनिक ऋणमा आश्विन मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३.९ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६.९१ प्रतिशत रहेको सो कार्यालयले जनाएको छ। ऋण व्यवस्थापनको कार्यालयकाअनुसार चालु आर्थिक वर्षमा जम्मा पाँचखर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालनगर्ने लक्ष्य राखिएकोमा आश्विन मसान्त सम्ममा एकखर्ब ८४ कराड ऋण प्राप्तिभएको भनिएको छ। वार्षिक लक्ष्यको तुलनामा कूल सार्वजनिक ऋण प्राप्ति १६.९३ प्रतिशत रहेको छ। जसमध्ये आवाह्य ऋण प्राप्तिको प्रगति क्रमशः २४.८६ र ४.६४ प्रतिशत रहेको छ। कूल सार्वजनिक ऋण प्राप्तिमध्ये आन्तरिक र वाह्य ऋणको हिस्सा क्रमश ८९.२४ र १०.७६ प्रतिशत रहेको छ।

## उद्योग बन्द गराउने प्रयासको निन्दा

काठमाडौं। बर्तमान सरकारले बिद्युत महसुल विवाद सिर्जना गरेर बिभिन्न उद्योगहरुको लाइन काटेपछि सर्वत्र निन्दा र भत्सर्ना हुन थालेको छ। यसैक्रममा कोशी प्रदेश सरकारले उद्योग सञ्चालनगर्ने वातावरण बनाउन कन्द्र सरकारसँग माग गरेको छ। उद्योग बन्द गराउने कार्यले प्रदेशको अर्थतन्त्रमामात्र नभई स्थानीयस्तरमा रोजगारीमासमेत प्रत्यक्ष असर परेकोभन्दै कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले नेपाल सरकारको ध्यानाकर्षण गराउनुभएको छ। मुख्यमन्त्री कार्कीले जारी गर्नुभएको प्रेस विज्ञप्तिमा बिद्युत आपूर्ति बन्द हुनु अस्वाभाविक कदम भएको उल्लेखगर्दै समस्याको समाधान वार्ता र संवादको माध्यमबाट खोज्न सम्बन्धित पक्षलाई आग्रह गर्नुभएको छ। उहाँकाअनुसार करिब दुई दशकदेखि उद्योगी र नेपाल बिद्युत प्राधिकरणबीच डेडिकेटेड फिडर र ट्रङ्कलाइनसम्बन्धी बिवाद रहँदै आएको छ। मुख्यमन्त्री कार्कीले विज्ञप्तिमा मुलुकको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा निजी क्षेत्र हो। बक्यौता विवादका कारण उद्योग बन्दहुँदा अर्थतन्त्र र रोजगारी दुवैमा असर पर्नु स्वाभाविक हो। यस्तो अवस्थामा सरकारले पहल गरेर उद्योग सञ्चालनको सहज वातावरण बनाउनुपर्छ भन्नुभएको छ। मुख्यमन्त्री कार्कीले गत भदौ २३ र २४ गते भएको प्रदर्शनकाक्रममा निजी उद्योग, सुपरमार्केट, कलकारखाना र सञ्चार क्षेत्रमा भएका आगजनी र तोडफोडले लगानीकर्तामा उत्पन्न भएको असुरक्षाबारे पनि चिन्ता व्यक्त गर्नुभएको छ। उहाँले स्वदेशी तथा विदेशी लगानीकर्ताहरु निरुत्साहित हुने परिस्थिति बनेको छ, यसलाई समयमै सम्बोधनगर्न सरकार संवेदनशील बन्नुपर्छ भन्नुभएको छ। राज्य र निजी क्षेत्रबीच यति लामो समयसम्म असमझदारी रहनु दुःखद भएको उल्लेखगर्दै मुख्यमन्त्री कार्कीले उद्योगका बहुआयामिक प्रभावलाई ध्यानमा राखेर समाधान खोज्न नेपाल सरकारलाई आग्रह गर्नुभएको छ।

## स्थानीय योजनामा बजेट अभाव

काठमाडौं। खानेपानीका स्थानीय योजनामा बजेट अभाव देखिएको छ। यसैक्रममा प्राप्त एक समाचारअनुसार पाँचथरमा पालिका तथा वडास्तरमा निर्माण तथा मर्मत भइरहेका खानेपानीका योजनामा बजेट अभाव भएको छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख देवनाथ यादवका अनुसार १३ वटा खानेपानी योजनामा बजेट अभाव भएको हो। केन्द्र सरकारको सशर्त अनुदानमा निर्माण तथा मर्मत भइरहेका फिदिम, लुम्फाबुङ, लुङरुपा, पौवासारताप, खाल्डेखोल्सी, दुर्दिम्बा, सूर्यधन, इम्बुङ, रानीटार, रवि बजार, माङ्जाबुङ, फाक्तेपलगायत खानेपानी योजनामा बजेट अपुग भएको हो। आब ०८२/०८३ मा यी योजनालाई बजेट नभएपछि कार्यालयले प्रदेश खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयलाई पत्राचार गरिएको छ। बाढीपहिरोका कारण खानेपानीका केही योजनामा क्षतिभएको छ। गत आवमा विपद्बाट क्षतिग्रस्त मुख्य १५ वटा योजनाको सोही वर्षभित्र मर्मतका लागि १० करोड बजेट माग गरिएको थियो तर मन्त्रालयले एककरोड बजेटमात्र निकाशा गरेको उहाँले बताउनुभएको छ।

## मन्त्रिपरिषद्को बैठकबाट सुबिधा कटौती

काठमाडौं। देशमा आर्थिक संकट बढ्दै गएपछि मन्त्रिपरिषद्को हालैको बैठकले संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन-०७३ मा फेरबदलगर्ने निर्णय गरेको छ। गतसाता बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले त्यस्तो निर्णय गरेसँगै स्वकीय सचिवालयको दरबन्दीसमेत हट्ने भएको छ। **बाँकी ७ पेजमा**

# गाउँगाउँमा सिंहदरबारको नारा लगाएर जनतालाई झुक्याउने काम

काठमाडौं। नेपालमा गत केही बर्षयता गाउँगाउँमा सिंहदरबारको नारा लगाएर जनतालाई झुक्याउने काम भैरहेको छ। ०७२ असोज तीनगते नेपालको संविधान जारीभयो। संविधानपछि मुलुक संघीयतामा गयो। देशमा तीनवटा सरकार कायम भयो- संघ, प्रदेश र स्थानीय। हाल मुलुकमा सात प्रदेश र ७५३ वटा स्थानीय सरकार छ। सरकारी भवन बनाउने, सरकारी गाडी किन्ने र आफ्ना कार्यकर्तालाई जागिर दिने होडबाजी चल्यो। जनप्रतिनिधि र कर्मचारी जनताका सेवक हुन्। तर, उनीहरु जनताको शासक बन्न खोजे। जनताको काम नगर्ने, सरकारी भवन बनाउने, सरकारी गाडी किन्ने र कमिशन खानेतिर उनीहरु लागे। जनताले कुनै सेवासुविधा नपाएपनि अहिले हरेक स्थानीय पालिका र प्रदेश सरकारको भव्य महलजस्तो प्रशासनिक भवन छ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीले ०८१ सालको माघ १४ गते भक्तपुरको सूर्यविनायक नगरपालिकाको प्रशासनिक भवनको उद्घाटन गरे। सो भवन सरकारी जमिनमा बनेको हो। नगरपालिकाको भवन बनेको ठाउँमा पहिले बालबालिका पढ्ने सरकारी बिद्यालय थियो। बिद्यालय हटाएर नगर पालिकाको भव्य भवन बनाइयो। हाल सो बिद्यालयका बिद्यार्थीलाई वडानम्बर-५ का वडाध्यक्ष राजकुमार जोशीको निवासअगाडि सानो टहरा बनाएर पढाइराखिएको छ। स्कूलको वरपर पहिले पुरै सरकारी जमिन थियो। उक्त जग्गा व्यक्तिले दर्ता गरेर घर बनाइसकेका छन्। बाँकी भएको थोरै जमिनमा स्कूल बनाइएकोमा न बिद्यार्थीलाई खेल्ने ठाउँ छ न बाहिर बस्ने। नगरपालिकाको प्रशासनिक भवन भएको ठाउँमा बिद्यालयको भवननै थियो। त्यो भत्काएर सुशील भैरवथाननिर लगियो। यसको एउटै कारण-कमिशन हो।

यता नगरपालिकाको प्रशासनिक भवन बनाउँदा पनि कमिशन आयो, उता स्कूलबाट पनि। कमिशनकै लागि स्कूलको भइराखेको भवन भत्काएर नयाँ भवन बनाइयो। अर्कोतर्फ २२ करोड रुपैयाँ लागतमा नगरपालिका निर्माण गरेको भनेतापनि पत्यार लाग्न गाह्रो छ। जग्गाबाहेक भवन बनाउन मात्र २२ करोड लाग्छ ? यता, नगरपालिका र सडक डिभिजन वरपरको जग्गा पनि सबै सरकारीनै भएको स्थानीय बताउँछन्। ती सरकारी जग्गामा अहिले ठूल्ठूला भवन निर्माण भएका छन्। भवन बनाउने भन्नेबित्तिकै तम्सिने जनप्रतिनिधि र सरकारी कर्मचारी सरकारी जग्गा खोज्नभने चासो देखाउँदैनन्। मेयर वासुदेव थापा र वडाध्यक्ष जोशीको यो दोश्रो कार्यकाल हो।

दुवै एमाले हुन्भने पेशाले जग्गा दलाली। नगरपालिका र अन्तर्गतका कार्यालयमा जम्मै एमालेका कार्यकर्तामात्र छन्। शिक्षक, स्वास्थ्य कर्मी, नगरप्रहरी, कार्यालय सहयोगीलगायत सबै एमालेका हुन्। यो त एउटा उदाहरणमात्र हो। हरेक पालिकाको कथा यहीँनै हो। जुन पार्टीले जितेको छ, त्यसैको कार्यकर्ताले करार र ज्यालादारीमा काम पाउँछन्। काम नगर्ने, बैठक भत्ता भन्ने, खाजा ल्याउने अनि जनताले तिरेको करमा दर मार्ने। देश संघीयतामा गएपछि यो बेतिथि व्यापक बढेको छ। देशमा जति पनि पार्टी छन्, ती देश बनाउन होइन, सकाउन बनेका हुन्। उनीहरुको दाउ जसरी हुन्छ, राज्यको ढुकुटीबाट मोजमस्तीगर्ने हो। भवन ठड्याएर हुन्छकि गाडी किनेर, उनीहरुले जसरी हुन्छ, राज्यकोषको दुरुपयोगमात्र गरे। अहिले ३८ हजार जनप्रतिनिधि छन्। उनीहरुले ५० हजारदेखि तीन लाख रुपैयाँसम्म तलब खान्छन्। उनीहरुको गाडी, ड्राइभर, इन्धन र अन्य सेवासुविधा छुट्टै छ। अनि देशले धान्छ ? जनताले उनीहरुलाई पाल्न सक्छन् ? २२ करोड रुपैयाँ खर्चगरेर नगरपालिकाको प्रशासनिक भवन बनाउनुको के औचित्य ? भवनले जनतालाई रोजगारी दिन्छ ? राज्यको आम्दानी बढाउँछ ? त्यो २२ करोड उद्योगमा लगानी गरिदिएको भए, कतिले रोजगारी पाउँथे ? सेवासुविधा त जहाँबाट पनि दिन सकिन्छ। एउटा सामान्य भवन बनाएर सेवासुविधा दिन सकिन्छ। सेवासुविधा भवनले होइन, जनप्रतिनिधि र कर्मचारीले दिने हुन्। जनप्रतिनिधि र कर्मचारीहरु विलासित भए। उनीहरुलाई भव्य भवन चाहिने, मँहगा फर्निचरमा एसी लगाएको कोठामा बस्नुपर्ने, जनताको छोराछोरीचाँहि पेटपाल्नका लागि विदेश जानुपर्ने ? बाकसमा प्याक भएर आउनुपर्ने ? यस्ता पनि नेता, जनप्रतिनिधि र सरकारी कर्मचारी ? केपी ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहालले पालोपालो देशलाई दुहुनो गाई बनाए। उनीहरुकै कारणले आज देश र जनता यो अवस्थामा पुगेका हुन्। उनीहरु विलासितामा नरमाएको भए, सायदै जनताको नजरमा यसरी नाङ्गिनुपर्थ्यो होला। ओली, देउवा र दाहालले कहिल्यै आफ्नो नेता भएको धर्म निभाएनन्। अन्य देशका नेता त्यागी छन्। उनीहरु आफूभन्दा अगाडि देश र जनतालाई राख्छन्। तर, हाम्रो देशको नेता जसरी हुन्छ, राज्यको ढुकुटी लुट्ने अनि मोजमस्ती गर्नतर्फ लागे। सरकारी भवन, सरकारी गाडी, फर्निचरहरु विलासित वस्तु हुन् र यसमा लगानी गर्नुहुँदैनभन्ने कुरा नेताले कहिल्यै सोचेनन्। जनताले तिरेको करको सही सदुपयोग गर्नुपर्छ, जनतालाई यही रोजगारी दिनुपर्छ, आम्दानीको श्रोत खोज्नुपर्छ भन्ने कुरा कहिल्यै उनीहरुको दिमागमा आएन। उनीहरु त जनताले तिरेको कर पनि खाने, रेमिट्यान्स पनि सकाउने, नपुगे विदेशी ऋण ल्याएर मोजमस्ती गर्नतर्फ केन्द्रित भए। त्यसले के भयो ? आज आफैं भाग्नुपर्ने स्थिति आयो कि आएन ? मान्छेले एक रुपैयाँ लगानी गरेर अर्को एक रुपैयाँ कमाउँछ। लगानी पनि यस्तो ठाउँमा गर्छ कि जसले प्रतिफल दिन्छ। तर, सरकारको लगानी सबै भवन, गाडी र फर्निचरमा सीमित भयो। जेनजीले भदौ २३ र २४ गते प्रदर्शन गर्‍यो। करोडौं रुपैयाँ हालेर किनेको गाडी अब फलाममात्र बाँकी छ। दुईरुपैयाँ किलो पनि बिक्री नहुने स्थिति आयो। भवनहरु खरानी बनेको छ। भवनसँगै मँहगा फर्निचर, सोफा, पर्दा, बिद्युतीय उपकरण जल्यो। सरकारको ठूलो लगानी वालुवामा पानी बन्यो। आफूलाई अर्थविद् दाबीगर्नेहरु यत्तिकै छन्। उनीहरुले बेलैमा सरकारलाई सचेत गराउनुपर्छकि पर्दैन ? यस्तोमा लगानीगर्दा देश सकिन्छ भनेर उनीहरुले सम्झाउनुपर्दैन ? जनताले तिरेको कर त सकियो, उता विदेशी ऋण ठाडै **बाँकी ७ पेजमा**

## मन्त्रिपरिषदको...

संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन-०७३ को अनुसूची २ मा सभामुख र राष्ट्रिय सभा अध्यक्षले तीनजना स्वकीय सचिव राख्न पाउने व्यवस्था छ। त्यसैगरी प्रतिनिधिसभामा विपक्षी दलका नेता, उपसभामुख र उपाध्यक्षले एकएक जना स्वकीय सचिव, राष्ट्रिय सभामा विपक्षी दलका नेता, सत्ता पक्षको नेता र सत्ता पक्षको मुख्य सचेतकले एकएक जना स्वकीय सचिव राख्नपाउने व्यवस्था छ। सो अनुसूचीमा विपक्षी दलको प्रमुख सचेतक, सत्तापक्षको प्रमुख सचेतक र सभापतिले एकएक जना स्वकीय सचिव राख्न पाउने व्यवस्था छ। त्यसैगरी दलको प्रमुख सचेतक, विपक्षी दलका सचेतकले एकजना स्वकीय सचिव राख्नपाउने व्यवस्था छ। यसका अलवा प्रतिनिधिसभाका सबै सांसदले एकएक जना अधिकृतस्तरको स्वकीय सचिव राख्न पाउने व्यवस्था सो ऐनले गरेको छ।

## गाउँ.

छ। त्यो कहाँबाट ल्याएर तिर्ने ? जनताले जन्मिदाँ पनि कर तिरेका छन्, मर्दापनि कर तिरेका छन्। कर तिर्दातिर्दै जनताको ज्यान सकियो। जिन्दगीभर खाईनखाई तिरेको कर २७ घण्टामै खरानी भयो। विदेशी ऋण २९ खर्ब ४२ अर्ब पुगिसकेको छ। त्यसको सावाब्याज कहाँबाट ल्याएर तिर्ने ? निर्माण व्यवसायीको ४५ अर्ब, उखु किसानको सातअर्ब र कोरोना बीमा गरेका अस्पतालको २४ अर्ब भुक्तानी दिन बाँकी छ। उनीहरु रुँदै हिँडेका छन्। सरकारले भुक्तानी नदिँदा बैंकले उनीहरुको धितो लिलाम गरिदिएका छन्। सुशीला कार्की प्रधानमन्त्री भएको दुई महिना पुगेको छैन। तर, उनले १४ अर्ब विदेशी ऋण लिइसकेकी छिन्। सरकारले कुनैपनि खर्च कटौती गर्न सक्दैन। देश विषम परिस्थितिमाहुँदा सरकारले न खर्च कटौती गर्छ न आम्दानीको श्रोत गर्छ। अनि देश कसरी चल्छ ? विगतको सरकारले केही गर्न सकेन र त्यत्रो आन्दोलन गरेर नयाँ ल्याइयो। तर, नयाँको पारा पनि पुरानोजस्तै छ। देश विदेशीको हातमा पुगिसकेको छ। यो अब जनताले बुझ्नुपर्छ। यदि नबुझ्ने होभने नेपाल नेपाली भन्ने कुरा इतिहासमा मात्र अंकित हुने अवस्था आउनसक्छ।

## मन..

ल्याएर गायक बनाइदिनुभयो। म यसरी चिनिनु गायक बुढाथोकीकै देन हो। यो कथाले मेरो संघर्ष देखाएर प्रेरणा पनि दिन्छ, र म जस्ता सडक बालकलाई सपना देखाउन तथा गन्तव्यमा पुऱ्याउन प्रेरित गर्छ भन्नुभयो। बुढाथोकीको निर्देशनसँगै कथा लेखन रहेको चलचित्र मन विनाको धनमा पटकथा र संवाद शिवम अधिकारीले लेख्नुभएको छ। उक्त चलचित्र आगामी २१ गतेदेखि नेपालसँगै विदेशका केही स्थानमा प्रदर्शन हुने भनिएको छ।

## चुनावका....

व्यवस्था छ। तर, भोटका लागि भक्तपुर नगरपालिकाले कर लिँदैन। क्षेत्र नम्बर एकको कुनैपनि पसल दर्ता छैन। दर्ताबेगरनै पसल सञ्चालनगर्न दिइरहेको अवस्था छ। आफ्नो कार्यकर्तालाई मात्र उनीहरुले जागिर दिन्छन्। सडकमा कुचो लगाउनेदेखि नगरपालिकामा कार्यरत करार, ज्यालादारीका कर्मचारी आफ्नै पार्टीको राखेका छन्। ठेक्कापट्टा पनि आफ्नै कार्यकर्तालाई दिन्छन्। जो आफ्नो कार्यकर्ता छैन वा आफ्नो पार्टीलाई मतदान गर्दैनन, तिनलाई त नेमकिपाले जन्मदर्ताको सिफारिस पनि दिँदैन। जुन कुरा सार्वजनिक पनि भएको थियो। एक नम्बर क्षेत्रमा प्रायः बाहिरी जिल्लाका मान्छेले घर बनाएका छन्। उनीहरु विगतमा काँग्रेस, एमाले, माओवादीलगायत पार्टीका कार्यकर्ता थिए। यहाँ जग्गा किनेर घर बनाएपछि उनीहरु नेमकिपानै बनेका छन्। यहाँको भोटलिष्टमा नाम लेखाएपछि अनिवार्य नेमकिपानै बन्नुपर्छ। नत्र राज्यबाट पाउनुपर्ने सेवासुविधाबाट समेत वञ्चित गरिन्छ। वडानम्बर एक, सल्लाघारी आर्मी व्यारेकको दायाँ बायाँ, चोङ्गागणेश मूनि, दुवाकोटको टेम्पो पार्क जाने टर्निङ, हनुमन्तेखोला वरपर, सिर्जनानगरलगायतका जग्गा ०२१ र ०२८ सालमा नापीहुँदा सरकारी, ऐलानी, गुठी भनि कायम गरिएको छ। तर, नेमकिपाले आफ्ना कार्यकर्तालाई ती जग्गा कब्जागर्न लगायो। जम्मै व्यक्तिको नाममा लगियो र बेचियो। ७६ जिल्लाका बासिन्दाले यहाँ जग्गा किनेर घर बनाएका छन्। हाल सो जग्गा सरकारी सम्पत्ति रहेको खुलेपछि घरधनीहरुको रातमा निद्रा न दिनमा भोकभएको छ। जिन्दगीभर कमाएको, गाउँघरको घरजग्गा बेचेर ल्याएको पैसा फस्यो भनेर उनीहरु चिन्तित बनेका छन्। सल्लाघारीको चौरअगाडि तीनवटा ढुंगेधारा पुरेर विकुलाल खिँउजुले घर बनाएका छन्। सल्लाघारी चौरकै जग्गा पनि सबै व्यक्तिको नाममा गइसकेको छ। नेमकिपाको पोल खुल्दैगएको छ। जसका कारण उनीहरुलाई आगामी निर्वाचनमा जित्न निकै मुश्किल छ। भनिन्छ नि सत्य लुक्दैन, झुठ डग्दैन। यही नियति नेमकिपाले भोग्दै छ। सबैभन्दा ठूला जनता हुन्। जब जनताले नेताको भित्री कुरा बुझ्छन्, तब नेताको राजनीतिक सकिन्छ। आफ्ना भविष्य कस्तो रोज्ने ? यो जनताको हातमा छ। सही प्रतिनिधि छानेभने विकास पनि हुन्छ, जिल्लाको नाम पनि रहन्छ। सही प्रतिनिधि छान्न सकिएन भने न विकास हुन्छ न जनताको नियति फेरिन्छ। सरकारले चुनाव गराउँदैछ, कस्तो व्यक्तिलाई आफ्नो प्रतिनिधि छान्ने ? जनताको कुरा हो। **(लेखमा उल्लेख भएका बिचार लेखकका निजी हुन्।)**

## दक्षिण..

वाङ यीले बहुध्रुवीय संसारको आगमनलाई स्वागतगर्दै वाशिंटनको नीतिबाट विश्व बजार अस्थिर भएको आरोप लगाउनुभएको छ। बेइजिङमा आयोजित एक फोरममा सम्बोधनगर्दै वाङले आर्थिक र व्यापारिक विषयलाई राजनीतिकरणगर्नु, विश्व बजारलाई कृत्रिमरुपमा विभाजनगर्नु र व्यापार युद्ध तथा कर युद्धको सहारा लिनु विश्व अर्थतन्त्रका लागि घातक छ भन्नुभएको थियो। उहाँले सम्झौताबाट पछिहट्ने, प्रतिबद्धताहरु तोड्ने र गुटबन्दी राजनीतिगर्ने प्रवृत्तिले बहुपक्षवादलाई अभूतपूर्व चुनौती दिएको छ। तर इतिहासको प्रवाह उल्ट्याउन सकिँदैन – बहुध्रुवीय संसार निश्चित रुपमा आउँदैछ भन्नुभएको थियो। राष्ट्रपति ट्रम्पले गतसाता आइतबारबाट एशियाली भ्रमण शुरुगर्नुभएको थियो। यो दक्षिण कोरियामा राष्ट्रपति सी जिनपिङसँग हुने प्रत्यक्ष वार्तासँग समाप्त हुनेछ। यो वार्ता जनवरीमा ट्रम्पले दोश्रो कार्यकाल शुरुगरेपछि दुई नेताबीच हुने पहिलो आमनेसामने भेट हो। यसअघि अमेरिकी अर्थमन्त्रि स्कट बेसेन्ट र चिनियाँ उपप्रधानमन्त्रि हे लिफेङबीच दुई दिन लामो व्यापार वार्ता सम्पन्न भएको थियो। वार्तामा नोभेम्बर एकदेखि लागू हुनलागेको १०० प्रतिशत अतिरिक्त कर टार्नेबारे छलफल भएको थियो। चीनका उप-वाणिज्य मन्त्रि ली चेङ्गाङले वार्ताबाट प्रारम्भिक सहमति मा पुगेको जानकारी दिनुभएको छ। उता अमेरिकी अर्थमन्त्रि बेसेन्टले एबिसी समाचारसँग कुरागर्दै उक्त अतिरिक्त शुल्क अस्थायीरुपमा स्थगित गरिएको र दुर्लभ पृथ्वी खनिज तथा अमेरिकी सोयाबिन निर्यातका विषयमा सहमति नजिकिएको संकेत गर्नुभएको छ। गतसाता अमेरिका र चीनबीच व्यापार वार्तामा हाशिल भएको प्रगतिप्रति लगानीकर्ताहरुले देखाएको हर्षोल्लासका कारण गतसाता एशियाली सेयर बजारहरुमा उल्लेखनीय वृद्धि भएको थियो। उक्त सफलतालाई विश्वको सबैभन्दा ठूलो व्यापार बिवाद थप बढ्ने सम्भावनाबाट जोगिएको संकेतका रुपमा लिइएको छ। अमेरिकी अर्थमन्त्रि स्कट बेसेन्टले केही दिनअघि मलेसियामा सम्पन्न वार्तापछि दिएको वक्तव्यमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ वस्तुहरुमा थप १०० प्रतिशत भन्सार शुल्क लगाउने योजना अब प्रभावकारीरुपमा टेबलबाट हटाइएको बताउनुभएको छ। बेसेन्टले एबिसी न्युजसँगको अन्तर्वार्तामा शुल्कहरु हटाइने बताउनु भएको थियो। उहाँकाअनुसार चीनले दुर्लभ पृथ्वी तत्वहरुको निर्यात नियन्त्रण ढिलाइगर्न र पर्याप्त मात्रामा अमेरिकी सोयाबिन खरिदगर्न सहमति जनाएको छ। चिनियाँ उपप्रधानमन्त्रि हे लिफेङले वार्तालाई स्पष्ट, गहिरो र रचनात्मक बताउँदै भन्सार शुल्क, निर्यात नियन्त्रण र फेन्टानिल नियन्त्रण सहयोगका विषयमा प्रारम्भिक सहमतिमा पुगेको जानकारी दिनुभएको छ। यसरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूले आफैलाई कागजी बाघ भएको प्रमाणित गराउनु भएको छ। विश्वका शक्ति राष्ट्रहरुकाबीचको साँढे जुधाईले साना राष्ट्रहरुलाई त्रास सिर्जना गरेको थियोभने उनीहरुको मिलनले बिश्व शान्तिमा बल दिने देखिएको छ।

गरिएको छ। विश्वका १२० भन्दा बढी देशका एकलाख २० हजार बढी शान्ति सैनिक राष्ट्रसंघमार्फत १४ वटा मिशनमा रही विश्वका बिभिन्न द्वन्दरत मुलुकमा शान्ति स्थापनाका लागि अहोरात्र खटिरहेका छन्। शान्ति स्थापनार्थ सैन्य परिचानका लागि राष्ट्रसंघको मुख्य आर्थिक श्रोतभनेको प्रतिवेदनमा जब बिभिन्न आपदाहरु एकैपटक वा बारम्बार आउँछन्, तिनीहरुले पहिलेको समस्याहरुलाई अझ जटिल बनाउँछन् भनिएको छ। सो प्रतिवेदनमा गरिबी र जलवायु संकट सँगसँगै बढिरहेका छन् र यो एक वैश्विक चुनौती बनिसकेको उल्लेख छ। यो अवस्थाले विकासका प्रयास हरुलाई खतरा पुऱ्याएको छ। दक्षिण एशियामा गरिबी विरुद्धको लडाइँमा प्रगति भएपनि यसका ९९.१ प्रतिशत गरिब मानिस कम्तिमा एक जलवायु जोखिमको सामना गरिरहेका छन्। प्रतिवेदनमा यस क्षेत्रले फेरि नयाँ मार्ग बनाउनुपर्छ, जसले गरिबी न्यूनीकरण र नवप्रवर्तनात्मक जलवायु क्रियावली बीच सन्तुलन कायम राख्छ भनिएको छ। पृथ्वीको सतहको तापक्रम तीव्र गतिमा बढ्दैगइरहेको छ र यसले आगामी दिनहरुमा स्थिति अझ जटिल बनाउन सक्नेछ। विज्ञहरुले आजका गरिब देशहरु सबैभन्दा बढी प्रभावित हुने चेतावनी दिएका छन्। यसरी बिश्वका बिभिन्न गतिबिधिको अध्ययन र निगरानी गरिरहेको राष्ट्रसंघले बिश्वको अवस्था बिकराल बन्दैगएको देखाएको छ। जुन आजका सन्दर्भमा सबैका लागि बिचारणिय बिषय भएको छ।

## नेपाल....

भूकम्पले भत्काएको खासामा मर्मत भइरहेको छ। तातोपानी मितेरीपुलबाट खासा बजार नौ किमि र खासाबाट नेलाम ३५ किमि दूरीमा पर्छन्। नेपालीले खरिद गरेका सामानहरु नेलामसम्म ल्याएपछि त्यहाँको प्रशासनले खासाहुँदै ४४ किमि नेपालतर्फ तातोपानी पठाउने मालवाहक कन्टेनरको संख्या सीमित गर्दैआएको छ। नेलामसम्म सामान ल्याउन दिएपनि तातोपानी नाका पठाउनभने आलटाल गरिँदैआएको जानकारहरुको भनाई छ। चिनियाँ ट्रान्सपोर्ट कम्पनीका कन्टेनरहरुले नेपाल पैठारीगर्ने सामान तातोपानीस्थित मितेरी पुलपारिसम्म मात्र ल्याउने गरेका छन्। त्यसपछि नेपाली कन्टेनरले तातोपानी भन्सारको लार्चास्थित सुख्खा बन्दरगाहमा ल्याउँछन्। भूकम्प, बाढीपहिरो र कोरोनाका कारण झण्डै एक दशकदेखि सहजरुपमा सञ्चालन हुन नसकेको तातोपानी नाकाबाट गरिने व्यापार यो वा त्यो बहानमा सधैं अस्थिर हुनेगरेको नेपाली व्यवसायीहरुको गुनासो रहेको छ।

## सर्बपक्षीय....

अप्रिय परिस्थिति आउनसक्ने चेतावनी दिनथालेको देखिएको छ। सरकारका मन्त्रीहरुको समग्र कार्यक्षमता र गतिमा ढिलाइ तथा जेनजी समूहबाट मन्त्री चयनको विषयमा पनि असन्तुष्टिहरु व्यक्त हुन थालेका छन्। उपरोक्त सबै कुराहरुलेगर्दा बर्तमान सरकार जेनजी भनिने समूहहरु र बिघटित संसदका दलहरुका बीचमा त्रिपक्षीय खिचातानी बढेर गएको देखिएको छ। जसले देशमा सहजै शान्ति स्थापना हुननसक्ने संकेतहरु गरेका छन्। हालसम्मका घटनाक्रमहरुलाई हेर्दा यदि सर्बोच्च अदालतबाट संसदको पुनर्स्थापना भयोभने प्रतिनिधिसभाको बैठक आयोजना गरी प्रमुख दलहरुकै नयाँ सरकार गठन गरेर अगाडि बढ्नु सबैभन्दा महत्वपूर्ण बिकल्प हुने देखिएको छ। त्यसैलाई सर्बदलीय सरकार बनाएर आगामी ०८४ को निर्वाचनको तयारी गर्नु/गराउनु बढि उपयुक्त हुन्छ।

## एकातिर..

महासचिव रहेकै अवस्थामा पार्टीको औपचारिक बैठक गरेर माओ बिचारधारा परित्याग गरेको निर्णय गरिएको थियो। पछिल्लो पटक माओवाद मान्ने पार्टीसँग एकतागर्ने प्रयास गरिएपछि सो पार्टीमा पुनर्गठनको माग तीब्रभएको छ। अब राष्ट्रिय सम्मेलन गरेर दल दर्ताको समयअघिनै पार्टी एकता घोषणा हुने प्रचारगर्न थालिएको छ। जबकी निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने भनिएको निर्वाचनका लागि मंसिर १० गतेसम्मको समयसीमा तोकेको छ। एकीकृत समाजवादीका कतिपय नेताहरुले अध्यक्ष माधव नेपालले आन्दोलनलाई धोका दिएको टिप्पणीगर्न थाल्नुभएको छ। के भनिन्छ भने माओवादी केन्द्र र एकीकृत समाजवादीको एकतापछि बन्ने पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद र लेलिनवादमात्र रहने छ। त्यसैगरी पार्टीको नाम नेकपा (समाजवादी) हुने सम्भावना छ। निर्वाचन आयोगमा पहिलेनै नेकपा समाजवादी दर्ता भएकाले त्योसँग एकता गरेर उक्त नाम राखिने भएको हो। एकतापछि चुनाव चिन्ह कलम राख्ने सहमति पनि भएको छ। पुष्पकमल दाहालले एमालेबाट फुटेर बनेको एकीकृत समाजवादीसँग पार्टी एकता गरेर माओवाद छाड्ने भएपछि नेत्रबिक्रम चन्द नेतृत्वको समूहले माओवादी केन्द्रसँग पार्टी एकता नगर्ने औपचारिक घोषणा गरेको छ। जनयुद्धकालीन माओवादीका अधिकांश नेता तथा कार्यकर्ता रहेको भनिएको क्रान्तिकारी कम्युनिष्ट पार्टीले पुष्पकमल दाहालहरुले गराएको दोश्रो संविधान सभा र त्यसयताका कुनैपनि निर्वाचनमा भाग लिएको छैन। त्यसैगरी सो पार्टीले माओवादी केन्द्रलाई दक्षिणपन्थी संसदवादी पार्टी र पुष्पकमल दाहाललाई प्रतिक्रियावादी खेमाका अवसरवादी नेता भएको ठहर गरेको छ। सो पार्टीले ०७२ को संविधानलाई हाल देशमा बिद्यमान सबै समस्याहरुको जड भएको औपचारिक ठहर पनि गरेको छ। जबकी ०७२ को संविधानलाई पुष्पकमल दाहालहरुले आफ्नो महान उपलब्धी भएको बताउँदै आउनु भएको थियो। गत भदौ २७ गते संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्तगरेर त्यसरी नियुक्त प्रधानमन्त्रिको एकल सिफारिसमा संसदनै बिघटनगरी ०७२ को संविधानको खास मर्ममाथि प्रहारहुँदा दाहालले आफ्नै सल्लाहमा उक्त निर्णय भएकोभन्दै स्वागत गर्नुभएको थियो। यसरी नेपालमा हेर्दा र सुन्दा कम्युनिष्ट पार्टी भनिए पनि कतिपय समूहहरु कम्युनिष्टलाई नै अलग, थलग बनाउनेमा लागेका छन्। कुनै बेलाका चर्चित माओवादी नेता डा. बाबुराम भट्टराईले त नेपालमा आगामी १५ बर्षमा कुनैपनि कम्युनिष्ट नामका पार्टी नरहने घोषणा गरेको दुईबर्ष बितेको छ। यो नेपालको कम्युनिष्ट राजनीतिको भित्री र संश्लेषण लायक बिषय भएको छ।

## बिभिन्न..

गरेको इतिहास छ। दक्षिण अमेरिकाको एन्डिज क्षेत्रमा क्वेना (बांसुरी) र चारांगो (सानो गिटार) जस्ता वाद्यवादनको प्रयोग गरि ध्वनि चिकित्साको प्रयोग भएको पाइन्छ। उत्तर अमेरिकी संस्कृतिहरुमा ध्वनि उपचारका लागि ड्रम (ढोल)को प्रयोग गर्ने परम्परा छ। त्यहाँका आदिवासी यस्तो ध्वनिले शरीर, मन र आत्माको शुद्धि हुन्छ भन्ने मान्छन्। उत्तरी अमेरिकाको आर्कटिक क्षेत्रहरुमा इनुइट गाउने परम्परा छ। यी अभ्यासले मानिसभित्र सन्तुलन कायम गर्न सघाउँछ। युरोपमा पनि ध्वनि उपचारको इतिहास शताब्दीऔंदेखि अभ्यासमा छ। रोमका पारम्परिक बाथ हाउस (स्नानघर) हरुमा संगीत र ध्वनि सुन्ने चलन नै थियो। मध्यकालीन र पुनर्जागरण अवधिमा क्रिश्चियन चर्चहरुले युरोपमा ध्वनिको प्रयोगलाई आकार दिन महत्वपूर्ण भूमिका खेले। अफ्रिका महादेशमा पनि ध्वनि उपचारको इतिहास त्यहाँको विविध संस्कृति र परम्पराहरुसँग जोडिएको छ। ड्रम बजाउने काम अफ्रिकाभरि आज पनि ख्यातिमा छ। आध्यात्मिकताका लागि अनुकूल वातावरण सिर्जना गर्ने धार्मिक स्थान निर्माण गर्दा ध्वनिलाई पनि सावधानीपूर्वक समावेश गर्ने चलन आज पनि संसारमा छ। त्यहाँ ड्रम, जप र संगीतले पुर्खासँग कुराकानी गर्न सहयोग गर्ने र तिनीहरुबाट मार्गदर्शन र आशीर्वाद प्राप्त हुने जनविश्वास छ। भाषा नबुझे पनि ध्वनि बुझ्न सहज छ। भाषा र धर्मको सीमाभन्दा ध्वनि धेरै माथि छ। ध्वनि सर्वव्यापी छ। सहि तरिकाले ध्वनि ग्रहण गर्न जाने स्वस्थ रहन कुनै समस्या हुँदैन। सन् १८३९ मा पुसियाका भौतिकशास्त्री हेनरिक विल्हेम डोभले मानिसको स्नायु प्रणालीमा बाइनोरल बिट्सको प्रभाव पत्ता लगाए। त्यतिबेला ध्वनि चिकित्सामा ठूलो वैज्ञानिक सफलता थियो। त्यस्तै सन् १८९६ मा अमेरिकी चिकित्सकले सङ्गीतले रक्तप्रवाह र विचार प्रक्रियाहरु सुधार गर्न सक्ने कुरा पत्ता लगाए। ब्रिटिस ओस्टियोप्याथ सर पिटर गाय म्यानर्सले १९५० को दशकमा शरीरका कोशिकाहरुलाई निको पार्न सहयोग गर्ने ध्वनि कम्पन मेसिनको विकास गरे। १९औं शताब्दीमा सङ्गीतको चिकित्सकीय प्रयोगहरुमा झनै चासो बढ्न थाल्यो। नर्स फ्लोरेन्स नाइटिंगेल सङ्गीतले बिरामीको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने मान्यता राख्थिन्। सोही अनुरुप सङ्गीत थेरापी क्षेत्रको उदय भयो। बीसौं शताब्दीको मध्यतिर मानिसहरुले वैकल्पिक उपचारको खोजगर्न थाले। यस अवधिमा ध्वनिको चिकित्सकीय सम्भावनालाई लिएर नयाँ अध्ययन र अनुसन्धानक थालिए। गाउने कचौरा, गोङ्ग र अन्य उपकरणहरुको प्रयोगलाई लिएर अन्वेषण पनि गरियो। त्यसपछि संगीत थेरापीले व्यावसायिक मान्यता पायो। बीसौं शताब्दीको उत्तरार्द्ध र २१औं शताब्दीको प्रारम्भमा ध्वनि चिकित्सा वैकल्पिक उपचार अभ्यासमा झन् लोकप्रिय बन्न थाल्यो। विश्वका सबै धर्म, दर्शन र विज्ञान एक बुँदामा सहमत छन् सृष्टि ध्वनिबाट प्रारम्भ भएको हो। ध्वनि उपचारले शरीरको ऊर्जा क्षेत्र र चक्रहरुसँग सीधा सरोकार राख्छ। जब ऊर्जा क्षेत्र र चक्र सन्तुलित हुन्छ मानव शरीर स्वस्थ बन्छ त्यसपछि शरीरले स्वतः आफ्नो प्राकृतिक उपचार क्षमतालाई अभिवृद्धि गराउँछ। जब मानिस तनावमा हुन्छ उसलाई भावनात्मक आघात पुग्छ। शरीरका महत्वपूर्ण ऊर्जा क्षीण भएर जान्छ। त्यसले रोगविरुद्ध लड्ने प्रतिरक्षा प्रणालीलाई कमजोर बनाउँछ। शरीरले बिभिन्न रोगलाई आमन्त्रित गर्छ। शरीर रोगप्रति संवेदनशील बन्न पुग्छ। प्राकृतिक रुपमा आपसेआप निको पार्ने शक्ति मानिसको शरीरमा छ। तर ऊर्जाको अभावमा मानिसले त्यो शक्ति गुमाउँछ। यस्तो बेला ध्वनि उपचार वरदान सावित हुन्छ। ध्वनि उपचारले मस्तिष्क र स्नायु प्रणालीलाई प्रभाव पार्न विशेष तरंगको प्रयोग गर्छ। सोही तरंगको फ्रिक्वेन्सीले मस्तिष्क र स्नायु प्रणालीलाई सन्तुलनमा ल्याउँछ। शरीरका ऊर्जा क्षेत्रहरुमा सन्तुलन पुनःस्थापित गर्छ। यसरी शरीर र मनमा रहेका अनेकौं विकारलाई ध्वनि उपचारबाट निराकरण गर्न सकिन्छ। ध्वनि उपचारमा सर्वाधिक प्रयोग हुने विधि भनेको साउण्ड बाथ (ध्वनि स्नान) हो। यो सामान्य प्रकारको ध्वनि थेरापी हो, जसमा चिकित्सकले एक वा बढी ध्वनि कचौरा बजाएर उपचार गर्दछन्। तिब्बती गाउने कचौरा, मन्दिरका घण्टीहरु र सोही प्रकृतिका वाद्ययन्त्रहरुको सहायताले ध्वनि स्नान गरिन्छ। ध्वनि स्नानले क्रोध, रिस, चञ्चलता, ईर्ष्या जस्ता खराबीबाट छुटकारा दिन्छ। मन र शरीरलाई स्थिर र चङ्गा राख्छ। ध्यानपूर्वक सुन्ने हो भने हरेक ध्वनिको लय, चर्कोपना, आवाज र टोनमा भिन्नता हुन्छ। ध्वनि स्नानले ध्यानको अवस्थामा प्रवेशमात्र गराउँदैन यसले मोक्षको बाटोमा हिड्न सघाउँछ। ध्वनि उपचारको अर्को तरिका भनेको ध्वनि गुञ्जन हो। प्रकृतिले सबै मानिसलाई गुनुनाउने क्षमता दिएको छ। गुनुनाउनु आफैमा पनि प्राकृतिक उपचार हो। ध्वनि गुञ्जन नाद चिकित्सा पद्धतिको एउटा हाँगा हो। ध्वनि गुञ्जनमा आँखा र मुख बन्द गरेर सात चक्रका सात वीज मन्त्र गुनुनाउनुपर्छ। यसले मानिसमा सकारात्मक तरंग पैदा गर्दछ। ध्वनि गुञ्जनको कम्पनले शरीरमा बिभिन्न हर्मोनको उत्पादन गर्न भूमिका पनि खेल्छ। माइग्रेन, टाउको दुखाइजस्ता समस्याको उपचारमा यो पद्धति लाभदायक छ। बिर्सने, डराउने र लाज लाग्ने जस्ता कमजोरी हटाउन पनि यो पद्धतिको उपचार प्रभावकारी मानिन्छ। ध्वनि उपचारमा भजन कीर्तनको पनि महत्वपूर्ण स्थान छ। बिभिन्न अनुष्ठान तथा रामरमीतामा आयोजित लयात्मक ध्वनिले पनि मान्छेको भावनालाई सवाल बनाउने काम गरिरहेको हुन्छ। मनमा एकाग्रता र करुणा विजारोपण गर्न यस्ता ध्वनि शक्तिशाली रुपमा देखा पर्छन्। भाइब्रेसन/कम्पन थेरापी अर्को ध्वनि उपचार विधि हो, जसले शरीरको प्राकृतिक उपचार प्रतिक्रियालाई सक्रिय गराउन मद्दत गर्छ। ध्वनि उपचारको अर्को विधि साउण्ड स्पा हो। यसलाई भाइब्रेसन साउण्ड वा ध्वनि मसाज पनि भनिन्छ। यसमा राम्रो कम्पन निकाल्ने कचौरालाई शरीरका मांसपेशीमाथि राखेर हिर्काउने वा घोट्ने गरिन्छ। यसले बेचैनी, टाउको दुखाइ र शरीरका बिभिन्न भागका दुखाइबाट मुक्ति दिन्छ। शरीरमा थरीथरीका पीडा हुन्छन्। पीडामा मस्तिष्कले शरीरका निश्चित हर्मोनको उत्पादनलाई रोक्न सङ्केत गर्छ। जब राम्रो ध्वनि तरंगले शरीरलाई स्पर्श गर्छ शरीरमा व्याप्त भड्काऊ हार्मोनहरुको प्रभाव स्वतः कम हुँदै जान्छ। ध्वनिले चेतन मनको गतिलाई कम गराउँछ। जसकारण मानिस परमानन्दको स्थितिसम्म पुग्न सक्छ। ध्वनिकै बलमा साधकहरुले मोक्ष पनि पाउन सक्छन्। महापरीनिर्माणको अनुभूति गर्न सक्छन्। तनाव, क्रोध, रिस र भय मनबाट हटाउन, माया, मोह, लोभ र कामना बढाउन ध्वनि सबैभन्दा उपयुक्त माध्यम हो। बिभिन्न आवाजका कारण शरीरमा एन्डोर्फिन, सेरोटोनिन, डोपामाइन, अक्सिटोसिन र नोरेपाइनफ्रिन जस्ता रसायन उत्पादन हुन्छ। यी रसायनले बिभिन्न भाव सञ्चार गर्न मद्दत गर्छन्। रक्तचाप र हृदयको गति पनि सन्तुलनमा ल्याउँछन्। ध्वनिको प्रयोगले आफ्नो भावना माथि नियन्त्रण लिन सकिन्छ। यसले धैर्य गर्ने क्षमतामा विकास गराउँछ। मान्छेमा आत्मविश्वास बढ्छ। ध्वनि चिकित्सा भनेको शरीर, मन र आत्मालाई पुनः सामञ्जस्यमा ल्याउने कम्पन आधारित उपचार विधि हो। यो तनमय शरीर र मनमय शरीरको उपचारगर्ने प्रभावकारि उपचार पद्धति हो। मानव शरीर आफैं कम्पनशील ऊर्जा प्रणाली हो। शरीरको प्रत्येक अंग, कोष र नसाहरु एक निश्चित आवृत्तिमा कम्पन गरिरहेका हुन्छन्। जब कुनै कारणले त्यो कम्पन असन्तुलित हुन्छ, त्यहाँ रोगको बीउ रोपिन्छ। ध्वनि चिकित्सामा स्वर-कम्पन,साउण्ड बाउल, सिङ्गिङ बाउल, गङ, ट्युनिङ फोर्कजस्ता माध्यम प्रयोग गरेर शरीरभित्रको ऊर्जा प्रवाह पुनः सन्तुलित गरिन्छ। यी ध्वनिहरुले शरीरका सात प्रमुख चक्र मूलाधारदेखि सहस्रार चक्रसम्म सीधा प्रभाव पार्छन्। नेपाल ध्वनि र ध्यानको पवित्र भूमि हो। हिमालयको मौनता र प्राचिन परम्पराका सिङ्गिङ बाउलहरु यहीँ जन्मेका हुन्। आज विश्वभर ध्वनि चिकित्साको माग बढ्दो छ, तर यसको श्रोत भूमि नेपाल हो भन्ने कुरा धेरैलाई थाहा छैन। नेपालले विश्वलाई बुद्धको शान्तिको सन्देश दियो, अब ध्वनिद्वारा स्वास्थ्य र चेतनाको सन्देश दिन सक्छ। रासस

(लेखक ध्वनि उपचार विशेषज्ञ हुनुहुन्छ)